# अध्याय–एक

# शोधपरिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँपत्रको प्रयोजनका निम्ति तयार गरिएको छ ।

## १.३ विषयपरिचय

लोकगीत 'लोक र गीत' गरी दुई वटा शब्दको योगबाट बनेको छ । आदिम कालदेखिनै जनको पर्यायवाची शब्दकोरूपमा लोक शब्दको प्रयोग भएको पाइन्छ । तर समयको परिवर्तनसँगै यसले जगत, प्रदेश, जनता, समाज जस्ता विभिन्न अर्थहरूलाई ग्रहण गर्दै आएको छ । यसरी लोकजीवनको सुख–दुःख, हाँसो, खुसीका साथसाथै चाल चलन र व्यवहारको चित्रण गर्ने काम लोक गीतले गरेको छ । लोकगीत भन्नाले लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । लोकगीत लोकजीवनका आस्था र निष्ठामा अभिव्यस्त हुन्छन् । लोकगीतहरू चिन्तन मननका कारणबाट सहज सरलरूपले समाजमा हस्तान्तरित हुँदै आएका लोकजीवनका मौलिक र मौखिक लयात्मक अभिव्यक्ति हुन् । लोकजीवनका यस्ता लोकगीतहरू प्रशस्त पाइन्छन् । दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतहरूले पनि स्थानीय लोकजीवनको यथार्थलाई प्रस्तुत गरेका छन् । त्यसैले नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत भेरी अञ्चलमा पर्ने दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा छरिएर रहेका लोकगीत सङ्कलन, बर्गीकरण र विश्लेषणको अध्ययन नै यो शोधपत्रको प्रमुख विषय हो । उत्तरपश्चिम क्षेत्रमा यस जिल्लाको २ नं क्षेत्रका २५ गा.वि.स. पर्दछन् ।

## १.४ समस्या कथन

दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा धेरै लोकगीतहरू प्रचलित भए पनि ती लोकगीतहरूको जानकारी नगण्य रूपमा रहेको छ । त्यसैले दैलेख जिल्लाको

यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन गर्दा निम्न लिखित समस्यालाई केन्द्रबिन्दु बनाइएको छ ।

क) दैलेख जिल्लाको परिचय के कस्तो रहेको छ ?

ख) लोकगीतको सैद्धान्तिक परिचय के कस्तो रहेको छ ?

ग) दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र बर्गीकरण कसरी गर्ने ?

घ) दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतका अध्ययन र विश्लेषण कसरी गर्ने

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रमा निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

क) दैलेख जिल्लाको परिचय दिनु ।

ख) दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र बर्गीकरण गर्नु ।

घ) दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली जनजीवनलाई सीमित शब्दजालमा उनेर मनका अनुभूतिसँग रङ्गाएर हृदयलाई आनन्द दिने सफल विधा लोकगीत हो । लोकजीवनका हर्ष-विस्मात्, दुःख-सुख आदिका उद्गारहरूको लयात्मक अभिव्यक्ति जुन सँगीतात्मकता, स्वाभाविकताजस्ता गुणहरू रहेको श्रुति माधुर्य विधा लोकगीत हो । लोकगीतको अध्ययन परम्परामा नेपाली लोकगीतको राष्ट्रिय तथा क्षेत्रीय स्तरमा लोकसाहित्यका अध्येताहरूबाट अध्ययन र विश्लेषण गर्ने काम केही हदसम्म भएको पाइन्छ । दैलेख जिल्लामा रहेका केही लोकगीतहरू सङ्कलन गरी आवाज भरेर रेडियो नेपाल तथा अन्य संचारका माध्यमबाट बजाउने काम भइ रहेको छ । राष्ट्रिय स्तरका लोकगायकहरू स्व. लोक बहादुर क्षेत्री, बोमबहादुर कार्की, मोतीबहादुर कार्की, छन्तबहादुर पाण्डे , शिवा आले आदि कलाकारहरूले लोकगीत क्षेत्रमा उल्लेख्य काम गरेका छन् । नेपाली लोकसाहित्य तथा यस क्षेत्रमा भएका लोकसाहित्यको पूर्वकार्यहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

लोकगीतको अध्ययनमा वि.सं. (२०२०) सालमा काजीमान कन्दङवाको **नेपाली जन साहित्य** लोकगीत अध्ययनको व्यवस्थित पहिलो प्रयास हो । कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (२०२८), प्रदीप रिमालको **कर्णालीका लोक संस्कृति खण्ड ५** २०२८, धर्मराज थापाको **गण्डकीका सुसेलीहरू** २०३०, **लोकसाहित्य विवेचना** २०४१, धर्मराज थापा र हंसपुरे सुवेदी, टक केसीको **हाम्रो लोकगीत र सङ्गीत** तथा **लोक सङ्गीतका थुङ्गाहरू** २०५३, सावित्री मल्लको **पाल्पाका लोकगीतको अध्ययन र विश्लेषण** २०५६, **नेपाली लोकगीतको आलोक** २०५७, कृष्ण प्रसाद पराजुली र **नेपाली लोक साहित्य** २०५८ मा चूडामणि बन्धुका कृतिहरू प्राप्त भइसकेका छन् ।

राष्ट्रियस्तरमा लोकगीतको अध्ययन विश्लेषणको क्षेत्रमा उल्लेख्य कार्य भए तापनि दैलेख जिल्लामा लोकगीत अध्ययनको उल्लेख्य कार्यहरू हुन सकिरहेका छैनन् । लोकसाहित्यमा भएका केहीकार्यहरूको समीक्षा यहाँ गरिन्छ । वि.सं.२०२५ सालमा शशी पन्थीको सक्रियतामा किरण पुस्तकालयको स्थापना र २०३० सालबाट यसको मुखपत्रका रूपमा **हाम्रो पुरुषार्थ** प्रकाशन भएको पाइन्छ । हाम्रो पुरुषार्थले नेपाली कथा, कविता, निवन्ध, लोकगीत, लोककथा आदि सामाग्री प्रकाशित गरी नेपाली भाषाको उन्नतीका लागि टेवा पुर्‍याएको पाइन्छ तैपनि यथेष्ट मात्रामा लोकगीतलाई महत्त्व दिई लेखेका रचना भने प्रकाशन गरेको देखिदैन ।

**फोक्सिङ पञ्चायतमा पाइने लोक साहित्यको सङ्कलन र बर्गीकरण सर्वेक्षण** (२०३९) भन्ने भिलेज प्रोफाइलमा होमनाथ सापकोटाले लोकगीतका केही झलकहरू प्रस्तुत गरेको भए पनि एउटा गाउँमा मात्र सीमित भएकाले व्यापकता देखिदैन ।

रेसुङ्गा बहुमुखी क्याम्पसको मुखपत्र 'विद्या' र महेन्द्र उच्च मा.वि.को मुखपत्र 'शैल सन्देश' मा लोकसाहित्य सम्बन्धी छिटफुट लेखमा लोकगीतबारे सामान्य लेखहरू प्रकाशित भएका छन् ।

समग्र दैलेख जिल्लाको साहित्यिक क्षेत्रमा केही काम भए तापनि लोकसाहित्यको महत्त्वपूर्ण विधा लोकगीतको जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रशस्त कार्य भएको देखिदैन । यहाँ दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन, बर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली लोकगीतको अध्ययन, अनुसन्धानमा अहिलेसम्म भएका कार्यहरू पर्याप्त र पूर्ण छैनन् । नेपालको कुनाकाप्चामा रहेका लोकगीतहरूको अध्ययन व्यापक रूपमा हुन बाँकी नै छ । लोकगीतको क्षेत्रमा अध्ययन हुन बाँकी कार्यहरू आंशिक रूपमा भए पनि पूर्ति गर्ने लक्ष्य राखेर प्रस्तुत शोध पत्र तयार पारिएको छ । मौखिकरूपमा लोप हुन लागेका तथा छरिएर रहेका स्थानीय लोकगीतहरूलाई सङ्कलन गरेर राष्ट्रियस्तरमा तिनको परिचय प्रदान गरी नेपाली लोकगीतको उन्नतिमा थप योगदान पुऱ्याउनुमा नै यस शोधपत्रको औचित्य रहनेछ । दैलेख जिल्लाको लोक संस्कृति तथा लोकसाहित्यको अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति, सङ्घ सस्थाहरूलाई यस शोधपत्रबाट बढी लाभ प्राप्त हुनेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

लोकगीत जन मानसमा फैलिएर रहने विधा हो । नेपाली लोकसाहित्यको क्षेत्रमा लोकगीतको क्षेत्र व्यापक भए तापनि यस शोधपत्रमा दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रका लोकगीतको अध्ययन गरिएको छ । यस क्षेत्रमा दैलेख जिल्लाको क्षे.नं. २ का २५ गा.वि.स. रहेका छन् । यस क्षेत्रसँग कालिकोट, अछाम, जाजरकोट र सुर्खेत जिल्लाहरू जोडिएका छन् । यी जिल्लाहरूको प्रभाव यस क्षेत्रमा नपरेको होइन तर यहाँ अध्ययन गर्दा यही क्षेत्रमा नै केन्द्रित भएर तयार पारिएको छ । दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रका लोकगीतको सङ्कलन, बर्गीकरण र विश्लेषण गर्न यस शोधकार्यमा प्रयास गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयारका निम्ति सामग्री सङ्कलन  गर्दा क्षेत्रीय अनुसन्धान विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा सम्बन्धित क्षेत्रमा गई त्यहाँका मेला र पर्वमा सहभागी बनी आवश्यकता अनुसार गायकहरूबाट गीत सङ्कलन  गर्ने काम गरिएको छ भने पुस्तकालयको प्रयोग गरी लोकसाहित्य सम्बन्धी सैद्धान्तिक ग्रन्थबाट सामग्रीको उपयोग गरिएको छ ।

शोधपत्र तयार गर्दा संकलित सामग्रीलाई वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययन विधिको  उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

परिच्छेद एक - शोधपत्रको परिचय

परिच्छेद दुई - दैलेख जिल्लाको परिचय

परिच्छेद तिन - लोकगीतको सैद्धान्तिक परिचय

परिच्छेद चार - दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र बर्गीकरण

परिच्छेद पाँच - दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र विश्लेषण

परिच्छेद छ - उपसंहार

# परिच्छेद दुई

# दैलेख जिल्लाको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यलाई पाँच विकास क्षेत्र चौध अञ्चल ७५ जिल्लामा विभाजन गरिएको छ । दैलेख जिल्ला मध्य पश्चिमाञ्चल जिल्ला अन्तर्गत पर्ने भेरी अञ्चलमा रहेको एउटा पहाडी जिल्ला हो । नेपाल एकीकरण हुनु भन्दा पहिले बाइसे चौबिसे राज्य मध्ये जुम्ला क्षेत्रमा पर्ने चौबिसे साज्य अन्तर्गत दुल्लु र बिलासपुर दुई राज्यहरू हालको दैलेख जिल्लामा पर्दथे । खस राज्यको पतन पश्चात मल्ल राज्यहरू टुकिएर यी राज्यहरूको स्थापना भएको थियो ।

प्राचीन समयमा खस मल्लहरूको शासन काल अघि अर्थात आठौ शताब्दी सम्म नै वर्तमान नेपालको पश्चिम भाग सहित कुमाउ र गढवाल क्षेत्र कत्यूरी शासक अधिनस्त रहेको थियो । कत्युरी वंशको शासन केन्द्र भारतको उत्तराञ्चल स्थित हालको जोसी मठमा रहेको थियो । जसलाई कर्तिकेयपुर पनि भनिएको छ । हिन्दू धर्मावलम्बी कत्युरी वंशका शासकहरूको प्रभाव क्षेत्र पश्चिममा सतलज सम्म कायम रहेको थियो । त्यसैले कत्युरी वंशका शासकहरूलाई हिमालयमा शासन गर्ने प्रथम वंश पनि भनिएको छ । कत्युरी राजा वीर देवले आफ्नो विशालराज्यलाई काली उपत्यका डोटी, आस्कोट, वारामन्डल(अल्मोडा), कत्युर (बैजानाथ तथा भागेश्वर क्षेत्र) द्वारा हाट र लखन पुर गरी छ भागमा विभाजन गरेका थिए । यसै क्रमले कत्युर शासकहरूका ३९ औ पुस्ताले डोटी राज्यमा र ५१ पुस्ताले अस्कोट राज्यमा शासन गरेका अभिलेखहरू पाइन्छन् ।[1]

कत्युरी शासकहरूको राज्य टुक्रिने क्रममा खस मल्ल शासकले ती भुभाग उपर बिजय प्राप्त गरेको कुरा इतिहासमा उल्लेख छ । यस समयमा उत्तर हिमाली क्षेत्रमा जाड( भोटे) जडान प्रदेश र दक्षिण पहाडी भूभागमा खसहरूको शासन प्रणाली रहेकोले खसान क्षेत्र भनिएको पाइन्छ । दुल्लु स्थित किर्तिस्तम्भको दक्षिण पाटोमा उत्कृण गरिएको अभिलेखको ३३ र ३४ औ श्लोकमा “अथ खारी प्रदेशस्थो यो जावेश्वर ताम गात्तेन श्री नाग राज्येन सैजां पूर्य स्थिति कृता” उल्लेख गरिएकोले नागराजले आफ्नो राज्यलाई खरी प्रदेशबाट जुम्ला सिंजा उपत्यकामा सारी राज्य प्रणाली सञ्चालन गर्ने प्रथम शासक भएको देखिन्छ । नागराज पछि क्रमश चाप चपिल्ल काशिचल्ल आदि हुँदै पृथ्वी मल्लसम्म आइ पुगेको देखिन्छ । पूर्व मध्यकाला जुम्लाको खस साम्राज्यको राजधानी सिँजामा रहेको थियो । भने शीतकालीन राजधानी दुल्लुमा भएको कुरा राजा पृथ्वी मल्लको वि.स. १४१४ को दुल्लुको कीर्ति स्तम्भ कोशिला लेखमा लेखिएको छ । राजधानी भएकै कारण आर्थिक शैक्षिक

तथा कलाकारिताको क्षेत्रमा कसैले जित्न र उछिन्न नसकेकोले खस मल्लकालीन ताम पत्रहरूमा दुल्लुलाई दुर्लङ्घ्य नगर भनिएको अनुमान गर्न सकिन्छ ।

वि.स. १४३३ मा पृथ्वी मल्लको मृत्यु पश्चात जुम्लाका मल्ल राजाहरू कमजोर हुन गई उनीहरूका मन्त्री मलय बर्मा(बम्म) शक्तिशाली भन्न पुगे । उनले आफ्नाजेठो छोरा सुमेरु बम्मलाई सल्यान, महिला मेदिनी बम्मलाई जाजर कोट कान्छो सन्सारी बम्मलाई बिलासपुर र ज्वाइ वली राजलाई जुम्लाको प्रशासन सम्हाल्ने गरी ठाँउ ठाँउको स्थानिय प्रशासक नियुक्त गरे । यस घटनाले सिंजा राज्य विधिवत रूपमा वाइसी चौविसि राज्यहरूमा विभाजित हुने क्रमको सुरूवात भयो वि.स. १४४० मा मलय बर्मा (बम्म) को मृत्यु भए पछि उनका छोराहरू तथा ज्वाइले आ–आफ्नो राज्यलाई स्वतन्त्र बनाई राज्य गर्न थाले । वर्तमान भेरी अञ्चलका भुभागहरू जाजरकोट, दैलेख, दुल्लु र धुलिकोट स्वतन्त्र राज्यमा टुक्रिन पुगे । मलय बर्माका कान्छा छोराले दैलेखको बिलासपुरमा राजधानी बनाइ स्वतन्त्र राज्य घोषणा गरी राज्य गर्न थाले । नेपाल एकीकरण कालसम्म दैखेल जिल्लामा दुल्लु राज्य र विलास पुर राज्य गरी दुई वटा राज्य रहेका थिए । दैलेख जिल्लाको बिलासपुर राज्यमा मलय बर्माका कान्छा छोरा सन्सारी बर्मादेखि कर्ण शाही सम्मका १९ वटा राजाहरूले शासन गरेको उल्लेख छ । वि.स. १८४६ श्रावणमा बहादुर शाहको नेतृत्वमा आएका नेपाली सेनाले विजय गरी नेपालराज्यमा एकीकरण गरेका थिए । एकीकरण पछि जिल्लाको सम्पूर्ण प्रशासनिक कार्य जुम्ला गोश्वारा अर्न्तगतको डोटी गौडा मार्फत दैलेख गढी बाटै सञ्चालन हुने गर्दथ्यो । एकीकरण पश्चात दुल्लु र जाजरकोटले रखैजौटा राज्यको मान्यता प्राप्त गरेका थिए भने बिलासपुर राज्यले आफ्नो अस्तित्व कायम राख्न सकेन । यसरी दशौं एघारौं शताब्दीदेखि शताब्दीसम्म यस क्षेत्रका शासक प्रशासक देखि स्थानीय जनताले समेत लागेर विभिन्न ठाँउहरूमा देवल, किल्ला नाउला धर्मशाला एवम् मन्दिर जस्ता विभिन्न सम्पदाहरूको निर्माण गरेको पाइन्छन् ।[1]

यसरी विशाल नेपालमा गाभिन पुगेको दैलेख जिल्ला हाल आएर धेरै परिवर्तन भएको छ । यस जिल्लाका धेरै जसो मानिस खेती पाति तथा पशुपालनमा व्यस्त रहन्छन् ।

## २.२ दैलेख जिल्लाको नामकरण

पञ्चकोशी नाम पनि प्रचलनमा रहिआएको दैलेख जिल्लाको सम्बन्धमा विभिन्न किवदन्तीहरू पाइन्छन् । ती मध्ये केही किम्वदन्तिहरू यहाँ उल्लेख गरिएको छ ।

१) दधिचि नाम गरेका महान तपस्वी ऋषिले तपस्या गरिएको भूमी भएको हुँदा यस जिल्लाको नाम दधिलेखबाट अपभ्रस हुदै दैलेख नाम रहन गएको हो भन्ने भनाइ रहेको ।

[1] विष्णुनाथ योगी, दैलेख दर्पण, पृ. ८, २०६८ ।

२) देवताहरूको बासस्थान भएको हुँदा यसलाई देवलोक भन्ने गरियो देवलोक कालान्तरमा अपभ्रंश भई दैलेख नाम हुन गएको भनाइ पनि प्रचलित रहेको पाइन्छ ।
३) यहाँका मानिसहरू पशुपालन मै व्यस्त रहने हुँदा पशुहरूबाट दही, दुध पाइन्छ । प्रशस्त दही दुध पाइने हुँदा यस ठाउँलाई दधिलेख भन्न थालियो र दधिलेखको अपभ्रंस भई दैलेख नामाकरण हुन गएको किम्वन्ती पनि रहेको छ ।

यसरी दैलेख जिल्ला पहाडी जिल्ला भए पनि एक सुरम्य जिल्लाका रूपमा रहेको छ ।

## २.३ क्षेत्रफल र सिमाना

अक्षाङ्शका हिसाबल २८.३५ उत्तरी आक्षांस देखि २९.८ र उत्तरी अक्षाङ्श र देशान्तरका हिसाबले ८१.२५ पूर्वी देशान्तर देखी ८१.५३ पूर्वी देशान्तर सम्म फैलिएको दैलेख जिल्लाको क्षेत्रफल १५०५१ बर्ग कि.मी. रहेको छ । समुद्र सतह बाट न्यूनतम उचाइ ५४४ (तल्लो डुगेश्वर) मिटर देखि अधिकतम उचाइ ४१६८ मिटर (महाबुको लेक) सम्म रहेको छ ।

यस जिल्लाको सिमान्त पूर्वमा जाजरकोट पश्चिममा सेती अञ्चलको अछाम, उत्तरमा कर्णाली अञ्चलको कालिकोट र दक्षिणमा सुर्खेत जिल्लासँग जोडिएको छ ।

### २.३.१ राजनीतिक तथा प्रशासनिक विभाजन

दैलेख जिल्ला प्रशासकीय विभाजन अन्तर्गत मध्य पश्चिमाञ्चल विकासक्षेत्र भेरी अञ्चलमा पर्ने १५ जिल्ला मध्येको एउटा जिल्ला हो ।यो जिल्ला सुरू देखिनै दैलेखबाटै प्रशासकीय कार्य सञ्चालन हुादै आएको छ । पञ्चायत काल देखि नै दुईवटा निर्वाचन क्षेत्र ११ वटा इलाका ६० वटा गा.वि.स भएकोमा २०५० सालमा ५ वटा गा.वि.स. हरू मिलान गरि एउटा नारायण नगरपालिका बन्यो र २०६३ सालको संविधान सभा निर्वाचनमा क्षेत्र नं १ बाट नेपाली काङ्ग्रेस र क्षेत्र नं २ बाट ने.क.पा एमाले ले बिजय प्राप्त गरेका थिए । दैलेख जिल्लामा २ वटा निर्वाचन क्षेत्र अन्तर्गत पर्ने १ नगरपालिका र ५५ गा.वि.स. हरू यसप्रकारका छन् ।

<u>**निर्वाचन क्षेत्र नं. १**</u>

| | |
|---|---|
| १) नारायण नगरपालिका | १८) पगनाथ |
| २) बडाखोला | १९) बिन्दावासिनी |
| ३) बालुबाटार | २०) बडाभैरव |
| ४) भवानी | २१) कट्टी |

५) द्वारी २२) लाकुरी

६) कालिका २३) बेलपाटा

७) नौमुले २४) डाडापराजुल

८) तेली २५) वराह

९) सल्लेरी २६) खड्क वाडा

१०)चौरठा २७) सेरी

११) वाासी २८) गोगनपानी

१२) खरिगैरा २९) पिलाडी

१३) रानवीन ३०) लालीकाााडा

१४) कााासीकाध ३१) अवलपराजुल

१५) मेहेलतोली

१६) रुम

१७) जगनाथ

**<u>निर्वाचन क्षेत्र नं. २</u>**

निर्वाचन नं. २ मा २५ वटा गाउँ विकास समितिहरू रहेका छन् । यी निम्नानुसार छन् : १) गौरी २) मालिका ३) कालभैरव ४) पिलाडी ५) नाउले कटुवाल ६) गमौडी ७) दुल्लु ८) नेपा ९) रावतकोट १०) वडलम्जी ११) पादुका १२) जम्वुकाध १३) भैरीकालिका धुम १४) लयाटी बिन्द्रासैनी १५) चामुण्डा १६) लकान्द्र १७) सात्तला १८) तोली जैसी १९) सिगौडी २०) तिलेपाटा २१) विसाला २२) कुसापानी २३) सिगासैन २४) पीपलकोट २५) राकम कर्णाली ।

## २.३.२ जनसङ्ख्या

दैलेख जिल्ला पहाडी जिल्ला भए पनि यहाँ को जनसङ्ख्या बढि नै छ । वि.स. २०५८ सालको जन गणना अनुसार दैलेख जिल्लाको जन सङ्ख्या २२५१८९ रहेको छ । जस मध्ये निर्वाचन क्षेत्र नं. १ मा १४५२७ र नि.व.नं.२ मा ७९७६१ जना मानिसहरू बसोबास गर्दछन् ।

जनसङ्ख्या विवरण यस प्रकार रहेको छ ।

घरधुरी – ४११३९

पुरुष – ११०११३ (४८.९०%)

महिला – ११५०७६ (५१.१०%)

कुल – २२५१८९

जन घनत्व १५९.६३

### २.३.३ शैक्षिक अवस्था

दैलेख जिल्लामा धेरै पहिले देखि नै गुरुकुल शिक्षाबाट शिक्षा आर्जन गर्ने प्रचलन भए पनि विधिवत रूपमा सर्व प्रथम वि.सं. २००८ मा त्रि.उ.मा.विको स्थापना पछि भएको पाइन्छ । त्यस पछि विस्तारै शिक्षा क्षेत्रमा अघि बढन लागेको दैलेख जिल्लामा हाल आएर १६९ बालविकास केन्द्र ४१० प्रथामिक, १०६ निम्न माध्यमिक ५० मा.वि. ३९ उ.मा.वि. र २ क्याम्पस रहेका छन् । त्यसै गरी ३ बोडिङ्ग र ५ अ.प्रा.शिक्षा कार्यक्रम रहेका देखिन्छ । दैलेख जिल्लाको कुल साक्षरता ५१. ९% मध्ये महिला साक्षरता ५१.९ तथा पुरुष साक्षरता ६३.४० % रहेको देखिन्छ ।

### २.३.४ स्वास्थ्य

स्वास्थ्यका दृष्टिकोणले दैलेख जिल्लाको ठालु डाडाँ स्थित जिल्ला अस्पताल नै यहाँको उच्च स्तरीय अस्पतालको रूपमा रहेका छ । अन्य प्राय सबै गा.वि.स. हरूमा स्वस्थ्य उचपारका लागि विभिन्न स्वास्थ्य केन्द्रहरू स्थापना भएका छन् । जसको कारण सामान्य उपचारको निम्ति धेरै टाढा जानु पर्ने देखिदैन । जिल्ला भरमा स्वास्थ्य सेवा प्रदान गर्ने स्थापना भएका संस्थाहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

जिल्ला अस्पताल १ १५ शैया

प्राथमिक स्वास्थ्य केन्द्र १ ३ शैया

स्वास्थ्य चौकी ८

उपस्वास्थ्य चौकी ५०

आँखा उपचार केन्द्र १

आर्युर्वेद अस्पताल २

निजी क्षेत्रबाट संचालित औषधी पसल १७३

### २.३.५ यातायात

दैलेख जिल्ला हालसम्म पनि यातायातको दृष्टिकोणले त्यति सुगम मानिदैन । तर सुर्खेत–दैलेख ६७ कि.मी. सडक हाल ओटासिल प्रविधिबाट पिच निर्माण भैरहेको छ । त्यसै गरी कर्णाली राजमार्गको सुर्खेत जुम्ला सटक ७६ कि.मी दैलेखमा नै पर्छ । तल्लो डुगेश्वर–सियाकोट ८ कि.मी. सडक पिच हुने अवस्थामा छन् । यसै गरी विश्वखाद्य कार्यक्रम RAP ( र्‍याप) द्वारा चुप्रा–वेस्तडा, मेहेलतोली सडक दैलेख–महाबु सडक रामघाट ठाटी काँध–सिहासैन सटक तथा जि.वि.स. र अन्य संस्थाहरूको सहयोगमा संचालन भैरहेका सडकहरू अहिले गा.वि.स.का वडाहरूमा समेत संजाल फैलाउने कार्य भैरहेका छ । वातावरण तथा भूखण्डको अध्यय नवीन बनेका अधिकाङ्श सडकहरूको दिगोपनमा अध्यवधि सन्तोषजनक

स्थिति रहेको पाइदैन । हाल निर्माणाधीन सडकहरू र योजनाहरूको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक छ ।

## २.४ सामाजिक जनजीवन

समाज भन्ने वितिकै त्यसमा विभिन्न जाजातिको सम्मिश्रण भन्ने वुझिन्छ । त्यसैगरी तिनीहरूका आफ्नै खाले रीतिरिवाज संस्कार, चाडपर्व रहेका हुन्छन् । दैलेख जिल्लाको पनि आफ्नै प्रकारको रीतिरिवाज र संस्कार रहेको छ । २०५८ को जनगणना अनुसार यस जिल्लाको कूल जनसङ्ख्या २ लाख २५ हजार २ सय एक रहेको थियो भने सबैभन्दा बढी सङ्ख्या क्षेत्रीहरू ७८३०६ अर्थात कूल जनसङ्ख्याको ३४.८% थियो भने ब्राह्मण ११.९% कामी १५.३% र ठकुरी१४.१ %रहेको पाइन्छ । नेपाली भाषा यहाँको मुख्य भाषा हो भने हिन्दू धर्म यहाँका सबैको धर्म हो । विभिन्न चाडपर्व मान्ने व्रतबन्ध गर्ने मन्दिरमा पूजागर्ने दानपूजा गर्ने संस्कार पनि चल्दै आएको पाइन्छ ।

मानिस सामाजिक प्राणी हो । समाज र मानवजीवन वास्तवमा एक सिक्काका दुई पाटा हुन् भन्न सकिन्छ । नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय एवम् बहुधार्मिक राज्य भएको कारण दैलेख जिल्लाको जनजीवन पनि नेपाल भित्रको एक अंगमा  पर्दछ । समाजमा रहेको जातजाति, धर्म, भाषा, पेसा, सहनसहन संस्कृति, संकार, लवाइ खवाईको चित्रण नै सामाजिक जनजीवन अन्तर्गत पर्दछ ।

### २.४.१ जातजाति

दैलेख जिल्लामा जातीयताको हिसाबले हेर्दा ब्राह्मण, क्षेत्री, बैश्य, शुद्र, चारै वर्णका मानिसहरूको बसोबास भएको पाइन्छ । दैलेख जिल्लाका मुख्य बासिन्दाको ठुलो हिस्सा ब्राहमण र क्षेत्रीले ओगटेको देखिन्छ । पुरुषप्रधान समाज यहाँको विशेषता मान्न सकिन्छ । तर आजभोलि भने महिलाहरू पनि सामाजिक कार्यमा अग्रसर हुन थालेका छन् ।[२]

### २.४.२ धर्म

दैलेख जिल्लाका अधिकांश मानिसहरूले मान्ने धर्म हिन्दू धर्म हो । यहाँका बासिन्दा हिन्दू धर्म मान्ने भएकोले हिन्दू धर्म अनुसार नै आफ्नो परम्परा र

[२] **श्रीस्थान दर्पण**, वर्ष ३, अङ्क ३, २०६६, कर्मचारी मिलन केन्द्र, दैलेख ।

संकृतिको जगेर्ना गरेका छन् । हिन्दू धर्मका साथसाथै यहाँ केही मात्रामा अन्य धर्म मान्ने नागरिकहरू पनि रहेका छन् ।

## २.४.३ भाषा

दैलेख जिल्लामा विभिन्न जातजातिका नागरिकहरू बसोबास गरे पनि यहाँका अधिकांश नागरिकहरू मातृभाषाको रूपमा नेपाली भाषा नै प्रयोग गरी बोलेको पाइन्छ । मगर जातिको बाहुल्यता रहेको क्षेत्रमा मातृभाषाका रूपमा मगराँती र नेवार जातिको बाहुल्यता भएको क्षेत्रमा नेवारी भाषालाई मातृ भाषाका रूपमा प्रयोग गर्ने गर्दछन् । तर मगर र नेवारहरू अन्य जातीय समुदायसँग नेपाली राष्ट्रभाषालाई माध्यम भाषाका रूपमा प्रयोग गरेर बोल्ने गर्दछन् ।

नेपाली भाषा बोल्ने क्रममा केही मगर गुरुङ र नेवारहरूले 'त' लाई ट /ड बनाएर बोलेको पनि पाइन्छ । कामी दमाई, सार्की आदिले आन्छ-आउँछ, पेध-पिंध, वेन-विहान, माला-मलाई, चोए-चोया जस्ता केही शब्दको आफ्नै प्रकारले प्रयोग गर्दछन् तापनि उनीहरूको यस्तो प्रयोग सामान्य नै लाग्दछ । उनीहरूमा यस्ता शब्दको प्रयोग मगराँतीको प्रभाव तथा स्तरीय भाषिक अभ्यासको कमीका कारणले गर्दा भएको हो ।

यसरी अधिकांश जनसङ्ख्याले नेपाली बोल्ने गरे तापनि यस जिल्लामा बोलिने भाषिकामा नेपाली भाषाको मानक रूप भन्दा केही बेग्लै प्रकारको संरचनात्मक स्वरूप फेला पर्दछ । जस्तैः

| स्थानीय नेपाली | मानक नेपाली |
|---|---|
| हुन्च | हुन्छ |
| लोट्नु | लड्नु |
| कत्न | कहाँ |
| कौनो | कुन |
| दैलो | ढोका |
| गइम | गयौं |
| रच | रहेछ |
| केर | क्यारे |
| हाम्लाइ | हामीलाई |
| नाम्रो | राम्रो |

| | |
|---|---|
| भरे | साँझ |
| आइसल | अर्को साल |
| वर्को | पछ्यौरा |
| कन्नो | पिठ्युँ |
| मस्तै | धेरै |
| सिन्की | गुन्द्रुक |
| आँटी | उपल्लो तला |
| भो | हुदैन |

यस्ता शब्दको प्रयोग लेखाइमा नभएर भनाइमा मात्र सीमित रहन्छन् ।

### २.४.४ पेसा

दैलेख जिल्लाका मानिसहरूको मुख्य पेसा भनेको कृषि नै हो । यस जिल्लाका करिव ९२% जनता कृषिमानै निर्भर छन् तापनि अधिकांश पहाडी भागमा सिंचाइको असुविधा र खेती योग्य जमिनको अभावमा कम उव्जनी हुने, आकाशे मानीको भरमा खेती गर्नु पर्ने हुँदा आशातित उब्जनी हुन सकेको छैन् । तरपनि आफ्नो अधिकांश समय कृषि पेसामा नै विताउनु पर्ने बाध्यता छ । कृषि कार्य परम्परागत तरिकाले अगाडि बढेको र समयको रूपान्तरणलाई अनुभूत गरेर व्यवसायिक कृषि तर्फ यहाँका किसानले लाभलिन सकेको देखिदैन । कृषि बजारको अभाव, कृषिका आबश्यकता, आधुनिकीकरण बमोजिम पुराहुन नसकेको हुँदा कृषिबाट राम्रो प्रतिफल लिन सकेको देखिदैन । यस कारण यहाँका मानिसहरू अल्पकालीन रोजगारीको खोजीमा बिदेशतर्फ जाने गरेको देखिन्छ । यहाँ केही कुमालहरूले माटाका भाडा बनाएर बेच्ने गरेको पनि पाइन्छ । त्यस्तै काठका ठेकाहरू बनाउने वा काठका अन्य समाग्रीहरू बनाएर गाउँ गाउँ बोकी हिडेर बेच्ने व्यवसाय पनि गरेको पाइन्छ ।

दैलेख जिल्लाका मानिसहरू कृषि पेसामा मात्र निर्भर नभएर व्यापार प्रसाशनिक क्षेत्रमा समेत प्रवेश गरेका छन् । यहाँ चिया पसल देखि लिएर ठुलाठुला समाग्रीहरू विक्री गर्ने पसलहरू रहेका छन् । प्रशासनिक क्षेत्रमा यहाँका व्यक्तिहरू साना तहदेखि उच्च पदमा समेत पुगेका छन् । यहाँका मानिसहरू ब्रिटिस गोर्खा सेना तथा भारतीय सेनामा समेत भर्ति भएका छन् । हाल आएर

यहाँका शिक्षित युबाहरू नेपालको प्रसाशनिक सेवातर्फ रुचि साथ लागि परेको पाइन्छ । आजभोलि बेरोजगारको कारण थुप्रै युबाहरू रोजगारको लागि विभिन्न देशमा गएर काम गर्ने गरेको पनि पाइन्छ ।

जातिगत हिसाबले हेर्दा यस जिल्लाका ब्राहमणको पेसा पण्डित्याँइ र जागिर छ । क्षेत्री, मगर, गुरुङ्ग पल्टनमा भर्ती हुने र कमै मात्रामा प्रसासनिक क्षेत्रमा कार्यरत छन् । कामी, दमाई, सुनार कुमालले क्रमशः फलामको काम गर्ने, लुगा सिउने, गहना बनाउने र माटाका भाँडा बनाउने गर्दछन् र केही मानिसहरूले डकर्मी र सिकर्मीको काम गर्दछन् । यसरी दैलेख जिल्लाका मानिसहरूले जीविकोपार्जनका लागि विभिन्न पेसामा लागेको पाइन्छ ।

### २.४.५ रहन सहन

दैलेख जिल्लाको रहनसहन नेपालका अन्य क्षेत्रसँग समानुपातिक नै देखिन्छ । ग्रामीण क्षेत्रमा परम्परागत जीवनशैली नै देखिन्छ भने सहरी क्षेत्रमा आयातित जीवनशैलीलाई सुस्त-सुस्त अङ्गीकार गर्दै गएको देखिन्छ । आधुनिकताको अनुशरण गरे तापनि परम्परागत सामाजिक जीवन भने यथावत नै यापन गरेको देखिन्छ । सरल, स्वाबलम्वी, परिश्रमी र सहयोगी यहाँका मानिसहरूले आपत विपत परेको समयमा एकलेअर्कालाई अत्यन्तै सहयोग गरेको पाइन्छ । यहाँका धेरै जसो घर एक तले, कही दुईतले र तिनतले पनि पाइन्छन् । पहिला घर कटेरा छाउने काम खरले गरिन्थ्यो भने आजभोलि ढुङ्गा र जस्तापाताले छाउने काम गरिन्छ । कतै कतै व्यापारिक केन्द्रहरूमा पिलर सहितका पक्की घरहरू पनि निर्माण भइरहेका छन् ।

### २.४.५.१ संस्कार

मानिसको गर्भाधानदेखि मृत्युपर्यन्त गरिने विभिन्न विधिविधानलाई संस्कार भनिन्छ । हिन्दू धर्म अनुसार १६ संस्कारको उल्लेख गरिए तापनि यहाँका जनताले सबै सस्कारलाई मानेको पाइदैन । यहाँका मानिसहरूले मानी आएका सस्कारहरूमा गर्भाधान भए पछि जातकर्म जन्मेको छैठौ दिनमा छैंठी एघारौ दिनमा न्वारन, ६ महिनामा अन्नप्रासन्न गर्दछन् । त्यस्तै चुडा कर्म, ब्रतवन्ध, विबाह र मृत्यु पछि मृत्यु संस्कार गर्ने गरेको पाइन्छ । यहाँका बासिन्दाहरू पुरातन संस्कारमा विश्वास गर्ने हुँदा समयको आधुनिकीकरणबाट टाढै बसेर अझै पनि धामी, झाँक्री, वाइ, बोक्सी, लागो भागो, मसान माथि विश्वास गर्ने गर्दछन् ।

### २.४.५.२ लवाइ खवाइ

दैलेख जिल्लाका मानिसहरूले  केहीमात्रमा जात र धर्म अनुसारको लवाइ खवाइ गरे तापनि समग्रमा हेर्दा सबै मानिसको एकै किसिमको जस्तो देखिन्छ । यहाँको लवाइखवाइमा आर्थिक अवस्थाले प्रभाव पार्ने गरेको छ । उच्च आर्थिक श्रोत भएका व्यक्तिहरूले नयाँ नयाँ फेसन अनुसार र महँगा कपडा लगाउने तथा कम आय श्रोत भएका व्यक्तिहरूले सस्तो मूल्यका कपडा लगाउने गर्दछन् । तर पनि यहाँका मानिसहरू आफ्नो रुचि र उमेर अनुसार लुगा लगाउने गर्दछन् । समग्रमा भन्दा यहाँका लोग्ने मानिसहरू दौरा सुरूवाल, टोपी, कमिज, इस्टकोट, पाइन्ट, जाँगे कोट, धोती, टी-सर्ट जस्ता लुगा लगाउँछन् । त्यस्तै आइमाईहरूले धोती, चोलो, पटुका, पछयौरी, मेक्सीका साथै सुनका गहनाहरू लगाउने गर्दछन् । स्कुल जाने केटीहरूले कमिज, मिड्डी, कुर्ता सिरुवाल लगाउने गर्दछन् ।

यस जिल्लाको मुख्य खेती धान,मकै र कादो भएकाले यहाँका मानिसहरूको मुख्य खाना भात, मकैकोआटो र कोदोको ढिडो, रोटी नै हो । खाजाको रूपमा मकै पोलेर, भुटेर खाने, गहुँ र फापरको रोटी बनाएर खाने गर्दछन् । धान खेतीगर्न खेत नहुनेहरूले किनेर भए पनि दाल, भात, तरकारी खाने चलन प्रशस्त चलेको देखिन्छ । दुध, दही, घ्यु , माछामासु आदिलाई तागतिलो र पोसिलो खाने कुराका रूपमा लिइन्छ । मासु खाँदा जात अनुसारको मासु खाने गर्दछन् । जस्तै बाहुन क्षेत्रीले बाखा खसिको मासु खाने गर्दछन्  भने समाजका तल्लाजात भनिदै आएका वैश्य सुद्रले कुखुरा, राँगा, पाडा, सुँगुर, हाँस आदिको मासु खाने गर्दछन् । यहाँ चाड पर्व अनुसार विभिन्न प्रकारका खाने कुरा खाने प्रचलन छ । जस्तै दसैंमा मासु, रोटी, केरा, तिहारमा रोटी, फलफुल तिजमा खिर, दही, घ्यु र माघे संक्रान्तिमा खिचडी, रोटी, तरुल आदि खाने चलन छ ।

### २.४.५.३ चाडपर्व

लोकसाहित्य जनसाधरिणको जीवनको अभिन्न साथी हो । शिक्षितले मात्र होइन अशिक्षित र अपठित व्यक्तिले पनि लोकसाहित्य बाट आनन्द प्राप्त गर्न सक्छ । लोकशव्दले स्थान विशेषका सम्पूर्ण मानवलाई वुझाउँछ । त्यसैले लोकसाहित्य कुनै एक समुदायकन आन्तरिक भावनामा सल्वलाएको साहित्य हो । यस क्षेत्रमा लोकसाहित्य अन्तर्गत लोकगीत लोककथा, लोकनृत्य आदिको प्रचलन देखिन्छ ।

यस क्षेत्रमा प्रचलित जीवन संस्कारहरू नेपाल बहुसंख्यक हिन्दूहरूको बासस्थल हो त्यसमा पनि दैलेखमा र अझ चिंगाड क्षेत्रमा ९५% हिन्दूहरूको बास स्थान हो । हिन्दूधर्ममा जन्मदेखि मृत्युपर्यन्त विभिन्न संस्कारहरू मान्नु पर्ने हुन्छ । हिन्दूहरूको पूराणमा भनिएको छ "जन्मतो जायते शुध्द्ध कर्मणे द्धिज उच्चेते" अर्थात मानव जो भएपनि जन्मदा शुद्ध नै हुन्छ र विभिन्न कर्महरूले उच्च हुन्छ । यसै भनाइलाई आत्मसात गरेर हाम्रो हिन्दू समाज परम्परागत काल दखिनै विभिन्न किसिमका जीवन संस्कारहरू गरिदै आएका छन् । हिन्दूधर्म अनुसार मानिसले जति संस्कारहरू गर्‍यो उति नै मोक्ष प्राप्त हुने विश्वास गरिन्छ । हिन्दू धर्ममा मानिसले जन्मेदेखि मृत्यु पर्यन्त गर्नुपर्ने १६ वटा संस्कारहरू उल्लेख छ । जसले यी १६ वटै संस्कार सम्पन्न गर्दै ऊ सोधै स्बर्ग पुग्छ र पुनर्जन्ममा विश्वास हिन्दू संस्कारमा गरिन्छ ।

१ं जातकर्म

बालक जन्मिनासाथ गरिने संस्कारलाई जाकर्म संस्कार भनिन्छ । यस संस्कारमा वालकको सरसफाई र दीर्घायुको कामना गरिन्छ साथै मङ्गल गाउने र मिठो खाना खाने गरिन्छ ।

२. षष्ठी (छैटी)

षष्ठीलाई स्थानीय रूपमा छैटी भनिन्छ किनभने यो वालक जन्मेको छैठौं दिन मा गरिन्छ । यसमा विधिविधान अनुसार पूजाआजा गरी बत्ती बाल्ने चलन छ । राती बत्ती बाल्ने र छिमेकीहरूलाई मासुभात खान दिइन्छ ।

३. नामकरण

जन्मपछि बालकको नामकरण गर्ने कार्यलाई स्थानीय भाषामा न्वारान भनिन्छ । छोराको भए ११ दिनमा र छोरीको भए ९ दिनमा न्वारान गरिन्छ । जन्मिएको दिनको तिथि, नक्षत्र आदिको आधारमा ब्राह्मणले नामाकरण गर्दछन् । न्वारान नभएसम्म आमा र बच्चालाई छुन हुदैन सुतक लाग्छ भन्ने धारणा छ ।

४. अन्नप्राशन

स्थानीय भाषामा पास्नी भनिने यो संस्कारमा बच्चालाई पहिलोपटक अन्न खुवाइन्छ । यसबेला भात, मासु, दाल, तरकारी, दही, घिउ र महको परिकार बनाई सुन वा चाँदीको चम्चा प्रयोग गरी खुवाइन्छ ।

५. चडाकर्म

यो संस्कार छोराको निम्ति मात्र गरिन्छ । जन्मेदेखि नकाटेको कपाल विधिअनुसार कपाल काट्ने र दिदी वा बहिनी भए वरपर खसेको कपाल टपरीमा टिपेर राख्ने गरिन्छ ।

६. व्रतबन्ध

यो उपनयन संस्कार हो । अन्य संस्कार भन्दा यो ठुलो संस्कार मानिन्छ । यसकार्यमा ग्रहपूजा सत्यनारायणको पूजा लगायतका विभिन्न पूजा गरिन्छ । देवीदेवताका मूर्ति स्थापना गरी तिनीहरूलाई साक्षी राखी ब्रह्मा वाक्यमा सदा रहने छु भन्ने वाचा गराइ जनै लगाउने जातका छोराहरुको मात्र यो संस्कार गरिन्छ ।

७. विबाह

यो संस्कार सबै जातजातिको र साँझा संस्कार हो । पहिले पहिले छोरा पट्टीले माइती पक्षलाई सम्मान स्वरूप, खसी रअन्य खाद्य परिकारले खुशी पार्ने चलन भएपनिअहिले भने माइती पक्षले नै दुलाहा पक्षलाइ दाइजो स्वरूप सरसामान लुगाकपडा पैसा दिने चलन छ ।

८. मृत्युसंस्कार

यो संस्कार छोराद्वारा अथवा लोग्ने मान्छेले मात्र गरिन्थ्यो । तर हाल आएर कतै कतै महिलाले पनि आमा बाबु वा लोग्नेको काजक्रिया गर्ने चलन छ यसमा सबै भन्दा ठुलोकाम पीण्डदानलाई मानिन्छ । जो संस्कार गरिदिने मानिसले मृतकको नाममा गरिन्छ । मृत्युभएदेखि दाहासंस्कार नहुन्जेल तिनवटा पीण्डदान गरिन्छ । त्यसपछि १० दिनसम्म किरिया वस्ने र प्रत्येक दिन १ छाक मात्र खाने गरिन्छ ११ औं दिनमा किरिया कर्म सिध्याएर छोराले ४५ दिन वरखी वस्नुपर्छ वरखी सिध्याएपछि प्रत्येक वर्ष मरेकै तिथिमा श्राद्ध गर्ने गरिन्छ । अहिले आएर यो संस्कारको अवज्ञा गरी आएको पनि देखिन्छ ।

**प्रचलित चाडपर्वहरू**

हिन्दू समाजमा विभिन्न प्रकारका चाडपर्वहरू मनाउने संस्कार कायम छ । त्यस्तै दैलेख जिल्लाको यस क्षेत्रमा पनि विभिन्न चाडपर्वहरू मनाइन्छ । जो यस प्रकार छन् ।

१.नयाँवर्ष :-

यो चाड नयाँ वर्ष सुरू भएको अवसरमा मनाइन्छ । घरघरमा विभिन्न खानाको परिकार बनाइन्छ । बिबाहित महिलाले तागा लगाउँछन् । बिबाहित पुरुषले जनै धारण गरेझैं विवाहित महिलाले धागोको तागा लगाउने चलन छ । तागा ब्राह्मणहरूले बाटेर घर घरमा पुऱ्याउने गर्दछन् ।

२. साउने सङ्क्रान्ति

साउन १ गते मनाइने हुँदा यस चाडलाई साउने सक्रान्ति पनि मानिन्छ । घर घरमा मिठो खाना खाने । निश्चित स्थानमा मेला भएर नाँचगान गर्नेवेलुकी पख दिपालोको राँको धान, मकै, कोदो, खुर्सानी र पिनालु, लगाएको वारीमा गाँड्ने र घरको सङ्घारमा कुरिलार कपाल दियालोको राँकोमा जलाउने दर्हन डुङ्गा फुटाल्ने र फुटाल्ने व्याक्ति दौडेर आइ एकछिन घरको ढोकाहरू छुने परम्परा छ ।

३. कृष्ण जन्माष्टमी

यो चाड भाद्र कृष्ण पक्षको अष्टमी तिथिका दिन मनाइन्छ जुन दिनलाई भगवान कृष्ण जन्मेको दिन मानिन्छ । यस दिनमा विशेष गरेर पुरुषहरू ब्रतबस्ने र कतै महिला पनि व्रत बस्छन् । वेलुकी पख खिर, दही र केरा खाने चलन छ ।

४. तिज

यो चाड भाद्र शुक्ल पक्षको तृतीया तिथिमा मनाइन्छ । यो चाडमा महिलाहरू व्रत बस्छन् र दिनमा निश्चित स्थानमा भेला भएर नाचगान गर्दछन र बेलुकी घरमा कृष्णको प्रतीक कुशको मूर्ति बनाई पूजा गर्दछन र सो दिनमा पनि भएसम्म खिर दही र केरा खाने चलन छ ।

५. दसैँ

यो चाड करिव १५ दिनसम्म मनाइन्छ । आश्पिन शुल्क प्रति पदा देखि सुरू भएर पूर्णिमासम्म अर्थात् १५ दिनसम्म मनाइन्छ ।

पहिलो दिनमा घरको एक कोठामा जमरा राखिन्छ । यो हिन्दूहरूको महान चाड पनि हो । ऋण काढेर भएपनि मीठा खाने राम्रो लगाउने चलन छ । अष्टमीको दिनमा घर घरमा साकाहारी वली काटिन्छ । यसमा कुपिण्डो, काँक्रो, केरा, अमिलो र लौका वा चिचिण्डाको ५ वटा बली बनाएर काट्ने गरिन्छ । साथै कतै २ बोका पनि काटिन्छ दशमीको दिनमा शुभ साइत हेरेर प्रति पदाका दिन राखिएको जमरा उखेलेर जमरा र टीका लगाउने चलन छ । विभिन्न परिकार बनाएर खाने र खुवाउने गरिन्छ । विशेष गरी माइती घर तफृ चेलीवेटी र जुवाइहरू टीका थाप्न जान्छन् ।

६. तिहार

हिन्दूहरूको निम्ति दसैँ पछिको दोस्रो ठुलो चाड हो । यसलाई दिपावली पनि भनिन्छ । पौराणिक कथनलाई आधार मानेर यस चाडमा दाजुहरू दिदी बहिनी कहाँ टीका लगाउन जान्छन् । दाजुभाइलाई कहिनीले टीका लगाइ विभिन्न प्रकारका खानेकुरा दिन्छन् र दाजुभाइले गच्छे अनुसार रूपैँया र लुगा कपडा दिन्छन् ।

७. माघेसक्रान्ति

माघ १ गते मनाइने भएकाले यस चाडलाई माघेसक्रान्ती पनि भनिन्छ । विहानै उठेर नदी वा धारामा गएर स्नान गरिन्छ घरमा आएर टीका लागाउने दक्षिणा दिने चलन छ ।

८. चैत्राष्टमी र रामनवमी

यो चाड चैत्र शुक्लपक्षको अष्टमी र नवमी तिथिमा लगातार दुई दिन मनाइन्छ । अष्टमीको दिनमा नजिकको देव देवीका स्थानमा गई वली काटिन्छ र नवमीको दिनमा मिठो खाने र टीका लगाई दक्षिणा दिने चलन छ ।

यसरी माथि उल्लेखित प्रकारका चाडपर्वहरू दैलेख जिल्लाको चिंगाड क्षेत्रमा प्रचलित छन् यिनै चाडपर्वहरू मनाएर रमाइलो गर्ने परम्परा यस क्षेत्रसम्म पनि यी प्रचलन कायम रहेको देखिन्छ ।

## २.५ राजनीतिक विभाजन

विगतमा दैलेख एक राज्यको रूपमा रहे पनि २०१९ को संविधानले देशका ७५ जिल्ला मध्य एक जिल्लाको रूपमा रहेको छ । यसरका पूर्वी सीमाना सुर्खेत र जाजरकोट पश्चिमी सीमाना अछाम उत्तरमा कालीकोट र दक्षिणमा सुर्खेत रहेका छन् । भिन्न भिन्न समयमा दैलेखलाई भिन्न राजनीतिक एकाइमा विभाजन गरिए तापनि हाल आएर यस जिल्लालाई दुई निर्वाचन क्षेत्र एघार इलाका र पचपन्न गा.वि.स. र एक नगरपालिकामा राजनीतिक विभाजन गरिएको छ ।

भौगोलिक तथा प्राकृतिक विभाजन :-

नेपाल विश्वका विशाल जनसङ्ख्या भएका देश चिन र भारतको बिचमा अवस्थित छ । यही स्थितिलाई दृष्टिगत गरी पृथ्वीनारायण शाहाले नेपाल दुई ढुङ्गा बिचको तरुल हो भनेका थिए । हिमाल, पहाड, तराई गरी मुख्य तिन प्राकृतिक विभाजन गरिएको नेपाललाई १४ अञ्चलको नामकरण गर्दा १० अञ्चलको नामकरण नदीका नामबाट २ अञ्चललाई हिमालको नामबाट र २ अञ्चल पवित्र तीर्थस्थलका नामबाट नामाकरण गरिएको छ । भेरी अञ्चल नदीको नामबाट नामकरण गरिएको अञ्चल हो । यसरी दैलेख जिल्ला भेरी अञ्चलमा पर्ने पहाडी जिल्ला हो । पहाडी प्रदेश अन्तर्गत पर्ने यो जिल्ला समुद्ध सतहबाट ६५० मिटर देखि ४५०० मिटरसम्म रहेको छ । जलस्रोतका दृष्टिले दैलेख धनी जिल्लाकै रूपमा रहेको छ । कर्णाली नदी दैलेखको सीमाना भएरै बगेको छ । भने लोहोरे, छामघाट जस्ता अन्य ससाना नदीहरू पनि रहेका छन् । प्राकृतिक हिसाबले यस जिल्लालाई लेकाली र बेसी गरी २ फाँटमा विभाजन गर्न सकिन्छ । यस जिल्लाका अग्ला लेकहरूमा महाबु, तिनचुले, भवानथान, रानीमत्ता पर्दछन् ।

विकासका दृष्टिले यो जिल्ला भरखरै बामे सर्न लागेको प्रतीत हुन्छ । केही वर्ष अघि मात्र सुर्खेत दैलेख मोटर बाटोको निर्माण पूरा भएको छ विद्युत पनि सदरमुकाम र त्यसका वरपरसम्म पुगेको छ ।

## २.६ जनसङ्ख्या

दैलेख जिल्ला पहाडी जिल्ला भए पनि यहाँ को जनसङ्ख्या बढि नै छ । वि.स. २०५८ सालको जन गणना अनुसार दैलेख जिल्लाको जन सङ्ख्या २२५१८९ रहेको छ । जस मध्ये निर्वाचन क्षेत्र नं. १ मा १४५२७ र नि.व.नं.२ मा ७९७६१ जना मानिसहरू बसोबास गर्दछन् ।

जनसङ्ख्या विवरण यस प्रकार रहेको छ ।

घरधुरी – ४११३९

पुरुष – ११०११३ (४८.९०%)

महिला – ११५०७६ (५१.१०%)

कुल – २२५१८९

जन घनत्व १५९.६३ [३]

## २.७ शैक्षिक अवस्था

दैलेख जिल्लामा धेरै पहिले देखि नै गुरुकुल शिक्षाबाट शिक्षा आर्जन गर्ने प्रचलन भए पनि विधिवत रूपमा सर्व प्रथम वि.सं. २००८ मा त्रि.उ.मा.विको स्थापना पछि भएको पाइन्छ । त्यस पछि विस्तारै शिक्षा क्षेत्रमा अघि बढन लागेको दैलेख जिल्लामा हाल आएर १६९ बाल विकास केन्द्र ४१० प्रथामिक, १०६ निम्न माध्यमिक ५० मा.वि. ३९ उ.मा.वि. र २ क्याम्पस रहेका छन् । त्यसै गरी ३ बोडिङ्ग र ५ अ.प्रा.शिक्षा कार्यक्रम रहेका देखिन्छ । दैलेख जिल्लाको कुल साक्षरता ५१. ९% मध्ये महिला साक्षरता ५१.९ तथा पुरुष साक्षरता ६३.४० % रहेको देखिन्छ ।

## २.८ स्वास्थ्य

स्वास्थ्यका दृष्टिकोणले दैलेख जिल्लाको ठालु डाडाँ स्थित जिल्ला अस्पताल नै यहाँको उच्च स्तरीय अस्पतालको रूपमा रहेका छ । अन्य प्राय सबै गा.वि.स. हरूमा स्वस्थ्य उचपारका लागि विभिन्न स्वास्थ्य केन्द्रहरू स्थापना भएका छन् । जसको कारण सामान्य उपचारको निम्ति धेरै टाढा जानु पर्ने देखिदैन । जिल्ला भरमा स्वास्थ्य सेवा प्रदान गर्ने स्थापना भएका संस्थाहरूलाई निम्नानुसार देखाउन सकिन्छ ।

जिल्ला अस्पताल १/१५ शैया

प्राथमिक स्वास्थ्य केन्द्र १/३ शैया

स्वास्थ्य चौकी ८

उपस्वास्थ्य चौकी ५०

आँखा उपचार केन्द्र १

आर्युवेद अस्पताल २

निजी क्षेत्रबाट संचालित औषधि पसल १७३

[३] जनगणना २०५८, जि.वि.स., दैलेख ।

## २.९ यातायात

दैलेख जिल्ला हाल सम्म पनि यातायातको दृष्टिकोणले त्यति सुगम मानिदैन । तर सुर्खेत–दैलेख ६७ कि.मी. सडक हाल ओटाशिल प्रविधिबाट पिच निर्माण भइरहेको छ । त्यसै गरी कर्णाली राजमार्गको सुर्खेत जुम्ला सटक ७६ कि.मी दैलेखमा नै पर्छ । तल्लो डुगेश्वर–शियाकोट ८ कि.मी. सडक पिच हुने अवस्थामा छन् । यसै गरी विश्वखाद्य कार्यक्रम RAP (र्‍याप) द्‌वारा चुप्रा–वेस्तडा, मेहेलतोली सडक दैलेख–महाबु सडक रामघाट ठाटी काँध– सिहासैन सटक तथा जि.वि.स. र अन्य संस्थाहरूको सहयोगमा संचालन भैरहेका सडकहरू अहिले गा.वि.स.का वडाहरूमा समेत संजाल फैलाउने कार्य भैरहेका छ । वातावरण तथा भूखण्डको अध्यय नवीन बनेका अधिकाँश सडकहरूको दिगोपनमा अध्यवधि सन्तोष जनक स्थिति रहेको पाइँदैन । हाल निर्माणाधिन सडकहरू र योजनाहरूको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक छ । [४]

## २.१० निष्कर्ष

दैलेख जिल्ला नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलका ५ जिल्ला मध्ये एउटा पहाडी जिल्ला हो । ५५ वटा गा.वि.स. ११ इलाका र २ निवार्चन क्षेत्रमा विभाजित यस जिल्लामा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । आफ्नो संस्कृति परम्परामा गौरब गर्ने दैलेखका जनताहरूमा धार्मिक सहिष्णुता, सहअस्तित्त्व र आफू-आफू बिचमा समझदारी रहेको पाइन्छ ।

दैलेख जिल्लामा प्राचीन समयदेखि हालसम्म आइपुग्दा ऐतिहासिक धार्मिक, शैक्षिक, राजनीतिक दृष्टिकोणले अगाडि रहेको छ । जीवन निर्वाहको प्रमुख स्रोत कृषि भएको यो जिल्लाका मानिसहरूको अन्य श्रोतमा व्यापार उद्योग स्वदेशी तथा वैदेशिक रोजगारी रहेको छ । भौगोलिक विकटताका कारण ढिलो मात्र यातायातको सुविधा प्राप्त गर्दै गएको यस जिल्लाका मानिसहरू संचार र शिक्षाको क्षेत्रबाट भने अगाडि नै रहेका छन् । विकास निर्माणको काममा यो जिल्लाले विभिन्न स्वदेशी तथा विदेशी सङ्घसंस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गरिरहेको छ । यहाँका मानिसहरू विकास निर्माणका कार्यमा एकजुट हुने र आपसी समझदारीकासाथ अग्रसर भएको देखिन्छ ।

---

[४] कर्मचारी मिलन केन्द्र, दैलेख, अङ्क ३, वर्ष ३, २०६६ ।

# परिच्छेद–तिन
# लोकगीतको सैद्धान्तिक परिचय

## ३.१ लोक साहित्य

'लोक' शब्द अङ्ग्रेजीको 'फोक' शब्दको समानार्थी शब्दको रूपमा प्रयोग गरिएको पाइन्छ । यस शब्दको प्रचलन प्राचीन समय देखिनै विशिष्ट रूपमा रहेको देखिन्छ । ऋग्वेद, उपनिषद, ब्राह्मण ग्रन्थ एवं संहिताहरूमा 'लोक' शब्दलाई सर्वव्यापक तत्त्वकारूपमा स्वीकार गरिएको पाइन्छ । 'लोक' शब्दले सामान्यतया संसार वा जगत् भन्ने अर्थ वोध गर्ने भए तापनि लोक साहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशका परम्पराको जीवित रहने बर्गलाई बुझाउँछ ।[1] 'लोक' शब्द संस्कृत हो र यसको वैदिक अर्थले विशेष रूपमा संवेदनशील र अनुभूतिशील जनसमुदायलाई बुझाउने गर्दछ ।[2] हाल आएर लोक शब्द एउटा पारिभाषिक शब्द बनेको छ । अधिकाँश विद्वानहरू यसलाई साधारण जनसमाजको अर्थमा लिन्छन्, जसभित्र जाति, बर्ग, धर्म संस्कृति आदि समेटिएको हुन्छ । लोक साहित्यमा 'लोक' शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । 'साहित्य' शब्दले जनताको हितका निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति लोकसाहित्य हो भन्ने अर्थ व्यक्त गर्दछ । यसरी समष्टि अर्थ लोक वा जनताको कल्याणको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति 'लोकसाहित्य' हो भन्ने अर्थ प्रयुक्त भएको छ । वास्तवमा लोकसाहित्यको प्रचलन गाउँमा बढी हुन्छ जहाँ शिक्षित भन्दा अशिक्षित व्यक्तिको माझमा लोकसाहित्यले व्यप्ति पाएको हुन्छ । लोकसाहित्यमा लोकतत्त्व प्रमुख रूपमा देखिन्छ भने शास्त्रीयताचांहि गौण भएर रहेको हुन्छ । लोकसाहित्य भन्नाले समाजको मस्तिष्क अथवा प्राणस्वरूप मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा श्री सम्पत्तिको रूपमा अङ्गीकार गरिराखेको हुन्छ ।[3]

लोकसाहित्य मौखिक परम्परामा हुर्केको हुन्छ, कुन बेला कसले सृजना गऱ्यो भन्ने कुरा यसमा हुदैन । लोकसाहित्य लोकबाट आएको, लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो । यसमा लोकमानसका समस्त क्रिया–

[1] ईश्वर वराल र अन्य (सम्पा) **नेपाली साहित्य कोश** (काठमाडौः ने.रा.प्र.प्र., २०५५) पृ. ४३१ ।

[2] धर्मराज थापा, **गण्डकीका सुसेली** (काठमाडौ : ने.रा.प्र.प्र., २०३०) पृ. १३ ।

[3] ईश्वर वराल र अन्य (सम्पा) **पूर्ववत्** पृ. ४३१ ।

प्रतिक्रिया गुन्जन्छन् र लोकको आत्मजीवन बोल्छ ।[४] यसरी लोकसाहित्यमा लोकजीवनका हाँसो–आँसु, हर्ष–विष्मात, सुख–दुःखको अभिव्यक्ति हुन्छ । लोकसाहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति हो, जुन लोकले सरल र स्वच्छन्दरूपले ग्रहण गर्दछ । लोकले सजिलै वुभ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो र आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो । लोक साहित्य लोक जीवनमा कहिल्यै नहराउने अजर अमर साभ्ना सम्पत्ति हो । यसरी लोक मानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल अभिव्यक्ति भएको, अज्ञात रचयिता, निरन्तर परिवर्तनशीलता, शास्त्रीय वन्धनबाट मुक्त रहेर लोकमा आधारित मानवजीवनको हर्ष-विस्मात, हाँसो-आँसु, सुःख-दुःख, माया-प्रेम आदिको चित्रण भएको मौखिक साहित्य नै लोक साहित्य हो ।

### ३.१.१ लोकगीतको परिभाषा

लोकसाहित्यका विधाहरूमध्ये सर्वव्यापी, सर्वप्रिय विधा लोकगीत हो । लोकसाहित्यकै महत्त्वपूर्ण पाटो लोकगीत हो । जात र सामाजअनुसारका लोकगीत प्रचलनमा आउने गर्दछन् । लोकगीत कै रूपमा हेर्दा खस बाहुन समाजमा सिलोक कविता, भजनकीर्तन, संगिनी आदि प्रचलित छन् । गुरूङ्ग मगर समाजमा घाटु, रोइला, सोरठी आदि गाइन्छ भने तामाङ्ग र शेर्पा जातिको समाजमा सेलो गाइन्छ । यसरी लोकगीत जाति समाज ठाउँ अनुसार फरक-फरक स्वरूपमा देखा पर्दै त्यस समाजको दुःख-सुखको साथी बनेको हुन्छ । लोकगीतमा ‘लोक’ र ‘गीत’ यी दुई शब्दको समस्त पदका रूपमा आएका छन् । अङ्ग्रेजीको ‘फोकसङ’ (Folk song) को पर्यायबाची शब्द लोकगीत हो । हिन्दी शब्दकोशमा लोक गीतका निम्ति तिन अर्थ लगाएको पाइन्छ । लोकमा प्रचलित गीत (२) लोकनिर्मित गीत (३) लोक विषयक गीत ।[५] नेपाली बृहत् शब्दकोशले लोकगीतलाई समाजमा परम्परादेखि गाउदै र चल्दै आएको गीत भनेर अर्थ्याएको छ ।[६] यसरी लोकगीत समाजमा वसोवास गर्ने जनताले निर्माण गरेका र परम्परादेखि चल्दैआएको लोकजीवनको लयात्मक मौखिक अभिव्यक्ति हो भन्न सकिन्छ । लोकगीतलाई परिचित गराउने सर्न्दभमा विभिन्न समयमा विभिन्न ग्रन्थहरूमा विद्वानहरूले आ-आफ्नै किसिमले

---

[४] कृष्णप्रसाद पराजुली, **लोकसाहित्य परिभाषा र लोकसाहित्यलाई छुट्टयाउने आधार,** कुञ्जिनी, वर्ष ५, अङ्क, ३, २०५४, पृ. १०१ ।

[५] धिरेन्द्र वर्मा, **हिन्दी साहित्यकोष**, **भाग–१,** दो.सं., (वाराणासी ज्ञान मण्डल लि. ई. १९२०) पृ ७५० ।

[६] बालकृष्ण पोखरेल र अन्य (सम्पा) **नेपाली वृहत शव्द कोष**, (काठमाडौः ने.रा.प्र.प्र., २०५८) पृ. ११२०।

परिभाषा गरेको पाइन्छ । नेपाली साहित्यकोशमा लोकगीतलाई यस प्रकार परिभाषित गरेको छ, "नेपाली लोकसाहित्यको प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफैले जन्माउछ । यो सरल हुन्छ, सुवोध हुन्छ र लोक प्रिय हुन्छ । यसमा लोकजीवन छर्लङ्गीत ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अत लोकगीतमा कविता सृजना गर्ने कविहरूको नाम उल्लेख भएको पाइँदैन । यसको संरचनामा कुनै पूर्वयोजना पनि हुदैन ।[७] भारतीय लोकसाहित्यका विद्वान परमारका अनुसार लोगगीत परम्पराको त्यो महानदी समान हो जुन स साना नदी मिलेर बनेको हुन्छ ।[८] चाखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत । यसैले मानव सिर्जनाको पहिलो प्रस्फूरण लोकगीत नै हो ।[९] कसैका बक्सिस, लोभ, आशा र स्वार्थमा नपरेका, नरनारीहरूका दुःखितपीडित, आक्रान्त, सम्भ्रान्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त र वियुक्तसमेत जो कोही जाति, व्यक्ति, लिङ्ग समाज र उमेरका मानिसले कुनै बन्धनले बद्ध नभएर बनाएको जो गीत हो त्यो नै लोकगीत हो ।[१०] वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपीडीयाले लोकगीतलाई यस प्रकार परिभाषित गरेको छ लोकगीत नाम विहीन सङ्गीत हो, जो कुनै गाउँविशेषमा प्रचलित हुन्छ जुन अरू कुनै कलात्मक सङ्गीत कुनै प्रशिक्षित रचनाकारको भन्दा पृथक् हुन्छ । लोकगीत मौखिक रूपमा हस्तान्तरित भएको सँगीत हो । मुख्यरूपमा प्रेम, प्रणय, लडाई, देशभक्ति, बालगीत लोकगीतको उदाहरणमा लिन सकिन्छ । अङ्ग्रेजी व्यालेडको जस्तै लयबद्ध र नाच्न योग्य तथा विशेष गरेर लोकगीतमा सुरिलो मधुर गुणको विद्यमानताका कारण बारम्बार (टेक) अथवा गीत नै दोहोर्‍याईए तापनि झन्झट र दिग्दारी लाग्दो हुदैन । बृहत् रूपमा फैलिएको विभिन्न समुदायहरूको लोकगीतका समानताले एउटा साझा परम्परा र समयको निर्देशन गर्दछन् । लोकगीत भनेको लोकजीवनको रागात्मक स्वस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका सुख-दुःख, हाँसो-आँसु, आशा-निराशाका साथै लोकको चालचलन, व्यवहार, आस्था र मान्यताको चित्रन हुन्छ । यसमा लोकको सम्पूर्ण चत्र प्रस्तुत भएको हुन्छ र लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ ।[११] लोकगीतको

[७] ईश्वर वराल र अन्य (सम्पा) **पूर्ववत्** पृ. ४३६ ।

[८] श्याम परमार, **भारतीय लोकसाहित्य** .(दिल्लीः राजकमल प्रकाशन लि.ई. १९४५) पृ.५३ ।

[९] धर्मराज थापा, **गण्डकीका सुसेली,** पूर्ववत् पृ. ख ।

[१०] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास,** (स्याङजा, लेखक स्वयम् २०४३ ) पृ. ११२ ।

[११] चूडामणि वन्धु, **लोकसाहित्य** (काठमाडौः एकता बुक्स, २०५८) पृ. ११५ ।

क्षेत्रमा अध्ययन गरी विशिष्ट कृति 'नेपाली लोकगीतको आलोक' प्रकाशन गरिसकेका कृष्ण प्रसाद पराजुली लोकगीतको परिभाषा यसरी गरेका छन् : "लोकगीत लोक ह्रदयको स्वस्फूर्त, सुकोमल लयात्मक अभिव्यक्ति हो । लोकजीवनको रागात्मक प्रस्तुतिका क्रममा मानव सभ्यता र संस्कृतिमा प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातिय जीवनलाई चिनाउदै लोकको साझा ढुकढुकी हुनु, यसको गरिमा हो । धर्तीका काखमा सुख दुःख भोग्दै रमाएका असंख्य जनताका हृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलवलाउने अविछिन्न तथा सहज गीति प्रबाह नै हो लोकगीत ।[१२]

वास्तवमा लोकगीत आदिम उल्लास र बिरहबाट सिर्जित सामुदायिक गायनमा आधारित गीत जहाँ सँगीत र काव्यको समिश्रण हुनुका साथसाथै मातृभाषाको नाताले मानवसमाजका सुख-दुःख, अभाव, दया, माया, प्रेम भाव अभिव्यक्ति उद्गारको रूपमा निस्केर लयदार काव्यमयशैलीमा सिर्जित गुन्जन लोकगीत हो । नेपाली जीवनको आत्मालाई प्रकाश पार्दै सजिवता भरेको काव्यधारा जुन हृदयको बारीमा सरलता, सहजता, व्यापकता, मार्मिकता, रागात्मकता, मौलिकता, सक्षमता चरित्र, चित्रण र परिवेश रागात्मक आलाप पूर्णिमाको रातमा धानका सुनौलो बालाहरू हावामा बहेली खेलेका र गुराँसका फूलमा टल्किएको शीतमा झल्केको सूर्यलाई देख्दा उद्गार भएको गीत नै लोकगीत हो ।

### ३.१.२ लोकगीतका तत्त्वहरू

लोकगीत लोक समुदायको साझा सम्पत्ति हो । यो लोककला हो । लोक साहित्यका अन्य विधाहरू भन्दा यो बढी लोकप्रिय बन्न पुगेको छ । लोकगीतमा पनि अन्य लेख्य साहित्यिक विधाहरूमा जस्तै विभिन्न तत्त्वहरूको उपस्थिति रहेको हुन्छ । तिनै तत्त्वहरूका माध्यमबाट नै लोकगीतको आफ्नै किसिमको संरचना बनेको हुन्छ ।

नेपाली लोकगीतका विश्लेषक डा. चूडामणि बन्धुका बिचारमा लोकगीतको संरचनामा ६ तत्त्वको संयोजन गरिएको पाइन्छ । (१) कथ्य, (२) भाषा, (३) चरण वा पद, (४) स्थायी अन्तरा, ५) रहनी र वथन, (६) लय र भाका[१३] । यसका अतिरिक्त बन्धुले नृत्य र बाद्यलाई पनि गौण तत्त्वका क्रममा राखेको पाइन्छ । कृष्ण प्रसाद पराजुलीका बिचारमा लोकगीत ६ तत्त्वको संयोजनबाट बनेको हुन्छ ।

[१२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** (काठमाडौं: वीणा प्रकाशन, २०५७) पृ. ६९ ।

[१३] चूडामणि बन्धु **लोकसाहित्य पूर्ववत्,** पृ. ११५ ।

ती हुन् : (१) संरचना, (२) लय, (३) गेयता, (४) कथनपद्धति, (५) भाषा र (६) भाव ।[१४] पराजुलीले पनि नृत्य र बाद्यलाई सहायक तत्त्वको रूपमा उल्लेख गरेका छन् । (डा.) गोविन्द आचार्यले लोकगीतका तत्त्वहरूलाई दुई रूपमा विभाजन गर्दै भन्छन् - लोकगीतमा आउने तत्त्वहरूलाई अनिवार्य तत्त्व र ऐच्छिक तत्त्वको रूपमा बर्गीकरण गर्नु उपर्युक्त देखिन्छ ।[१५] आचार्यले अनिवार्य तत्त्व अन्तर्गत भाषा, सङ्गीतात्मकता, गायक-गायिका र कथ्य वा भावलाई उल्लेख गरेका छन् भने ऐच्छिक तत्त्वको पङ्क्तिमा काव्यात्मकता, रहनी वा थेगो, झ्ाँकी, अन्तरा-स्थायी, वाद्य-नृत्य, अभिनय पहिरन, श्रोता वा दर्शक र सहभागीलाई राखेका छन् । डा. मोतीलाल पराजुलीले लोकगीतको संरचनामा तत्त्वहरूले मुख्य भूमिका खेल्ने उल्लेख गर्दै लोकगीतमा ५ तत्त्वहरू हुने कुरा बताएका छन् । उनका अनुसार (१) कथ्य विषयवस्तु वा भाव (२) भाषा (३) स्थायी अन्तरा थेगो (४) लय वा भाका र (५) सङ्गीत नै लोकगीतका बास्तविक तत्त्व हुन् ।[१६]

उपर्युक्त अध्येताहरूको तत्त्व बर्गीकरणलाई समीक्षा गर्दा लोकगीतका तत्त्वहरू निम्न लिखित रहेका छन् ।

१. सन्देश

२. लय (भाका)

३. भाव

४. थेगो र पुनरावृत्ति

### ३.१.३ लोकगीतका विशेषताहरू

मानवको सृष्टिदेखि नै मानव सभ्यताको विकासका विभिन्न खुट्किलाहरूलाई समेट्ने क्रममा मानव र आफ्नो समाजको सुख - दुःख, पीडा-व्यथा, उत्साह, बैराग्य, आदि विविध क्रियाकलाप र तिनीसँग सम्बन्धित मानव मनका अनूभूति, कल्पनालाई मूर्त रूपमा जीवन्त तुल्याउने घट्ने घटनाहरू रहनसहन रीतिरिवाज आदिको चित्रण भएको विधा नै लोकगीत हो । जीवनका विभिन्न समयमा आउने उतार-चढावहरू, माया, प्रीति देखि जीवनका विविध पक्षलाई लोकगीतले समेटेर ल्याउने हुँदा लोकगीतका विशेषता यति नै भनेर

[१४] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक,** पूर्ववत्, पृ. ७६ ।

[१५] गोबिन्द आचार्य, **लोकगीतको विश्लेषण** (काठमाडौः पैरवी प्रकाशन........) पृ. २।

[१६] मोतीलाल पराजुली, **लोकगीतको संरचना** (कुञ्जिनी ११ः ८, २०६०) पृ २१ ।

किटान गर्न सकिदैन । यहाँ मुख्य-मुख्य विशेषताहरू बुँदागत रूपमा चर्चा गरिएको छ ।

**क) मौखिक परम्परा:** लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिवद्ध गरेर सङ्कलन गर्न सकिए तापनि रच्न भने सकिदैन । लोकगीत एक व्यक्तिबाट अर्को व्यक्ति, एक पिंढीबाट अर्को पिंढी, एउटा गाँउबाट अर्को गाउँमा, एक ऋतुबाट अर्को ऋतुमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले लोकगीत गतिशील र परिवर्तनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको प्रमुख विशेषता हो ।

**ख) सामूहिक भावभूमि**: लोकगीत लोकजीवनको सामूहिक अभिव्यक्तिको माध्यम हो । यसमा कुनै किसिमको सीमावन्धन हुदैन । एक ठाँउबाट चलेको लोकगीतलाई एउटा व्यक्तिमा मात्र सीमित नभएर त्यो त त्यस समाजको सामूहिक सम्पत्ति हो । लोकगीतमा जसले गाए पनि पीडा र उल्लास भने सामूहिक रूपमा प्रभाव पर्ने गर्दछ । लोकगीतमा मानवीय भावनालाई सामूहिक रूपमै व्यक्त गरिएको हुन्छ । लोकगीत वौद्धिकता भन्दा हार्दिक पक्षलाई बढी जोड दिने हुनाले निकै लयदार हुन्छ । सामाजिक उपजमा प्रस्फुटन हुने हुनाले सामूहिक भावभूमि लुकेको हुन्छ । लोकगीत व्यक्तित्त्व विहीन भएकाले यसले वैयक्तिकताबाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

**ग) अज्ञात रचयिता**: लोकगीतहरू कसले रचना गरेको हो र कहाँ रचना भएको हो भन्ने थाहा हुदैन लोकगीत समय सीमालाई नाघेर निरन्तर प्रबाहमा वग्दै जान्छ । यसको श्रष्टाचाँहि पार्श्वभूमिमा छिपेको हुन्छ । जीवन गतिशील छ गतिशील जीवनसँग समयको फेर बदल सहित एक पुस्ताबाट अर्को पुस्ता, एक स्थानबाट अर्को स्थान सम्म जाने क्रममा आफैमा पनि परिवर्तित हुंदै जान्छ । गीतको रचना कसले गरेको हो त्यो कुराको महत्त्व गौण हुन्छ भने लोकगीत पहिले देखि नै लिपिवद्ध नहुने हुँदा रचयिता अज्ञात हुनु यसको विशेषता हो ।

**घ) सहजता स्वभाविकता:** लोकगीत सरल अपठित ग्रामीण जनसमुदायको अभिव्यक्ति हो । लोकगीत विना साधाना सहज प्रतिभाका रूपमा प्रतिभा ज्वारबाट निस्केको भावधारा हो । लोकगीत सहज तथा हार्दिक हुने गर्दछ । यसमा कृत्रिमताको आभास रहदैन ।लोकगीतका झुल्का यसमा स्वाभाविकताका मूलबाट फुटेर आइरहेको हुन्छ । कुनै पनि लोक गायकले कुनै पनि अवसरमा स्वतस्फूर्त

रूपमा गीतको सिर्जना गरी आफूले कुनै पनि भाकामा गुनगुनाउन सक्छ । यसप्रकार सहजता एवम् स्वभाविक तापनि नेपाली लोकगीतको विशेषता हो ।

**ङ) मौलिकता सरलता** : लोकगीतहरू कसैको कुनै गीतको अुकरण वा अनुवाद गरेर रचिदैन । लोकगीतहरू सम्बन्धित स्थलमा तत्काल रचिन्छ । लोकगीत स्वभावैले स्वच्छ सरल र सहस हुन्छ । लोकगीतमा प्रयूक्त भाषामा आफ्नैपन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयका उद्‌गार एवम् झङ्कार व्यक्त गर्न प्रर्याप्त सक्षम रहेको हुन्छ । त्यसैले लोकगीत मौलिकपनाले छताछुल्ल भएर रहेको हुन्छ । यसमा बनावटी र पूर्व निश्चित सिद्‌धान्त रहेको हुदैन, जस्तो अवस्था छ, त्यस्तै प्रकारका लोकगीत प्रस्फुटन हुने गर्दछ । यही विशेषताले लोकगीतका भाव सजिलै सित बुझ्न र ग्रहण गर्न सकिन्छ ।

**च) प्रकृति-चित्रण** : लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध गाँसेको हुन्छ । प्रायः लोकगीतको पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोस्रो पङ्क्तिमा अर्थतात्त्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभिरका बिभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिएको हुन्छ । वसन्तको हरियाली, वर्षाको झरी, वादल, विजुली, खोला, भिर, पाखा आदिको वर्णन गरिएको हुन्छ । प्रकृतिसँग तादाम्य हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आँखाले देखेका र आफूले भोगेका कुरालाई लोकजीवनमा ट्याप्प प्रस्तुत गर्ने हुँदा लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता प्रकृति चित्रण हो ।

**छ) स्वच्छन्दता**: लोकगीतमा कुनै पनि शास्त्रीय वन्धन नभई लोकजीवनको सहजानुभूतिमूलक हार्दिक अभिव्यक्ति हो । लोकसर्जकहरूले आफ्ना अनुभूति कल्पनालाई टपक्क टिपेर उन्मुक्त वातावरणमा आफूलाई प्रस्तुत गर्न मन पराउँछन् । कृत्रिमता बौद्‌धिकताको रुखोपनाबाट माथि उठेर कल्पनाका धनी सर्वसाधारण मानिसका भावना र  कल्पनालाई स्वच्छन्द रूपले लोकगीतमा प्रस्तुत गरिएको पाइन्छ । शास्त्रीय वन्धनबाट मुक्त रहेर सरल, सहज, र स्वाभाविकरूपमा अभिव्यक्ति प्रस्टिनु नै लोकगीतको स्वच्छछन्दता महत्त्वपूर्ण विशेषता हो ।

**ज) कथन विविधतः** नेपाली लोकगीतका अनेक रूप लय र कथनकला छन् । कतिपय गीतहरूमा प्रश्नोत्तर प्रवृति पाइन्छ । झ्याउरे, दोहोरी गीतहरूमा एकपक्षले उत्तर दिएर प्रश्न गर्छ, भने अर्को पक्षले सोधिएको प्रश्नको उत्तर दिएर फेरी प्रति प्रश्न गर्छ । यो त्यतिन्जेल चलिरहन्छ जतिबेलासम्म गीत गाइन्छ । त्यसैगरी

पुनरावृत्ति प्रवृतिले लोकगीतलाई आफ्नैपन प्रदान गरेको हुन्छ भने थेगो र रहनीले लोकगीतलाई स्वादिलो वा रसिलो बनाएको हुन्छ ।

**झ) मनोरञ्जनात्मकता:** लोकगाथामा गायक आफैलाई आफ्नो परिवेश र परिवेशका जनसमुदायलाई मनोरञ्जन दिनेकाम लोकगीतले गरिरहेको हुन्छ । भावाभिव्यक्ति स्वयम् एक प्रकारको स्वान्तःसुखाय मनोरञ्जन हो । सटिक प्रश्नको सटिक उत्तर दिएर वा शृङ्गारिक रोमाञ्चक कुनै पनि प्रकारको गीत गायन र श्रवण द्वारा गीत गाउने र सुन्नेलाई मनोरञ्जन दिने काम लोकगीतले गरिरहेको हुन्छ ।

### ३.१.४ लोकगीतको महत्त्व

लोकगीत लोकजीवनको लोकव्यवहार र जीवनका अनुभूतिहरूको प्रस्तुत भएको हुँदा लोकगीतको अध्ययनले व्यक्तिलाई आफ्नो परम्परा संस्कृति, धर्म र संस्कार प्रति अझ सचेत र आस्थावान् बनी आफ्नो पहिचानप्रति अझ सजक बनाइरहेको हुन्छ । लोकगीतले लोकजीवनका सुख-दुःखका प्रत्येक अवस्था, प्रत्येक समय र प्रत्येक घामछायाँमा साथ दिइरहेको पाइन्छ । समाजको विकासक्रमलाई बुझ्न र लोकजीवनका सांस्कृतिक, ऐतिहासिक, भाषिक, साहित्यिक, आर्थिक भौगोलिक आदि पक्षलाई अध्ययन विवेचना गर्नका लागि समेत लोकगीतबाट सहयोग पाउन सकिन्छ । कुनै पनि देशको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । समाजमा प्रचलित भाषाको अध्ययन गर्दा लोकगीतबाट नै गर्न सकिन्छ । लोकगीतले सामाजिक जीवनको चित्रणगरी समाजलाई एकजुट पार्ने र सामाजिक परम्परालाई बलियो पार्ने काम गरिरहेको हुन्छ ।

### ३.१.५ लोकगीतको बर्गीकरण र नेपाली लोकगीत

लोक साहित्यको सबै भन्दा प्रमुख र लोकप्रिय विधा लोकगीत हो । सबै भन्दा बढी सख्यामा रचिने, गाइने र मनपराउने विधा लोकगीतलाई बर्गीकरण गर्ने कार्य आफैमा कठिन कार्य हो किनभने लोक साहित्यको निकै सम्पन्न बिधा लोकगीतको क्षेत्र ज्यादै व्यापक छ । नेपाली लोकगीतको वैज्ञानिक अध्ययन नभएकोले यसको खोज र अध्येताहरूले यसलाई आ-आफ्नै तरिकाले बर्गीकरण गरेका छन् । लोकगीत भारतीय लोकगीत सँग पनि नजिकको सम्बन्ध राख्ने हुँदा यहाँ बर्गीकरण गर्ने क्रममा विदेशी तथा स्वदेशी विद्वानहरूको मत यसरी प्रस्तुत

गरिएको छ । भारतीय लोकसाहित्यका अध्येता डा. कृष्णदेव उपाध्यायले लोकगीतलाई ६ भागमा बाँडेका छन् ।

१) संस्कार सम्बन्धी गीत  २) ऋतु सम्बन्धी गीत

३) व्रत सम्बन्धी गीत  ४) जाति सम्बन्धी गीत

५) श्रम सम्बन्धी गीत  ६) विविध गीत [१७]

डा. सत्येन्द्रका अनुसार ४ भागमा बिभाजन गरिएको छ ।

१) साधारण  २) आनुष्ठानिक

३) याचना सम्बन्धी र

४) खेल सम्बन्धी[१८]

नेपाली विद्वानहरूले नेपाली लोकगीतको सङ्कलन  र अध्ययन विश्लेषण पश्चात नेपाली लोकगीतको बर्गीकरण गर्ने प्रयास गरेको देखिन्छ । मतक्यैता नरहे पनि यस दिशामा प्रयास गर्ने काम जारी छ । लोकसाहित्यका विद्वान् सत्यमोहन जोशीले नेपाली लोकगीतलाई आठ बुँदामा देखाएका छन् ।

१) भजनको रूपमा गाइने लोकगीत  २) नृत्यसँगउनीएका लोकगीत

३) प्रेममय जीवनसँग गाँसिएका लोकगीत  ४) चाँडवाँडसँग सम्बन्धित लोकगीत

५) सामयिक लोकगीत  ६) युद्धक्षेत्रमा प्राण संञ्चार गर्ने लोकगीत

७) कथा गाँसिएको लोकगीत  ८) उत्सवमा झिकिने लोकगीत[१९]

कालीभक्त पन्तले नौ भागमा उल्लेख गरेका छन् ।

१) राष्ट्रस्तरीय गीत  २) जिल्लास्तरीय गीत

३) ग्रामस्तरीय गीत  ४) जातीस्तरीय गीत

५) जातिभाषा स्तरीय गीत  ६) पर्वस्तरीय गीत

७) लोकनाट्य स्तरीय गीत  ८) कार्यस्तरीय गीत

९) ऋतुस्तरीय गीत[२०]

---

[१७] डा. कृष्णदेव उपाध्याय, **लोकसाहित्यको भूमिका** (प्रयागः साहित्य भवन लि. ई. १९५७) पृ. २७ ।

[१८] डा. सत्येन्द्र **लोकसाहित्य विज्ञान** (आगराः शिवलाल एण्ड कम्पनी इ. १९७१) पृ ३३५ ।

[१९] सत्यमोहन जोशी, **हाम्रो लोकसंस्कृति** (काठमाडौः रत्नपुस्तक भण्डार, २०१४) पृ. १४५ ।

कृष्णप्रसाद पराजुलीले २ आधारमा बर्गीकरण गरेको पाइन्छ ।

१) वषचक्रीय लोकगीत

क) बाह्रमासे लोकगीत

ख) ऋतुकालीन लोकगीत

अ) पर्वगीत आ) कर्मगीत

२) जीवनचक्रीय लोकगीत

क) संस्कारगीत

ख) धार्मिक गीत

ग) उमेर अवस्थाकालीन गीत

घ) नृत्य गीत[२१]

चूडामणि वन्धुले निम्न आधारमा बर्गीकरण गरेका छन् ।

१) सहभागिताका आधारमा

अ) एकल गीत

आ) दोहोरी गीत

इ) समूह गीत

२) लय वा भाकाका आधारमा

अ) स्थानीय गीत

आ) जातीय गीत

३) प्रर्कायका आधारमा

अ) धार्मिक गीतहरू

आ) अनुष्ठान मूलक वा संस्कार गीतहरू

इ) ऋतुगीत तथा पर्वगीत

---

[२०] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास,** पूर्ववत्, पृ. १४५ ।

[२१] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्, पृ. १४९ ।

ई) श्रमगीत[२२]

गोविन्द आचार्यले लोकगीतको बर्गीकरण निम्न लिखित आधारमा गरेका छन् (१) वाद्य (२) अभिनय (३) छन्द एवं सँगीतात्मकता (४) सहभागीको उमेर (५) आख्यान प्रयोग (६) रस (७) स्थान (८) जाति (९) छन्द एवं सँगीत[२३]

यस प्रकार विभिन्न विद्वान्हरूद्वारा गरिएको लोकगीतको बर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै बर्गीकरणको ढाँचालाई हेरेर लोकगीतको बर्गीकरण निम्नानुसार गर्न सकिन्छ ।

**संस्कारगीत-** जन्मदेखि मृत्यु सम्ममा हाम्रो समाजमा विभिन्न संस्कारहरू गरिन्छन् । यस्तो संस्कारहरू गर्नेक्रममा गाइने विशेष गीतलाई संस्कारगीत भनिन्छ । मागल, खाँडो, रत्यौली आदि गीतहरू संस्कार गीत हुन् ।

**पर्व गीत** - चाँडपर्वको समयमा गाइने गीतहरूलाई पर्वगीत भनिन्छ । तिज, सराँय, देउसी, भैलो, फागु आदि पर्व गीतहरू हुन ।

**ऋतुकालीनकर्म गीत-** वर्षभिरका ६ ऋतु र बाह्र महिनामा कनै न कुनै ऋतु वा महिनामा आफ्नो खेतवारीमा काम गर्दा आनन्द प्राप्त गर्न ऋतुकालीनकर्म गीतहरू गाइने गरिन्छ । जेठे, असारे, दाँई आदि ऋतुकालीनकर्म गीत हुन् ।

**बाह्रमासे गीत** - कुनै खास अवसरमा मात्र नभएर बाह्रै महिना मनोरञ्जनका निम्ति गाइने गीतहरूलाई बाह्रमासेगीत भनिन्छ । सालैजो, झाम्रे, रोइला, सुनिमाया आदि यस अन्तर्गत पर्दछन् ।

## ३.१.६ नेपाली लोकगीतको अध्ययन परम्परा

भाषाको विकाससँगै लोकजीवनका आरोह अवरोहमा जीवनका सुख दुःखलाई अंगालेर जीवन प्रक्रिया अगाडि लैजाने क्रममा प्राचीनकाल देखि नै लोकगीत गायन परम्परा चल्दै आएको पाइन्छ । नेपाली लोकगीत सङ्कलन र प्रकाशन गर्ने काम आजभन्दा झण्डै १०० वर्ष पहिला विश्वराज हरिहर शर्माको राम सँग्रह १९६२ अघि प्रकाशित भएको देखिन्छ । गोर्खा संसार वि.सं. १९६३ मा महानन्द शर्माद्वारा लिखित **नौला कुरा**मा नेपाली लोकगीतको परिचय दिएर आफ्नो दृष्टिकोण समेत दिने कार्य गरेको पाइन्छ । देवेन्द्र सत्यार्थीले नेपाली लोकगीतवारे एउटा लेख अङ्ग्रेजी भाषामा लेखी सन् १९३४ मा **मर्डन** नेपालीमा

[२२] चूडामणि बन्धु **लोकसाहित्य** पूर्ववत्, पृ. १२१ ।
[२३] गोबिन्द आचार्य, **लोकगीतको विश्लेषण**, पूर्ववत्, पृ. १७ ।

अनुवाद गरी **सँगीतम नेपाल** शीर्षकमा सन् १९५३ मा प्रकाशित भएको लेख महत्त्वपूर्ण  मानिन्छ । वि.सं. २०१० सालमा लोकगीत सङ्ग्राहलयको स्थापना भई डाँफे चरी प्रकाशन प्रारम्भ भयो । सत्यमोहन जोशीको नेपाली लोकगीतको एक अध्ययन नामक ग्रन्थ वि.सं. २०११ सालमा प्रकाशित भयो । उनको **हाम्रो लोक संकृति**ले २०१३ सालमा मदन पुरस्कार पनि पायो । वि.सं. २०१३ सालमै कर्मवीर महामण्डलको **सुदूर पश्चिमाञ्चल दैलेख, दुल्लु, जुम्ला निवासी जनताको लोकगीत** प्रकाशित भयो । धर्मराज थापा को **मेरो नेपाल भ्रमण** २०१६ प्रकाशित भयो । वि.सं. २०२० सालमा काजिमान कन्दबाको **नेपाली जनसाहित्य लोकगीत अध्ययन**को व्यवस्थित पहलो प्रयास हो । हिमाली लोक साहित्य २०२१ मा नरहरिनाथ द्वारा सम्पादित **कृतिमा लोकगीतको प्राचीनता, विशेषता लोककविहरूको परिचय** दिइएको छ ।

कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** २०२८, प्रदीप रिमालको **कर्णाली लोक संस्कृति खण्ड ५**,२०२८, धर्मराजथापाको **गण्डकीको सुसेलीहरू** २०३०, नेपाल राष्ट्रिय विद्यापिठको **लोकगीत सङ्ग्रह** २०३६, टंक के.सी.को **हाम्रो लोकगीत र सङ्गीत तथा लोक सङ्गीतका थुँगाहरू** २०५३ जस्ता कृतिहरू नेपाली लोकगीतले प्राप्त गरिसकेको छ । सावित्री मल्लको पाल्पाका **लोकगीत अध्ययन र विश्लेषण** २०५६ प्रकाशन भइसकेको छ ।

त्रि.वि.वि. अन्तर्गत स्नाताकोत्तर तहको प्रयोजनका निम्ति जयराज पन्तले **डोटेली गमरा पर्वका गीतहरूको सङ्कलन  बर्गीकरण** २०३६ शोध प्रवन्ध लेखे र उनले २०५५ **मा अञ्जलीभरि सगुन र पोल्टाभिर फाग** प्रकाशित गरे । **स्याङजाका लोकगीत** शीर्षकमा नारायण अधिकारीले २०४२, राजेन्द्र प्रसाद पौड्यालले **कमल खोचका लोकगीतको सङ्कलन, बर्गीकरण र विश्लेषण** २०४३, कुशुमाकर न्यौपानेले **पैयुँभेकका लोकगीतको सङ्कलन, बर्गीकरण र विश्लेषण** २०४२, शीर्षक शोध प्रवन्धहरू स्नात्तकोत्तर तह पुरा गर्नेक्रममा तयार गरिएका छन् । दिनवहादुर थापाको **गलकोट क्षेत्रमा प्रचलित लोकगीतको सर्वेक्षण र अध्ययन** २०५५, ऋषिराम देवकोटाको **लिगलिगका पर्वगीत तथा संस्कार गीतको अध्ययन** २०५३, उमाचन्दको **वैतडेली सांस्कृतिक फागहरूको सङ्कलन, बर्गीकरण र विश्लेषण** २०५२ र सुनिता गुरुङको **संस्कृतिमा रोदीगीतको अध्ययन** २०५४, स्नातकोत्तर स्तरीय शोधपत्र हुन् ।

नेपाली लोकगीतको अध्ययनको क्रममा कृष्णप्रसाद पराजुलीको **नेपाली लोकगीतको आलोक** (२०५७) लोकगीतको अध्ययन क्षेत्रमा सबभन्दा महत्त्वपूर्ण ग्रन्थको रूपमा आएको छ । यसै गरी चूडामणि बन्धुको **नेपाली लोक साहित्य** (२०५८) पनि महत्त्वपूर्ण लिन सकिन्छ । नेपाली लोकगीतको अनुसन्धानमा त्रि.वि. कीर्तिपुर, ने.रा.प्रा. प्रतिष्ठान, रेडियो नेपाल, नेपाल टेलिभिजन विभिन्न एफ्.एफ. तथा एसीयाली अनुसन्धान केन्द्र लागि परेका छन् । नेपाली लोकगीतको अध्ययनलाई गतिशील बनाएने व्यक्तिहरूमा तुलसी दिवस, चूडामणि बन्धु, कृष्ण प्रसाद पराजुली, वासुदेव त्रिपाठी, ठाकुर प्रसाद पराजुली, जीवेन्द्र देव गिरी, दयाराम श्रेष्ठ, मोती पराजुली, बालकृष्ण पोखेल, सुबी शाह इश्वरी प्रसाद गैरे जस्ता विद्वानहरू लागिपरेका छन् । आजसम्म आइपुग्दा लोकगीतको क्षेत्रमा केही प्रयासहरू भएका छन् तर अनुसन्धानात्मक रूपमा तिनको अध्ययन विश्लेषण र विवेचना गर्ने कार्य भने पूर्ण भएको छैन अझै पनि यस क्षेत्रमा धेरै कामहरू गर्न वाँकी छन् ।

# परिच्छेद–चार

## दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र बर्गीकरण

दैलेख जिल्लाको यस क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययनका निम्ति यस क्षेत्रका लोकगीतहरू सङ्कलन गरी ४ बर्गमा बर्गीकरण गरिएको छ ।

१. ऋतुकालीनकर्म गीत

२. पर्व गीत

३. संस्कार गीत

४. बाह्रमासे गीत

उपर्युक्त किसिमले सङ्कलन र बर्गीकरण गर्दा शोधकार्यमा सुगमता आओस भन्ने उद्देश्य राखिएको छ । यी ४ बर्ग अन्तर्गत निम्नानुसार गीतहरू रहेका छन् ।

| ऋतुकालीन कर्म गीत | पर्व गीत | संस्कार गीत | बाह्रमासे गीत |
|---|---|---|---|
| १. असारे गीत<br>२. दाँई गीत | १. तिज गीत<br>२. भैलो गीत<br>३. देउसी गीत<br>४. मालसिरी गीत<br>५. फागु | १. मागल/माहाल<br>२. रत्यौली<br>३. विबाह/सिलोक<br>४. भजन कीर्तन | १. बाह्रमासा<br>२. झाम्रे/झ्याउरे<br>३. गाइने<br>४. धामी/झाँकी<br>५. ख्याली<br>६. गौडे<br>७. मारुनी<br>८. सुनिमाया<br>९. सालैजो<br>१०. बालगीत |

### ४.१ ऋतुकालीन कर्मगीत

वर्षभिरका विभिन्न ऋतुहरूसँग नेपाली लोकजीवनको नाता जोडिएको हुन्छ । अधिकांश नेपालीहरू कृषि पेसामा सहभागी छन् र उनीहरूको दिनचर्या विशेष गरेर खेतीपाती लगाउने, हेरचाह गर्ने वाली थन्काउने काममा बितेको हुन्छ । कृषकहरू खेतीपातीको काम गर्दा थकाई दिक्दारी आदिबाट छुट्कारा पाउनको लागि केही मात्रामा भए पनि मनोरञ्जन लिन काम गर्दै गीत गाउँछन् । काम अनुसारका गीतलाई ऋतुकालीन कर्म गीत वा श्रम गीत भन्ने गरिन्छ । कर्मगीतले एकातिर ऋतुलाई छुन्छ भने अर्कोतिर कामको प्रकृतिलाई लोकजीवन सँग गाँसेर अपूर्व उत्साह सञ्चारित गर्छ ।

यस क्षेत्रमा खेतीपातीका बेला प्रशस्तै ऋतुकालीनकर्म गीत गाउने गरिन्छ । यसरी गाउने गीतहरूमा कुनै काम सँग सम्बन्धित र कुनै छुट्टै विशेषता बोकेका हुन्छन् भने कुनै स्वच्छन्द रूपमा गाइने विभिन्न भाकाका ठाडो र झ्यारेगीतहरू हुन्छन् । यस क्षेत्रमा चलेका कामसँग मात्र सम्बन्धित ऋतुकालीन कर्म गीतहरूमा असारे साउने र दाइगीत पर्दछन् ।

#### ४.१.१ असारे गीत (वाली)

यो गीत असार श्रावणमा गाइने गीत हो । खेतमा काम गर्दा कामलाई छिटो छरितो पार्न र काम गर्दाको थकाईलाई कम गर्न मनोरञ्जनका साथ गाइने गरेको पाइन्छ । यस्ता गीतहरूमा विभिद विषयवस्तुलाई आधार बनाएर बाली गीतहरू गाइएको पाइन्छ । यहाँ यस गीतले आमासँग छोरीले अफ्नो घरबाट आउँदा माइतीको रोपाईंमा जान छिटो र हतार गरेर आउँदा छिटैनै भोक लागेको विषयवस्तुलाई आधार बनाएर गीत गाइएको छ ।

**प्रस्तुती**

दैलेख जिल्लामा गाइने असारे गीतहरू महिलाहरूले मात्र गाउने गरेको पाइन्छ । सामूहिक रूपमा हातमा विउ लिएर युगल रूपमा एकथरीले गाउने र अर्को थरीले छोप्ने गरेका हुन्छन् ।

दोपरियै ढल्कियो न्यवल चरी घुरकियो
मलाई लाग्यो मेरी अमै कलकले भोक
खाउन खाउ मेरी बालै दुधै र मुछे चामल
दुधै र मुछे चावल त मेरा गम जादैन
लेउन लेउ मेरी आमै पीपले पातै चिवरी ।

पीपलै पाते चिवरी त धेरै र विर्सी आऐ ।
खाउन खाउ मेरी बालै दुधै र मुछे चावल,
दुधै र मुछे चमल मेरा गम जादैन
लेउन लेउ मेरी जौबै पाते सिरौंला
जौबै पाते सिरौंला ल्याइन मैले बालै
खाउन खाउ मेरी बालै दुधै र मेछे चामल
दुधै र मुछे चामल मेरा गम जादैन
लेउन लेउ मेरी आमै दुधै र मुछे चामल
चाँडै-चाँडै बबली लाउन मेरी सागीना
जसका पाटै विसुन उनै लाउनन् बावली
हाम्रा छैनन पाटा विसुन हामी त जाउँला आधै रात
शिरु पाते उकालमिा हाास्नै र खेल्दै जाउँला
उँदोबाट खेतालै आए बिसाउन बिसाउन
राँको बाली घरै जाँदा ससुरा हामरा रिसाए ।
चााडै चाडै बावली लाउन मेरी संगीना ।
जसका हुनन काखै चेलु उनई लाउनन् बाबली ।
हामरा छैनन काखै चेलु हामी नै जाउाला मध्ये रात
शिरूपाते उकालीमा हाँस्तै र खेल्दै जाउँला, हाास्तै र खेल्दै जाउँला
उदोबाट खेतालै आए बिसाउँन बिसाउ
राको बाली घरै जाादा सासु आमा रिसाइन् ।

(स्रोत : अम्बा गौतम, कुसापानी ६)

लोकगीतमा साहित्यिकताको आभास हुने गर्दछ । दिन ढल्के पछि भोक लागेको प्रसङ्गलाई न्यावलचरीको प्रतीक मान्नु, चिउरलाई पीपलको पात साग दाान्नु, रूपक अलंकार भएको छ । करुण रसमा गाइएको गितमा २+२+२+२ विलम्बितको लयमा गाइएको छ । यस गीतले जन्मघरबाट कर्म घरमा जाने चेलीहरूको आतुरता र दयनिय अवस्थाको चित्रण गरेको पाइन्छ । ग्रामीण महिलाहरूलाई दया र मायाको खााचो छ भन्ने सन्देश यस गीतले दिएको बुझिन्छ । मनोरञ्जनात्मक तरिकाले हिलो वर्षा मा कामलाई सरल तरीकाले सम्पन्न गर्न मद्दत पुगेको देखिन्छ ।

ह ह बाबु ह ह

दाइ माडो बाबु ह ह

सिङ्ले खोसी देऊ

खुरले माडी देऊ

कानले बत्तइ देऊ

पुच्छरले डोलाइ देऊ

माल मधेशको सह लेऊ

परालमा माडी खेल भाइ, माडी खेल

नियाको गोरु तिल्के चौरे

हामी सबै राजी खुशी छौंरे ।

पाखाको गोरु सहयालु

यो घरकी घरिना धेरै दयालु

दाइ माढी देऊ बाबु दाइ माडी देऊ ।

हाम्रा मालिकको सारै ठुलो जिऊ

यो घरकी घरिनाले खान दिन्छिन घिऊ

परालमा माडी खेल भाइ हो ।

(तिलकप्रसाद जैसी, काशीकाध ८)

कृषि प्रधान देश नेपालमा कार्तिक मंसिर महिनामा यहााको प्रमुख बाली धान भित्र्याउने समय हो । धान खाएको केही समय पछि पराल माड्ने गरिन्छ । यस समयमा थकाई नलागोस् भन्नको लागि मनोरञ्जन गर्दै कतिबेला धान धेरै होस् भन्ने गरिन्छ भने कतिबेला जिस्क्याउने र जिस्किने पनि गरिन्छ । दाइको समयमा गोरुको खेदाईसँगै गीत गाउँदै गरेको पाइन्छ । यहाा गाइने गीतहरूले अन्नबाली धेरै होस् भन्ने कामना गरेका छन् । पिठ्यूमा बालक राखेर वा एक्लै उकल रूपमा गाइने गीत हो सिरिङ्गार रसमा गाइएको यो गीत २+२+२ को भाकामा गाइने बिलम्वित लय अनतर्गत पर्दछ । गोरुलाई बाबु र माल मधेशको सह जस्ता शब्दहरूले प्रतीकात्मक अर्थ बोकेका छन् भने आन्त्यानुपरास अलङ्कार रहेको छ । कडा परिश्रम पछिको फल प्राप्तिले मानिसमा हर्ष ल्याउँछ भन्ने सन्देश दिएको छ ।

### ४.१.२ दाइँगीत

कार्तिक, मङ्सिर महिनामा परालको दाइ लगाउँदा गाइने गीतलाई दाइँगीत भनिन्छ। कृषकले धान उठाए पछि केही दिनमा पराल माड्ने काम गर्दछन्। यस बेला थकाइ नलागोस भनेर रमाइलो गर्ने गरिन्छ। कति बेला धान धेरै होस् कति बेला दाँइघरका मालिक मालिक्नीलाई जिस्काउने गरिन्छ। दाइँमा गोरुलाई खेज्दै विभिन्न गीतहरू गाइन्छ। यस क्षेत्रमा गाइने गीत निम्न अनुसार पाइन्छ।

हो ऽ ऽ हो

मालम देशको सहलिऊ भैया।
दाङ देउखुरीको सहलिऊ भैया॥

हो ऽ ऽ हो

दाइँवरदो होड, दाँइ वरदो।
पुच्छरले डोलाइदेउ, कानले हम्किदेऊ।
खुरले माडी देऊ, दाङ-देउखुरीको सहलिऊ॥
परालमा माडी खेल, भाइ हो ऽ, माडी खेल
मिहीको गोरु तीखे र ताखे।
घरकी गोसेनीले तिउन चाखे॥
माडी खेल भाइ हो ऽ माडी खेल
दाइँ वरदोमा माडी खेल।
मिहीको गौरु भन भने।
घरकी गोसेनी गनगने॥
माडी खेल भाइ हो ऽ माडी खेल
दँमराका मालिकको खुवै ठुलो जिउ।
यो घरकी मालिक्नीले खान दिन्चिन् घिउ।
माडी खेल भाइ हो ऽ, माडी खेल
परालमा माडी खेल।

(स्रोत : तुलाराम अधिकारी, कुसापानी ६)

## ४.२ पर्वगीत

नेपाल अधिराज्यभर वर्ष भिरमा विभिन्न पर्वहरू मनाउने गरिन्छ। त्यस्तै दैलेख जिल्लाका यस क्षत्रमा पनि वर्षभरिमा विभिन्न चाँडपर्वहरू मान्ने गरिन्छ।

चाँडपर्वको बेला आफ्ना आफन्त जनहरू टाढाटाढाबाट भेट गर्न आउने गर्दछन् । परदेश गएका व्यक्तिहरू पनि चाँडपर्वको समयमा घर फर्केका हुन्छन् । चाडपर्वहरू धार्मिक आस्था एवं सामाजिक परमपराको कारणले मनाउने गरिन्छ । स्वजनहरू एकै स्थानमा भेला भएर राम्रो लगाउने, मिठो खाने, सुख दुःखलाई अभिव्यक्तिबाट साटासाट गर्ने सामाजिक पक्ष हो भने चाडपर्वको माध्यमबाट भगवानको आराधना, पूजा, कथा श्रवण एवं भक्तिगायन चाडपर्वको धार्मिक महत्त्व हो । यसरी चाडपर्वको अवसर पारेर गाइने गीतहरूलाई पर्वगीत भन्ने गरिन्छ । दैलेख जिल्लाको यस क्षेत्रमा गाइने पर्वगीतहरूलाई तल दिइएको छ ।

### ४.२.१ तिजेगीत/तिजका गीत

हिन्दू नारीहरूका लागि तिज महत्त्वपूर्ण सास्कृतिक पर्व हो । भनाइ अनुसार पार्वतीले महादेव पति पाऊँ पनि गरेको व्रतको रूपमा पनि तिजपर्व प्रशिद्ध छ । तिजको धार्मिक महत्त्व आफ्नो श्रीमान/पतिको दीर्घायुको कामना गरेर विवाहिता महिलाहरूले तथा असल पतिको कामना गरी कन्याहरूले शिवजीको पूजा गर्ने गरेको पाइन्छ त्यस्तै रजस्वला भएको समयमा आफुले अन्जानमा गत्ती गरेको भए गल्तीको प्रायश्चितका रूपमा पनि शिवजीको पूजा गर्दछन् । यो तिजको धार्मिक पक्ष हो । विहे गरेर टाढा टाढा पुगेका दिदीबहिनीहरू माइतीमा भेला भएर एकआपसमा दाजु भाइसँग सुख दुःख साटा-साट गर्नु, मिठो खानु तिजको सामाजिक पक्ष हो । यस समयमा नारीहरूले आफ्नो जीवनका दुःख, पीडा, सङ्घर्ष र समस्याहरूलाई गीतको माध्ययमबाट अभिव्यक्ति गर्दछन् । गीत र नृत्यको माध्यमबाट नारीहरूले सासु वुहारीको सम्बन्ध, देवर, जेठाजु, नन्द आमाजु र समाजका विविध पक्षको वारेमा देखि लिएर सामाजिक प्रगति र परिवर्तनका चाहना समेत गीतको माध्ययमबाट प्रतिबिम्बित गरेको पाइन्छ । तिजका गीत गाउदा श्रावण संक्रान्ति देखि ऋषि पञ्चमीसम्म एक एक रातको विश्राममा, दिदीबहिनी निश्चित ठाउँमा जम्मा भएर मादल, झ्याली जस्ता वाद्यवाधनका सामाग्रीका साथ नृत्य सहित गीत गाइन्छ । तिज सम्बन्धी गीत यहाँ प्रस्तुत गरिएको छ ।

दाजुले पढाउने उच्च मा.वि. स्कुल बैनिले पढाउने पाठशाला
पाठशालाबाट उच्च मावि जाँदा मास्टरले चुरोट दियो वरिलै
मास्टरले दिएको चुरोट खाँदा दाजुको नजरमा परे वरिलै
त्यै साइत आएर आमा कुरालाएर, गास पनि छैन चेलु बास पनि

छै जाँ जाने हो चेलु जाउ अवत

आजैको दिन बासदिनुस आमै बिहानै उठेर गई जाउँला

बिहानै उठ्ने जेठी मेरी भउजै लाटामा पानी सार बरिलै

लोटाको पानी केर चाइयो नन्नलाई हात मुख सफाइमा जान्चु बरिलै

लोटाको पानी हातमा लिएर ओरालो पाइलो झारिन बरिलै

बाँचे पनि मेरी आमा अरिकाकै दास

आजबाट मेरी अमा गंगा बास

अर्को

सातै र वर्षकी नाबालक दिएर धरिम गर्छु भने बाबाले

सातै र भाइ यसै घरमा अटाए म यौटी छोरीलाई डाँडो कटाए ।

तेतीर गाह्रो नमान चेलु जेठामा दाजुलाई लिन पठाउँला

उरलिन्छ भेरी दल बलाउँछ नाउ, जेठामा दाजुले जाम की

नजाम भननन् जेठीमा भाउजुले जानै देहोइनन्

(स्रोत : पवित्रा गौतम, कुसापानी ६)

## ४.२.२ मालसिरी

शरद ऋतुको आगमन सँगै नेपाली जनजीवनमा खुसीको लहर आउँछ । हिन्दूहरूको महान चाड दसैं पनि यही ऋतुमा पर्ने गर्दछ । यस समयमा मानिसमा कामको व्यस्ततापनि कमि भएको हुन्छ । यस समयलाई कार्य व्यस्तताबाट विश्राम लिएर खुशीमा रमाउने क्षणको रूपमा लिन सकिन्छ । धर्म परायण नेपाली जीवन ईश्वर भक्ति तथा देवीस्तुतिको रूपमा मालसिरी गाउने प्रचलन रहेको छ । दैलेख जिल्लाको यस क्षेत्रमा विशेष गरेर मन्दिरमा पूजा गर्ने अघिल्लो पुस्ताका व्यक्तिहरू समाज र जीवनको सहजताको निम्ति आर्शिवाद दिनुहोस भनी देवीको आराधना सहित मालसिरी गाउने प्रचलन रहेको छ । दसैं आरम्भ भए पछि विभिन्न कोटहरूमा देवी देवताका मन्दिरहरूमा मालसिरी गाउने गर्दछन् । चैते दसैंमा समेत मालसिरी गाउने प्रचलन छ ।

श्री गणेश पूजा नदिये बहिनी चन्द्रबदनी मृगलोचनी,

गंगा यमुना त्रिवेणीसँगमा मोक्षदायिना कालिका ।

चन्द्र रुपिनी प्रचण्ड रुपिनी रक्तबिज निपातिनी,

शंखचक्र गर्दा पद्मले कोरवान् जो साजिन ॥
लाल रूप कपडा बीज असुर मारी मुधारणी ।
हाभ खप्पर त्रिशूल लिएक चौष नियोगिनी साथयो ॥
जय देवी भैरवी गोरखनाथ दर्शन देऊ भवनये,
प्रथम देवी उत्पन्न भइ है जन्म लिए कैलाशये,
ज्योति जगमग चहुँदिशि देवी चौसठ्ठी योगिनी साथय । जय ।१।
सम्पादिये है गोरख नाथको भैरवी मनाइए,
विश्वास यो भोग प्रशान्तादेवी वर्दान दिए सव देशये । जय ।२।
देवी वचन बरदान पाये है भारत सफल नेपालमे,
खाट शिहाशंन जीतिलिए है ओर लिये सव देशमे । जय ।३।
देववस माथ मुकुट वदन सूर्योदय,
तपस्याजीति प्रकट भए है तखत भए हो नेपालये । जय ।४।
शिरमा सिन्दु मुकुट कत्लकत कुण्डल झलकन कानमा,
देववर तपस्या जिती अखण्डये । जय ।५।
कनक कामिनी देवी सुन्दरी शिंह चढी चढी आइसे ।
हातमा त्रिशूल खड्ग धारिणी अशुर मारी निपातिनी
शिर मुकुट देवी केसोहे चस हुर्कार कालिका  कनक ।१।
हातमा सर्वाङ्ग वान जो लिए है देवी औतर धारिली,
दैत्य मारी झुण्ड माला गलेहि कंठ वधाइये । कनक ।२।
हातमा चवर घण्टा वाजे शिरहिसिन्दुर छ जिनी
खप्परु भरी भरी सधिर लिए है देवी भगवती माइये । कनक ।३।

(स्रोत : टीकाराम पौड्याल, कुसापानी ६)

### ४.२.३ भैलो

कर्तिक कृष्ण औंशीका दिन देखि कार्तिक पूर्णिमा सम्म भैलो खेलेर मनाइने यो पर्व खुशीको पर्वका रूपमा लिइन्छ । तिहारको लक्ष्मी पूजाको दिन देखि भैलो

खेल्न सुरू गरिन्छ । विभिन्न समूह वनेर मादल, भ्याली, बाँसुरी लगायतका वाद्ययवाधनका साथमा घर घर गाउदै हिड्नुलाई यस क्षेत्रमा भैलो खेल्नु भनिन्छ । भैलो एक किसिमको टुक्रे गीत हो । यसमा कथानक हुन पनि सक्छ नहुन पनि सक्छ । यो समूह गीत भएकोले एक्लै गाउन मिल्दैन, समूहमा एक जनाले टुक्का भट्याउने र बाँकीले स्वर मिलाएर भैलो वा भैली भन्ने गरिन्छ । यस क्षेत्रमा नारी पुरुष दुवैले भैलो खेल्ने चलन छ । भैलो तिहारमा खेल्ने हुनाले दिदी बहिनीको हातको टीका र गलाभिर माला लगाई दिन रात भैलीको गीतबाट बलिराजाको सम्भना गर्दै मनाइने पर्व हो । भैलो खेल्दा मारुनी र पुर्सुङ्गे वन्ने र विभिन्न किसिमका गीत गाउने र नाचने गरिन्छ । भैलो भटाइसके पछि रमाइलो गर्नका निम्ति चुट्के र ख्याली नाच नाचिन्छ । यस क्षेत्रमा प्रचलित भैली गीतको नमूना तल दिइएको छ ।

आहै भैलो भन संङ्गी हो - भैलो, आहै कहि संङ्गी - भैलो, आहै पूर्वका भैलो आहै कोही सङ्गी - भैलो, आहै पश्चिमका - भैलो, आहै केही संङ्गी - भैलो, आहै उत्तरका - भैलो, आहै कोही सङ्गी - भैलो, आहै दक्षिणका - भैलो, आहै जम्मा भई-भैलो, आहै आजका दिनमा - भैलो, आहै हसाउन - भैलो, आहै खेलाउन - भैलो, आहै आइमवरै - भैलो, आहै हजुरको - भैलो, आहै दुवारैमा - भैलो, आहै वर्षदिनमा - भैलो, आहै फेरीपनि - भैलो, आहै तिहारैमा - भैलो, आहै भैलो खेल्न आइम् वरै - भैलो, आहै सत्ययुगका - भैलो, आहै दानवीर - भैलो, आहै बलिराजाले - भैलो, आहै दान दिदा - भैलो, आहै दानवीरताले - भैलो, आहै गरदा- भैलो, आहै स्वर्गका - भैलो, आहै इन्द्रको - भैलो, आहै आसन नै - भैलो, आहै हल्लिन पुग्दा - भैलो, आहै देवताहरू - भैलो, आहै विष्णुकहाँ - भैलो, आहै विन्ती गर्छन् - भैलो, आहै बलिराजाको - भैलो, आहै दान घमण्डले - भैलो, आहै स्वर्गै काम्यो - भैलो, आहै धर्ति काम्यो - भैलो, आहै विष्णु भगवान - भैलो, आहै रक्षा गर्न - भैलो, आहै वामन रूप - भैलो, आहै लिएर - भैलो, आहै बलिराजाको - भैलो, आहै दरवारमा पुगी - भैलो, आहै भिक्षा मागे - भैलो, आहै बलिराजाले - भैलो, आहै दान दिदा - भैलो, आहै तिन पाऊ - भैलो, आहै जमिन मागे - भैलो, आहै बलिराजाले - भैलो, आहै संकल्प गरे - भैलो, आहै बामन रूप - भैलो, आहै विष्णुले - भैलो, आहै एकपाउ - भैलो, आहै जमिनमा - भैलो, आहै अर्को पाउ - भैलो, आहै आकाशैमा - भैलो, आहै तेस्रो पाउ - भैलो, आहै कहाँ राखौं - भैलो, आहै भनि सोध्दा - भैलो, आहै दानवीर वलि - भैलो, आहै शिर थापी दिए - भैलो,

आहै शिर थाप्दा - भैलो, आहै पातलमा - भैलो, आहै भासिइ गए - भैलो, आहै तिनै वलि - भैलो, आहै राजाको - भैलो, आहै सेवागर्न - भैलो, आहै विष्णु भगवान - भैलो, आहै तिहार पर्व - भैलो, आहैं बनाएर - भैलो, आहै अझै पनि - भैलो, आहै सेवा गर्न - भैलो, आहै आएका हुँदा - भैलो, आहै भैलो खेल्न - भैलो, आहै आएका हामी - भैलो, आहै हामी त्यसै - भैलो, आहै आएका होइनौ - भैलो, आहै बलिराजाले - भैलो, आहै पठाएर - भैलो, आहै आएका हौं - भैलो, आहै रमाइलो पर्व  भैलो, आहै वत्तिको चाड - भैलो, आहै काग पूजा - भैलो, आहै कुकुर पूजा - भैलो, आहै लक्ष्मी पूजा - भैलो, आहै गोवर्धन पूजा - भैलो, आहै भाइ पूजा - भैलो, आहै यो घरको - भैलो, आहै मालिकका - भैलो, आहै वतासीमा - भैलो, आहै परेवाजो - भैलो, आहै घुरकी रहुन् - भैलो, आहै तबेलामा - भैलो, आहै हात्ति र घोडा - भैलो, आहै थुरकि रहुन - भैलो, आहै यो घरमा - भैलो, आहै भोटको नुन - भैलो, आहै लंकाको सुन - भैलो, आहै मधेशको - भैलो, आहै तामा र कासो - भैलो, आहै भिर पूर्ण - भैलो, आहै होइन जाओस - भैलो, आहै यो घरको - भैलो, आहै बाबा आमा - भैलो, आहै वास झै नुगुन - भैलो, आहै काँसझै फूलुन - भैलो, आहै वर झैं - भैलो, आहै भैर जाउन - भैलो, आहै पीपलझैं - भैलो, आहै खपी जानु - भैलो, आहै यो घरमा - भैलो, आहै तिनै कन्या - भैलो, आहै पाँचै पुत्र - भैलो, आहै हाइ जाउन - भैलो, आहै अवत - भैलो, आहै हामी पनि - भैलो, आहै बिदा हुन्छौ - भैलो, आहै बाँचिम् भने - भैलो, आहै अर्को साल - भैलो, आहै यसै गरी - भैलो, आहै आउने छौ - भैलो

हा ऽऽ सीताजीको बगैंचामा थुगेसरी फूल फुल्यो[२]

सुन केसरी मृगले चुडीमा चुडी खाउ हो ऽ  चुडीमा चडी खाउ

हो लौन भाइ लछुमन वाण चलाउ, धनुकी चलाउ ।१।

हा ऽऽ कैशोमा गरी मारुला बनै हरिण हो ऽ हा लौन भाइ लछुमान वाण चलाउ

धनुकी चलाउ हो ऽ  लौन भाइ लछुमान धनुकी चलाउ

सक्छौ भने लछुमन धनु तैयार, नैर सके लछुमन धनु सियार

रामै लागे अछुत रामै लागे पछुत, लछुमन भैयाले धनु सियार ।२।

हा क्क सीताजीको वगैचामा सयपत्री फूलफुल्यो[२]

सुनकेसरी ...........................................

.............................................................।३।

हा ऽ ऽ सीताजीको बगैँचामा गर्दौली फूल फुल्यो २

सुनकसरी मृगले ....................................

.......................................................... ।४।

हा ऽ ऽ सीताजीको बगैँचामा मखमली फूल फुल्यो २

सुनकेुरी ................................................

.......................................................... ।५।

हा ऽ ऽ सीताजीको बगैँचामा हजारीको फूल फुल्यो २

सुनकेसरी ..................................................

.................................................................।६।

(स्रोत : हस्तबहादुर नेपाली, कुसापानी ६)

### ४.२.४ देउसी गीत

तिहार दिदी र बहिनी दाजु र भाइको प्रिय पर्व हो । यम पञ्चकको समयमा प्रकृतिका यावत प्राणीहरूको सहअस्तित्त्व र महत्त्वलाई स्वीकार गर्दै काग, कुकुर, गाई(लक्ष्मी), गोवर्धन र भाइ पूजाको रूपमा मनाइने यो पर्वमा दिदी बहिनीले आफ्नो दाजु र भाइलाई सप्तरङ्गी टीका, मखमली, गुर्धौली र दुवोको माला लगाई दिदै ढोकामा ओखर फोरेर दाजुभाईको सत्रुहरूको पराजय र आफ्ना दाजुभाइहरूको विजयको कामना गरिने यो पर्व चाडपर्व मध्ये रमाइलो र सर्वप्रिय पर्वको रूपमा समेत हेरिन्छ । दिदी बहिनी र दाजुभाइको सम्बन्ध अन्योन्याश्रित छ । जसको नमूनाको रूपमा तिहारलाई लिन सकिन्छ । रोजगार वा कुनै कार्यको क्रममा टाढा टाढा पुगेका दाजुभाइ र दिदीबहिनी एकै स्थानमा भेला भएर दुःखलाई विर्सिएर सुखलाइ सम्झिएर मनाउने महत्त्वपूर्ण पर्व तिहार हो । दैलेख जिल्लाको यस क्षेत्रमा दाजुभाइ भैलो खेल्दछन् भने दिदीबहिनीहरू मात्र देउसी खेल्ने गर्दछन् । यहाँको देउसीको विशेषता नै देउसीमा दिदीबहिनीहरू आफ्नो समूह बनाएर मादल, मजुरा वजाउदै लक्ष्मीपूजा गरिसकेपछि पूर्णिमाको समय सम्म खेलिने र गाइने रमाइलो पर्व तिहारमा घर घर डुल्दै घरमालिक र घर मालिक्नीले दिएको भेटी प्रसाद

उपहार स्वरूप लिएर उंहाहरूको उत्तर उत्तर प्रगतिको कामना सहित देउसी गाइने गरिन्छ ।

यो गीत भैलो गीतकै हाराहारी भएर युगौं देखि नेपाली जीवनमा प्रसिद्व पर्वगीतका रूपमा चलिरहेको छ । देउसीको छुट्टै आख्यान पनि छ । जसमा दिदीले भाइलाई यमराजबाट वचाएको कुराको वर्णन छ । देउसी गीत पनि भैलो जस्तै एक जनाले भट्याउने र अरू समूहले देउसीरे भन्ने गरिन्छ । यस क्षेत्रमा गाइने देउसी गीत तल दिइएको छ ।

| भन भन सँगी हो | उेउसी रे | देउसी भन | देउसी रे | राम्ररी भन | देउसी रे |
|---|---|---|---|---|---|
| हाम्रा सङगी | ” | सबै जम्मा | ” | भएनौ र | ” |
| भयौ भने | ” | घोरै पारी | ” | सोरै फिराउ | ” |
| मदेशको | ” | जंगलमा | ” | वसन्तमा | ” |
| जोरै न्याउली | ” | गुर्जे जस्तै | ” | गुर्जी जाउ | ” |
| महाराजकै | ” | आँगैनैमा | ” | क्या राम्रो देउसी | ” |
| खेले भन्ने गराउ | ” | सङ्गीहो | ” | पहिलो दिन | ” |
| काग पूजा | ” | दोस्रो दिन | ” | कुकुर तिहार | ” |
| तेस्रो दिन | ” | हे औसी बार | ” | गाइ तिहार | ” |
| नुन रोटी | ” | तोरन बाटी | ” | लाली वाच्छी | ” |
| पूजा गरी | ” | चौथो दिन | ” | गोवर्द्धन पूजा | ” |
| गारुलाई नुन | ” | सिङ्गमा तेल | ” | पाँचौ दिन | ” |
| भाइ तिहार | ” | सबैको घरमा | ” | दिदी बहिनी आए | ” |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्री दिदी | " | आइनन् आमा | " | टल्कने जुत्ता | " |
| झल्कने छाता | " | टल्कने काठी | " | खोज्दीनुस आमा | " |
| पुत्ले छोडा | " | कुँदाएर | " | दिदीको हातको | " |
| टीका लाउन | " | गएनी मैया | " | जाँदा जाँदै | " |
| बाटै र मुनि | " | बाटै र माथि | " | कालीनागले | " |
| खान्छु खान्छु | " | भन्न थालिन | " | भैयाले भने | " |
| अहिले नखाउ | " | दिदीको हातको | " | तिन धर्के | " |
| सातै भोप्ले | " | टीका लगाइ | " | फर्कि आउछु | " |
| नत्र भने | " | मेरी दिदी | " | कति रोलिन | " |
| त्यस पछि मात्र | " | खलास वरै | " | भनेर भन्दा | " |
| पुतले घोडा | " | अगाडि लैजादा | " | कालीनागले | " |
| बाटो छोडिन | " | पुतले घोडा | " | कुँदाएर | " |
| दिदीको घरमा | " | पुगेर्न भैया | " | भैयालाई | " |
| दिदीले देखिन | " | भैयालाई गुन्द्री | " | भैयालाई काम्लो | " |
| विछ्याएर | " | के भयो भैया | " | भनेर सोधीन | " |
| किन तिम्रा | " | मुहारमा | " | पसिनाका धारा | " |

| | | | | | |
|---|---|---|---|---|---|
| आएका छन् | " | भन्दा खेरी | " | भैयाले भन्छन् | " |
| मेरो दिदी | " | आधा आधी | " | बाटोमा आउँदा | " |
| कालीनगले | " | खान्छु खान्छु | " | भने वरै | " |
| भन्दाखेरी | " | अहिले नखाउ | " | दिदीको हातको | " |
| टीका लगाई | " | आए पछि | " | खाउला भने | " |
| दिदीले भनिन् | " | हे मेरा भैया | " | नआत्तिनु तिमी | " |
| भन्दै दिदीले | " | सप्तरंगी टीका | " | मखमली माला | " |
| सात था टीका | " | पाँचथर रोटी | " | तिन थरी अचार | " |
| दुवाको मुठो | " | ओखरको घाँजी | " | तेलको धारा | " |
| टकारेर | " | ओखर गेडी | " | सङ्घारमा राखी | " |
| हाम्रा भाइका | " | शत्रु बैरी | " | कालीनाग | " |
| जमजीलते | " | सघारैमा | " | घज्याम घुजुम | " |
| भइर जाउन् | " | तिन धर्के | " | सातै थोप्ली | " |
| टीका लगाइ् | " | अहिले त दिदी | " | रमाइलो भयो | " |
| वाँचे दिदी | " | आइसाल | " | फेरी आउला | " |
| भन्दै भैया | " | दिदीका हातको | " | टीका लगाई | " |

| | | | | | |
|---|---|---|---|---|---|
| पुतले घोडा | ” | कुदाउदै | ” | भैयात फिरे | ” |
| बाटामा आउदा | ” | बाटा र माथि | ” | हाडको थुप्रो | ” |
| बाटा र नेरै | ” | मासुको थुप्रो | ” | बाटा र मुनी | ” |
| बाटै र मुनी | ” | रगतको आहाल | ” | भएका रै छन् | ” |
| भैयाले वहने | ” | दिदीको हातको | ” | टीकाको प्रभाव | ” |
| सत्रु वैरी | ” | मरिगए | ” | खुसी हुदै | ” |
| भैया फर्के | ” | यो महत्त्वको | ” | चाड वुझी | ” |
| आएका हामी | ” | देउसी खेल्न | ” | त्यसै आएनौ | ” |
| सत्य युगमा | ” | आकाशैका | ” | नौलाख तारा | ” |
| देउसी खेल्न | ” | हिड्द थेरे | ” | हामी पनि | ” |
| उनीहरूको | ” | देखा सिकी | ” | गरेर आयौ | ” |
| हजुरले | ” | गाह्रो पीरो | ” | नमान्नु होला | ” |
| यो घरमा | ” | लक्ष्मीले | ” | बासै गरुन | ” |
| बाबा आमा | ” | सुर्जे चन्द्र झै | ” | बाँचिरहुन | ” |
| यो घरमा | ” | सुनाको लिस्नो | ” | लाई जाओस | ” |
| यो घरमा | ” | अन्नको चुली | ” | भैर जाओस | ” |
| यति भन्दै | ” | बिदा हुन्छौ | ” | बाँचे छौ भने | ” |

| | | | | | |
|---|---|---|---|---|---|
| संङ्गी साथी | " | जुटेछन् भने | " | अर्को साल | " |
| आउला वरै | " | देउसिरे | " | देउसीरे | " |

यसरी भट्याइसकेपछि  गाउने गीत यहाँ प्रस्तुत छ ।

मखमली फूलको माला गाँसेर[२] आशै आशामा रहिरहयो,
तिहारै आयो आएनन् दाजी[२] फूलमाला ओइलायो ।
वावा र आमा स्वर्ग गए[२] मनमा पीर भैरह्यो,
तिहारै आयो आएनन् दाजी[२] मन मेरो रोइरह्यो । ।१।
थुंगेसरी फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,
तिहारै आयो .................. [२]..........................,
.................................................................
..............................................................। ।२।
हजारी फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,
तिहारै आयो ............................................. । ।३।
गुर्दौली फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,
तिहारै आयो ............................................... । ।४।
लालकोटी फूलको माला गाँसेर[२] आशै आशामा रहिरह्यो,
तिहारै आयो ................................................। ।५।
यस पालीलाई दिनुसहै विदा, अर्को साल तिहारमा भेटौला
फूलमाला गाँसेर लाउला निधारमा टीका नी लगाउला,
हजुरको इज्जत संभी हामी यहाँ आयौ,
सोचे भन्दा बढी आत्म सम्मान पायौ ।
यस पालीलाई ............................................. ।
हजुरले लगाएको सहयोगको ऋुण,

पक्कै पनि कर लाग्नेछ हामीलाई तिर्न ।

यस पालीलाई ............................................ ।

(स्रोत : लक्ष्मीप्रसाद पौडेल, कुसापानी ३)

## ४.२.५ फागु गीत

फाल्गुण शुक्ल अष्टमीदेखि पूर्णिमा सम्म मनाइने पर्व जुन अविर र खुसीको पर्वका रूपमा लिने गरिन्छ । हिरण्यकश्यपुले आफ्नो छोरालाई ईश्वर भक्तिबाट बिचलित गराउन अनेक प्रयास गर्दा पनि असफल भए पछि आफ्नै बहिनी होलिकाको काखमा राख्न लगाई जलाउन आगोमा पठाए । होलिकासँग एउटा यस्तो पछ्यौरा थियो जस्ले गर्दा उनलाई आगोले जलाउन सक्दैन थियो तर आगोमा हुम्मी सकेपछि हावाले पछ्यौरा उडाई प्रल्हादलाई ओढाई दियो । होलिका भस्म भइन भने प्रल्हादलाई केही भएन । होलिका भस्म भएको र प्रल्हादलाई केही नभएको हुँदा होलिकाको नामबाटै होली पर्व भनी मनाउन थालियो । यो आध्यात्मिक पक्ष हो भने आत्मीय जनमा आफ्ना मन मिल्दा साथी र स्वजनहरूमाझमा अविरले खुसी बाँडेर धुमधाम सँग यो पर्व मनाइन्छ । अष्टमी देखि सुरू भएको यो पर्व पूर्णिमाको दिन चिरदाह गरेर समाप्त हुन्छ । दैलेख जिल्लाको यस क्षेत्रमा कही कही पूर्णिमाको दिन मेला लाग्दछ । उक्त दिन दुई समूहमा बाँडिएर चोटिला र रसिला होरी/होली / फागुका गीतहरूले एक आपसमा जवाफ सवाल गरेको पाइन्छ । पञ्चै वाजाको साथमा रमाइला गीतहरू र अविर रंग लगाउने यस पर्वको मुख्य विशेषता हो ।

एक वनमा दुईटा जुरेलीको वगाल, हो मिल्यो दाजै तितौरीको बगाल

दोसैर वनमा ढुड्दा भट्यो दाजै खुकुरी, हो मिल्यो दाजै हाँसको वथान ।

राम जाने रामजाने रामजाने अरे सहिया रामजाने हो ।१।

तेसरी वनमा ढुड्दा मिल्यो राजै चौगडा, हे मिल्यो दाजै जराउको वगाल

हे राधे देवी आज भुवान बोल, अरे सहिया रामजाने ।२।

छोडे राजै धनुकीको वाण, हके मऱ्यो राजै हरणको वगाल

हे राधे देवी आज भुवानवोल, अरे सहिया रामजाने ।३।

पेल भैया पकुवा, काट भैया हरिण

हे राधेदेवी आज भुवान वोल अरे सहिया राम जाने ।४।

काँचो कहर मासु खाए, लाग्यो मलाइ पानीको पियास

आकासको डाली चढ हेर भैया पनैया, पनैयाको छैन उपदेश

पनैया पनैयाको छैन उपदेश, अरे सहिया रामजाने ।५।

कसका हुन यिनी जौं गौं खेती, कसका हुन यिनी काम धेनु गाई

रामजाने, रामजाने रामजाने अरे सहिया रामजाने ।६।

हामरै होलान जौं गौं खेती, रामकै होलान काम धेनु गाई

काँचो कटर मासु नखाउ, मेरा दाजै लाग्ला पानीको पीयास ।७।

आकासको डालीबाट पानी मैले देंखे, अरे भैया खोजनीमा जाउ

जाउ भैया जाउ भैया खोजनीमा जाउ, अरे भैया रामजाने । ८।

खोजनीमा गए पछि लाग्ला उपदेश, पनैयाको लाग्ला उपदेश

लाग्ला उपदेश, लाग्ला उपदेश, अरे सहिया राम जाने ।९।

काँचो कटर मासु खाए मेरा भैया, कसका हुन यिनी पानी वोक्ने पधेर्नी

सोधनीमा जाउ, सोधनीमा जाँउ, मेरा भैया पानी भरी ल्याउ

पानी भरी ल्याउ मेरा भैया पानी भरी ल्याउ अरे सहिया रामजाने ।११।

अघिल्ली अधेर्नी त पछिल्ली पधेर्नी, माझकी गोरीयाले पानी खान देउ

पानी खान देउ रामजाने, अरे सहिया रामजाने ।१२।

कसका हौ तिमी चेला र वेटा, क्याक्या हो तिम्रो नाम

रामजाने रामजाने अरे सहिया राम जाने ।१३ ।

दशरथको हो चेला र वेटा राम चन्द्र हो मेरो नाम

कसकी हौ तिमी चेली र वेटी, क्या क्या हो तिम्रो नाम

क्या क्या हो तिम्रो नाम, अरे सहिया राम जाने ।१४।

जनक राजाका चेली र वेटी जानकाजो हो मेरो नाम

रामजाने रामजाने अरे सहिया राम जाने ।१५।

.................................................................

.................................................................

आज पनि आयो दिदै त्यही कन्हैया, काल पनि आयो दिदै त्यहि कन्हैया

कन्हैया, कन्हैयाको छैन उपदेश, अरे सहिया राम जाने ॥

सिन्दूरलाई मैदानमा निकाले, सिन्दूर सिन्दूर जहाँ जान दे

ऐसे ढुनुमुनु खेल्ने गोपिनी हो नन्दलाल, हैन नन्दलाल

रामजाने राम जाने अरे सहिया राम जाने ॥

१. शिरमा लाउने सिन्दूर दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो शिरैमा सन्दुर, मत जान्न दाजु होली खेलन ।

२. नलै टिकिया दिन्छु मैले, हिडबैनी होली खेल्न जाउ,

छैन मेरो निलै टिकिया, मत जान्न दाजु होली खेलन ।

३. कानै कुण्डली दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ ,

छैन मेरो कानै कुण्डली, मत जान्न दाजु होली खेलन ।

४. नाकमा लाउने नथीया दिन्छु, मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो नाकै नथिया, मत जान्न दाजु होली खेलन ।

५. घाँटी लाउने डबेली दन्छु मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो घाँटी हवेली, मत जान्न दाजु होली खेलन ।

६. हातै लगाउने वाला दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो हातै वाला, मत जान्न दाजु होली खेलन ।

७. गोडी कलिया दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो गोडी कोलिया, कसरी जाउँ दाजु होली खेलन ।

८. खुट्टै लाउने घुघरी दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो खुट्टै घुघोरी, कसरी जाउ दाजु होली खेलन ।

९. गोडै लाउने पाउजु दिन्छु मैले, हिड बैनी होली खेल्न जाउ,

छैन मेरो गोडै पाउजु, कसरी जाउ दाजै होली खेलन ।

(स्रोत : ज्वालाप्रसाद गौतम, कासीकाँध ८)

## ४.३ संस्कार गीत

सोह्र संस्कारलाई आफ्नो पहिचान सम्भने हिन्दु धर्मावलम्विहरूका प्रमुख स्रंस्कारका आफ्नै विशेषता छन् । धेरै पहिलेका मानिसहरूले सोह्र वटै संस्कारलाई प्रयोगमा ल्याउथे भने आज भोलिको आधुनिकता, पाश्चात्य सभ्यताको प्रभाव र समयको रूपान्तरणले गर्दा सबै संस्कारहरू प्रचलनमा आएको पाइदैन । तापनि केही प्रमुख संस्कार जुन मानवीयजीवनसँग सन्निध्यताको सवल पाटोका रूपमा रहेका छन् तिनीहरूलाई मान्यता दिएकै पाइन्छ । यिनीहरू मेटिएर वा हराएर जाँदैनन् । लोकजीवनले विभिन्न संस्कारलाई अंगीकार गर्ने क्रममा संस्कारसँग आवद्ध भएर गाइने गीतहरू नै संस्कार सम्बन्धी लोकगीत हुन् ।

### ४.३.१ विबाह सिलोक

विबाह मानिसको महत्त्वपूर्ण संस्कार हो । सामाजिक परम्परा र सृष्टि क्रमलाई अगाडि लैजानका निम्ति एउटा सङ्घारद्वारको प्रवेश विन्दुका रूपमा विबाहलाई लिने गरिन्छ । विबाह मानिसको जीवनको महत्त्वपूर्ण पक्ष पनि हो । विबाहमा वर वधूको सम्योग मिलाउनका निम्ति जव वर पक्ष वधूपक्षको घरमा गई विबाहको कुरा चलाउँदा बधू पक्षबाट समस्या राखिने र वर पक्षबाट समाधान फुकाउनु पर्ने हुन्छ । समस्याको समाधान हुन सके विबाह किटान गरिने यो चलन अभ्कै पनि दलित जनजाति तथा उच्च पहाडी बस्तीहरूमा प्रशस्त रूपमा रहेको छ । यसै सम्बन्धित गीत यहाँ प्रस्तुत गरिएको छ ।

मगल चरण (अथः दशवतार स्तुती (गाथा)

शुक्ल वर्धन विष्णु शशिवर्ण चतुभुज ।

प्रशन्न वधनं ध्याय सर्वकामार्थ सिद्धय ॥

प्रणम्यं देवी विघ्नेष प्रणम्यंच परास्वती ।

प्रणम्यंच गुरु सर्वा सर्वशस्त्र विशारद ॥

आकांश पतिंत तोयं सर्व गच्छति सागरम् ।

सर्व देव नमस्कार केशवं प्रति गच्छति ॥

मंगल पुण्डरीकाक्षं मंगलम गुरुड ध्वज ।
मंगल पुण्डरीकाक्षं मंगलाय तनोहरी ॥
अथ गाथा
समुन्द्रका निकटमा व्रहम यज्ञ लाया ।
तहाँ संखासुरले वेद लुकाया ॥
जानी लेउ वेद ब्रहम ध्याइ पुकारा ।
राखो राखो श्री कृष्ण जि सरण तुमारा ॥
संहार कियौ दुरीका पुरिस्थान ।
तेत्तीस कोटी देवता स्बर्गलोक मंगलं चारवेद पुराण ॥
जय हरि चार वेद पुराण जय हरी ॥१॥
द्विवतीय रूप नारायण कुर्म औतारा ।
मारिए औंठीका सिखरमा सकल सन्सार ॥
मधुकैट मारी वासुदेव अनुरप विनय औतारा
अंगुष्ठ पुरि स्थान तेत्तीस कोटी देवता स्बर्गलोक मंगलं
चार वेद पुराण जय हरि चार वेद पुराणं जय हरी ॥२॥
तीर्तिया रूप नारायण वराह औतारा
दन्त उठी मय हो मेदन कुमारा
आफूत महेश्वर आसन घरेन ध्यानी
मनोर मालिन गाउत्री चोरी नजानी
जानन्ती सरोवर मानन्ती क्षेत्र पुरिस्थान तेतिसकोटी देवता
स्बर्गलोक मंगल चारवेद पुराणं जय हरी चारवेद पुराण जय हरी
चतुर्थ रूप नारायण नृसिंह औतारा ।
स्वम्वा फोरी पर्कट भए हरिलंकास्य धारा ॥
मारिय हिरण्य कस्यपु देवकी उ वाजे प्रल्हाद किय दिय
हो राज राजआई बैठे भैसा डमरु पुरि स्थान
तेत्तीस कोटी देवता स्बर्गलोक मंगल चारवेद पुराण ........ ४
पञ्चम रूप नारायण वामन औतार ।
दान जिते वलि सफल संसार ॥
बिताय श्री वासुदेव वलि छलि पाताल राख्यो विधाता

पुरिस्थान तेतिस कोटी देवता स्वर्गलोक मङ्गलं चार वेद ....... ५
षष्टम रूप नारायण प्रसुराम औतारा
मारिए महिषासुरकि कियो संहारा ।
त्यहाँकी उत्पति क्याम् ध्यानु गाइ ।
तिनैका प्रसादले पञ्चवान पाइ ॥
पाउन्ती पञ्चवान प्रसाद मनले, पुरिस्थान तेतिसकोटी ............ ६
सप्तम रूप नारायण राम चनद्र औतारा ।
मारिय लंकापतिकी कियो संहारा ॥
रामोति राम द्वादश वर्ष हर्षान्ति लोक
हर्षान्तिलोक धर्मो मुरारि, अयो ध्यापुरिस्थान तेतिसकोटी
अष्टम रूप नारायण श्री कृष्ण औतारा ।
मारिय कंसासुरकी कियो संहारा ॥
बैठेत पात्ताला जाई काली नाग ल्याई ।
माइ यसोदा अफ्नो ताला मनो मनाइ ॥
मथुरा पुरिस्थान तेतिसकोटी देवता ........ ८
नवम रूप नारायण बौद्ध औतारा
मारिय संखासुरकि कियो संहारा ॥
पञ्च इन्दु मिलि आवाज दियौ ।
मारियो शंखासुरकि भोजन्त कियौ ॥
भोजन्ति भाजन्ति धनन्ती लोक धर्मोमुरारी
कैलाश पुरिस्थान तेतिसकोटी देवता ......... ९
दशम रूप नारायण कलिक औतारा ।
मारिय कालिञ्जा सुरकि चित होइ दश धारा ॥
उनाहो उनङ्गे उवञ्जे कोही अठार हातका मर्द
बाह्र हात्का खड्ग अमृत धारा जुग जुग गावै दसै अवतारा
राम गाथा वेद गाथा जो कोही गावै तसले जिउादै
वैकुण्ठ पावै ॥
गो कोटि दान ग्रहणेषु काषी प्रयाग गंगा मृत कल्प वासः
सुमेरु तुल्य हिरण्य दानं, गोविन्द नाम्नापि कदापि तुल्यं ॥

नित्य गोविन्द सदास्नानं नित्य गोविन्द जपेति पुन पुन ॥

जन्मकाले व्रतश्चैव विवहेश्च शुभाशुभम् ।

शुभयज्ञ शुभ गाथा सर्वत्र गायते ॥

इति विष्णु गाथा

(स्रोत : याम प्रसाद अधिकारी, कुसापानी ६)

कीर्तन पञ्चकोशी ज्वाला

भैरवी र पादुका लामा दुवाला, श्रीस्थान नाभिस्थान वले जुवाला

पूर्वमा भैरवी आफै पश्चिम चामुण्डा, उत्तर देवि मालिका दक्षिण कालिका

भैरवी र पादुका .........................................................

भैरवीका मन्दिरमा चल्छ झरना, भक्त जन गएर दर्शन गरन

भैरवी र पादुका .........................................................

धुलेश्वर कोटीला समिपीपल भक्त जन गएर पुजा गरन

भैरवी र पादुका ..........................................................

थरी थरी शक्ति पिठ पञ्चकोशीमा, दया र भगवती हामी भक्तमा

भैरवी र पादुका ..........................................................

निर्मल छन् वासु धारा पञ्च कोशीमा, दर्शन गरी शरण परी शुद्धवनन्

भैरवी र पादुका ..................................................

पाथर नाउली शिलालेख द्धारी झरना, एक चोटी पञ्चकोशी भ्रमण गरन

भैरवी र पादुका लामा दुवाला श्रीस्थान नाभिस्थान वले जुवाला

(स्रोत : याम प्रसाद अधिकारी, कुसापानी ६)

## ४.३.२ रत्यौली/ज्यूती

रत्योली गीत विबाहको समयमा दुलाहाका घरमा महिलाहरू बसेर रमाइलो गर्ने संस्कार गीत हो । जन्ती दुलहीका घर तर्फ प्रस्थान गरेपछि गाउँ छिमेकका तथा आफन्त महिलाहरू जम्मा भएर रत्यौली गाउँछन् । महिलाहरूले रमाइलो गर्न अनेक अभिनय गर्छन् । महिलामात्र हुने हादा अश्लिल शब्द प्रयोग गरेर गीत गाएको पाइन्छ । रातमा गाइने भएकोले यस्ता गीतलाई रत्यौली भनिएको हो । तर आजभोलि दिनमा पनि विबाह हुने हुँदा दिनमै पनि रत्यौली गाउने चलन छ । रत्यौली खेल्दा केही महिलाले पुरुषका कपडा लगाएर जोगी जस्तो बन्ने र महिलालाई समाएर रतीक्रिडाको अभिनय गर्ने गर्छन् । रत्यौलीमा विशेष गरेर पुरुषको अनुपस्थिति हुने हुँदा महिलाहरूले मात्र भित्र गुम्सिएका कामवासनालाई

अतिरञ्जीत बनाई प्रस्तुत गरेर आफ्नो चाहना पुरा गर्ने महत्वपूर्ण अवसरको रूपमा नारी मनका भावहरू गीत बनेर अभिव्यक्त भएको पाइन्छ । यस समयमा अनेक प्रकारका हास्य व्यङ्ग्यात्मक गीतहरूको साथमा माया प्रेम कल्पनामा सजिएका गीतहरू गाउने गर्दछन् । आफ्नो बच्चाको विबाहमा आमा खुसी हुन्छिन् । बालक छोराको शुभ होस् भनेर आमाको मनोभावना व्यक्त गरिएको छ । छोराले गरेका कामहरूको बयान गीतको माध्ययमबाट पोखिएको छ । महिलाहरू जम्मा भएर मादलको साथमा एकजना नाच्ने र अरूहरूले गाउने गर्दछन् । वेदको लौरी, दहीको ठेकी जस्ता शुभका प्रतीक मानेर प्रयोग गरिएको छ । श्रृंगार रसमा अभिव्यक्त रत्यौली गीतमा स्वभावोक्ति अलङ्कारले सुशोभित पारिएको छ ।

भइतेलु दिदी र फूपु ज्यूति लेखे है
रंग गरी ....................................
मइतेलु................... रत्यौली खेले है ।
रंग गरी ................................
मत जान्छु मेरी दिदै दुलही लिनलाइ
रत्यौली खेले दिदी र फुपू निमैनै रम्चाइ ।
स्यानी व्याउली रैछ भने आँशु पुच्तछन्
ठुली .................. खुशी हुन्छन् ।
यो घरमा दिदी बहिनी कति रहिछन्
रम्चाई राखे दिदी बहिनी दुलही ल्याउ जेल
ज्यूति लेख्ने दिदी बहिनी दैलो छेक्न आउ
हाम्रा भाइले दुलही ल्याए वत्ती समाछिन् ।
हाम्रा भाइ पछि लाग्छन् कलस समाउँछन ।
शुक्र तारा दोपरी आयो दुलही यो जून
मैले देखें ध्रुव तारा तिमिले के गर्‍यौं
दियो समाइ दुलहीले लक्ष्मी पस्त छिन् ।
घर जान्छन् दुलाहा दुलही धैरै उज्यालो
वन जान्छन् छोरा बुहारी बनै उज्यालो
हाम्री बुहारी बत्तिस लक्षिन की ।

(स्रोत : मानकुमारी गौतम, कुसापानी ६)

### ४.३.३ मागल /माहाल

मंगल शब्दको अपभ्रंस भएर मागल वा माहाल शब्द बनेको हो । हिन्दूहरूले आफ्ना हरेक शुभ कार्यमा मंगल गीत गाउने चलन छ । विबाहमा गाउने मंगल गीतलाइ माहाल वा मागल भन्ने गरिन्छ । विबाहको अवसरमा कसार बटार्दा दुलाहा घरबाट दुलहीको घरतर्फ प्रस्थान गर्दा, जन्ती पर्छिने बेलामा, लगन लेख्दा, दुलाही अन्माउदा केटापक्ष र केटी पक्षको घरमा देवी देवता इष्टमित्र सगुन सबै सम्झेर गाइने संस्कार मूलक गीत नै मागल वा माहाल गीत हुन् ।

हामरा भाइ विबाह भयो

कसारै बटारम्

कसारै बटारम्

ओ हो कसारै बटारम् ।

आकाशै बाट पातालैबाट

आएका दिदी र बहिनी

कसारै बटारम्

ओ हो कसारै बटारम् ।

हामारा भाइ विबाह भयो

कसारै बटारम्

ओ हो कसारै बटारम् ।१।

भलाए सगुनाय विना भाञ्जै विना दिदै रह्यो हुमा जग्गे

बोलाउ बोलाउ मेरा बाबा मेरा भाञ्जा मेरै दिदै

भलाय सगुनाय निमन्त्रणा पठाऊ ।१।

बोलाउ बोलाउ मेरा बाला निमन्त्रणा पठाइदेऊ

हामारै दाजुभाइले जोग्गे बनाइदेऊ

तेत्तीस कोटि देवी देउता हामरै घरमा बोलाइदेऊ

कुल देवता सबैलाई सम्झी ध्वजा बानीदेऊ

लगनका कसार बनाइ चिउरा राखिदेऊ
दिदी बहिनी भाउजुले रोटी बनाइदेउ
लगनको लागि सागको मुठो दहीको ठेकी माथि राखिदेऊ
केराको धारीले दोको भरी देउ ।२।
हामारा बाला श्रीकृष्णलाई अक्षता, माला लगाइदेऊ
मान्यगुन्य आफन्तले आशिष पनि देउ
कलश भरी गंगाजल राखिदेऊ
गाग्री भरी पानी भरी बत्ति बालिदेउ
हामरा बाला जान लागे दुलही लिन लाई
डोले भैयाले डोली बोकी देऊ
पञ्चै बाजा, करनाल बाजा, ठोकिदेऊ
हर्ष बढाइको खुशीमा बन्दुक पड्काइदेऊ ।३।
साँझ आउछन् हामरा बाला लक्ष्मी लिएर
भगुवानले आशीष देउन ।४।

दुलाहा दुलाही आइसके तगालै खोलिदेउ
चारैफेर टपरीमा बत्ती बाली आरती फालिदेऊ
आरती फालिदिए पछि भित्र भित्र लिऊ ।५।

(स्रोत : मनिसरा मल्ल, कुसापानी ६)

### ४.३.४ भजन-कीर्तन

**अरति**

जीवनको रहस्य र मानसिक शान्तिका निम्ति मानिस अदृश्य शक्तिमा विश्वास गर्न वाध्य हुन्छ । अझ हिन्दू धर्मावलम्वीहरू देवी देवताको आरधना भजन कीर्तन गरेर धर्म सुधारका निम्ति निरन्तर समर्पित भएको पाइन्छ । पूजा आजाका क्रममा ईश्वरको गुणगान गर्दै भक्ति भाव देखाएको पाइन्छ । ज्ञान मार्ग भन्दा भक्ति मार्ग धर्म जोगाउन सहज छ भन्ने विश्वासमा भजन कीर्तनले महत्वपूर्ण स्थान ओगट्न सफल भएको देखिन्छ । विभिन्न

मन्दिरमा भजन मण्डली द्वारा गीत गाउने देखि छैठी, पूजा, सप्ताह सत्य नारायण पूजा, लक्ष्यबत्ती, एकादशी तथ चौमासे व्रतमा निरन्तर भजन किर्नन भएको पाइन्छ । आरती कथावाचनको अन्त्यमा दिप बालेर सबैले सुगन्धको साथ ताप्ने गरिन्छ । अग्नि देवतालाई सूर्यको प्रतीकको रूपमा मानेर श्रद्धा प्रकट गर्ने सामाजिक प्रचलन रहि आएको पाइन्छ । देवी देवता प्रति श्रद्धा व्यक्त गर्न र भगवानको जीवन लीलाको बारेमा वर्णन गर्ने गरेको पाइन्छ । आरती समूहमा गाइने गीत हो । दीप बालेर शंख घण्टको कर्तल ध्वनि साथ समूहमा सबै जना शानत रूपमा वसेर गाएको पाइनछ । आरतकिो समय मा नाच्ने पनि गरिनछ । विभिन्न देवि देवताहरूको नाम जप्दै गाइने आरतीमा गणेश, कृष्ण, वसुदेव नारायण भवानी, सूर्य, राम आदि देवताहरूको नामबाट कार्य सिद्धी प्रचण्डता, बुद्धिमत्ता जस्ता गुण हरूको अभिव्यक्ति पाइनछ । त्रिवेणी भागिरथी गंगा जस्ता पवित्र तिर्थस्थलहरूको समेत स्मरण गरिएको पाइन्छ ।

देवी देवता प्रति श्रद्धा व्यक्त गर्ने र नैतिकता नै महान चिज हो भन्ने उद्देश्य राखेको पाइन्छ । यहाा अतिशयोक्ति अलंकार योजना गरिएको छ ।

### कीर्तन

कीर्तन हाम्रो समाजिक परम्परा हो । देवी देवताका मन्दिरमा वा पूजा आजाका समयमा देवी देवताकाको नाम जप्ने गरिन्छ । देवी देवताका नाम स्मरण गरे पछि अफूले जानेर वा अनजानमा गरेको नराम्रा कार्यहरू समाप्त हुनछन् र असल कार्यमा सम्लगनता हुन सकिन्छ साथै परलोकमा समेत मुक्ति पाइन्छ भन्ने सामाजिक विश्वास रहेको पाइन्छ शान्त वन्नु शुभ शोच गर्नु रमाएरै बस्नु भन्ने सामाजिक पना रहेको पाइनछ ।

द्रुतलयमा गाइएको यस गीतमा शानछ रस पाइन्छ । अनियमित छन्द योजना भएको यस गीतमा समूहमा गाइनछ र एकजना नाच्ने गरिन्छ । मादल खैजडी मुजुराका साथमा गाइने यस गीतले दैलेख जिल्लामा रहेका तीर्थस्थलहरूको वर्णन गरेको छ । पवित्र छन् भनेर पर्यटकहरूलाई आकर्षण गरेको पाइन्छ । यहाँ पवित्रताका प्रतीकका रूपमा श्रीस्थान, पादुका, लामा र द्वला आदि ठाउाहरू आएका छन् । जुन महादेवकी पत्नी सतीदेवीका प्रतीकको रूपमा मान्ने गरिन्छ । यहाँ अति शक्ति अहंकार योजना गरिएको छ ।

**आरती**

सिद्धिमा दाता गणेश्वर राम
गज शिरके शिर सुहाइ सिन्दुर गौरा सुतके
मन पञ्च आरती जय मन पञ्च आरती, वरु गणेशकी
पहिलीमा आरती सिद्धि गणेश की
चारै हात चतुर्वेद सृष्टि व्रहमाकी
पुजा भक्ति बसुदेव परम व्रहमाकी
पञ्चैमा आरती परु व्रहमाकी
दोसरी आरती व्रहमा सावित्री, फुल्यो कमल फूल ध्यानमा चदाम
हात मुरली मेरो यमुनामा बजाइ, हो रुनु मुनु धुनु मुनु
गोविन्द यो कुलमा गइ ।
अन्तर्यामी नारायण राम सिहासनकी ।
वनमाला (ल्वाङ) कस्तुक (कस्तुरी) मणी गरुडासनकी ॥
शेष रुण्ड वृख ध्वज राम भष्म शिवकी
हातमा डमरु वाजा भाङ भीग की
पञ्चैमा आरती शिव पार्वती
फुल्यो कमल फूल ध्यानमा बजाइ ।
हो धुनुमुनु गोविन्द गोकुलमा जाइ ॥
बरदेउम मालिका राम सिंह बाहिनी ।
गाउन पञ्च आरती राखौं भुवानी ॥
पञ्चैमा आरती बरु भवानी पञ्चैमा आरती गोरख भवानी
फुल्यो कमल फूल ध्यानमा चढाउ ।
हात मुरली मेरो यमुनामा बजाउँ ॥
हो रुनु मुनु  धुनु मुनु गोविन्द गोकुलमा जाइ
गज कोटी तेजवती राम अश्व बाहानकी
नर उपर प्रकट भए यिन सूर्य की
पञ्चैमा आरती जय मन पञ्चै आरती बरु सुर्यकी
षष्टैमा आरती सुर्य की

फुल्यो कमल फूल ध्यानमा चढाउा
हात मुरली मेरो जमुनामा वजाउ
हो रुनु मुनु धुनु मुनु गोविन्द गोकुलमा जाइ
सातैमा आरती अति देव लमवोदर कि
राम शक्ति रामको सब नर सोही
यिन पञ्चकर्ि पञ्चैमा आरती जयम पञ्चै आरती बरु रामकी
सपतैमा आरती सबै देवकी- फुल्यो कमल फूल
पाण्डव राजा पाशा खेले राम कुन्ति सुतकी
कौरवको संहार गरे अर्जुन भिउसिन की
पञ्चैमा आरती जयमन पञ्चै आरती वरु पाण्डवकी
अष्टैमा आरती अर्जुन भिउसिनकी फुल्यो कमल
फूल ध्यानमा चढाउा, हातमुरली बाजा यमुना वजाइ
हो रुनु मुनु धुनु मुनु गोविन्द गोकुलमा जाई ॥
आदित्य चन्द्र, मंगल, बुध राम वृहस्पतिकी
शुक्रमा शनिश्चर, राहु, केतु वर्न ग्रहकी
पञ्चैमा आरती जय मन पञ्चै आरती बरु ग्रहकी
नवैमा आरती नवै ग्रहकी - फुल्यो कमल फूल ध्यानमा
हो रुनु मुनु धुनु मुनु गोविन्द गोकुलमा जाइ। गंगा यमुना त्रिवेणी राम सरस्वतिकी
मोक्षमा दिने मनिकणिका राम भागिरथी की
पञ्चैमा आरती जय मन पञ्चै आरती वरु गंगा की
दसैमा आरती गंगा सागरकी

(स्रोत : टीकाराम पौडेल, कुसापानी ६)

**रामायण**

हाऽ कै एका दिनमा भन्छन् , कै एका समयमा
शिव पार्वती कैलासमा बसेको हरि
हा ऽदुनुहात जोडी प्रभु बिन्ति गर्छिन् पार्वती
उनको विन्ती सुनेर प्रभु बोल्न र लाए भोलानाथ हरि
हा ऽके को बिन्ती भन है भन पार्वती हरि

हाऽ सुन्नस लाग्यो मन हरि हरि बुझ्नस लाग्यो रामायण

को हुन् स्वामी हजुरले बताउनु पर्‍यो बाल्मीकी हरि

हाऽ धेरै भन्न केही जान्दिन संक्षेपमा मैले भन्दछु

दैवको इच्छा प्रभुको माया सुनीलेउ महारानी हरि

हाऽ अयोध्यामा दशरथ राजाका तिन भैनी रानी

तिनवटै रानीबाट सन्तान भएनन एक पनि हरि

हा ऽदशरथ राजा साह्रै पीरमा परेका

एक दिन दशरथ राजा सभामा गएका हरि

हाऽ बैकुण्ठका भगवानले त्यै बेला थाहा पाए

विष्णु भगवान छल गर्न राजाका घरमा आए हरि

हाऽ पिताम्वर बस्त्र पैह्री काँधमा धोती भिरेर

बिमी चिमी चिम्टा बजाउदै एक हातमा कमण्डलु लिएर हरि

हा ऽआलोक जगाए दरवारमा वरीपरि घुमेर

भित्रबाट रानीले भिक्षा र दान लिएर हरि

हा ऽजेठी रानी कौशिल्याले हीरा र मोती लिइन

माहिली रानी कैकेयीले धन र द्रव्य लिइन हरि

हाऽ कान्छी रानी सुमित्राले सुनका थालमा अन्न लिएर

तिन बैनी रानीले  प्रभु भिक्षा दान लिएर हरि

हाऽ तिम्रा दरवारमा बालक पनि खेल्दैनन्

हरि हरि तिमरा अयोध्यामा लाली बाच्छी रम्दैन हरि

हा ऽछोरा तिम्रा कति छन् तो रानी छोरी कति छन् हरि

हाऽ छोरा पनि छैनन् हाममा छोरी पनि छर्दै छैनन् हरि

हाऽ त्यसो भए रानी तिमीले दिएको भिक्षा लिइदैन हरि

हा ऽलिनु पर्‍यो महाराजै हामीले दिएको भिक्षे दान, हरि

हाऽ अपुत्रीले दिएको रानी जोगीले भिक्षे लिदैन
अपुत्रीलाई देखेर रानी साइत पनि पर्दैन
अपुत्रीले दिएको रानी पृतीले पनि खाँदैनन् हरि
हा ऽयतिमा कुरा भनेर प्रभु अन्तर्ध्यान भएर
साझ पख सभाबाट राजा दरवार आएर हरि
हाऽ पानसमा बत्ति बलेको छैन बलेको छैन बिजुली
के छनी संसारमा सम्झेर ल्याउदा खेरी हरि
हाऽ आज केन दरवार अध्यारो
रानी कौशल्या आज केन दरवार अध्यारो
रानी कैकयी आज .....................
रानी सुमित्रा आज .....................
हा ऽमुख तिम्रो मनिलो केन मनिलो मुख केनर
मुटुमा गाँठो पारेर भन्छिन आँखामा आँसु झारेर हरि
हाऽ एकुमा फुस्रो जोगी आएर आलोक जगाउदा
तिनर बैनी रानीले भिक्षे दान दिदाता हरि
हा ऽलिदैन मैले भिक्षेदान अपुत्रीले दिएको
त्यती र वचन बोलेर जोगी अन्तर ध्यान भएको हरि
हाऽ दशरथराजालाई पीर पर्दा मनमा
कसले देला अर्ती वुद्धी कसले देला ज्ञान हरि
हाऽ सोच्न र लागे दशरथले साह्रै मन ठहराई
आफ्ना गुरु विशिष्ट कहाँ गए भन्नलाई हरि
हा ऽउपदेश मलाइ बताउनु पर्‍यो मेरा गुरुज्यू
सन्तान मलाई छन् कि छैनन् वताइदिनुस् गुरु ज्यू हरि
हा ऽ उभो हेर्छन निर्णय सिन्धु, उँदोकोर्छन सिलौटो

के उपदेश दिक्तो राजा छैनन तिमीलाई सन्तान

हा ऽ उपदेश मलाई बताउनु पर्‍यो मेरा गुरु ज्यू

सहरे ज्यूमा गएर राजा तपस्या गर तिमीले हरि

हा ऽसुनकलसे गागरीमा साइत सार्दिउ रानीले

सुनको बैशाकी लौरी साइत सार्दिउ रानीले हरि

हाऽ भता जान्छु सहेज्यूमा ध्यान गर्नलाई भनेर

केको ध्यान गर्नु हुन्छ राजा, रानीले प्रश्न गरेर हरि

हा ऽसन्तान हामीलाई भएनन् रानी ध्यान गर्छु भनेर

जाँदामा जाँदा गएर राजा ऋषिको आश्रम पुगेर हरि

हा ऽविश्वामित्रसँग गई परिक्रमा गरेर

परिक्रमा गरे पछि दण्डवत् गरेर हरि

हाऽ कोहौ तिमी भनभन को हो तिमी भनेर हरि

हा ऽअयोध्यापुरीको दशरथ राजा मै हुँ भनेर

के कामले आयौ दशरथ राजा के भयो तिमीलाई भनेर हरि

हा ऽसन्तान मलाई दिनु पर्‍यो हरि हरि सन्तान मलाइ दिनु पर्‍यो

मेरो गुरु ज्यू सन्तान मलाइ दिनु पर्‍यो हरि

हा ऽअपुत्रीलाई देखेर नुहाउनु पर्‍यो भनेर

विश्वभित्र ऋषि प्रभु गंगाजीमा गएर हरि

हा ऽगंगाजीमा गएर प्रभु नुहाइसकी आउँछन्

सातफेर सम्म दशरथले ढोग्छन् सातै फेर नुहाउछन हरि

हाऽ मैले दिन हुने उपदेश दिन्छु तिमीलाइ भनेर

फुलबारीबाट जोर्ते आँप टिपी ल्याउ भनेर हरि

हा ऽझोलीबाट जडीबुटी ऋषिले निकालेर

जडीबुटी निकालेर दशरथलाइ दिएर हरि

हाऽ त्यो जडिबुटी घोटी पिसी औषधी मिसाए
तिन भाग लगाइ दुई भाग रानी एक भाग तिमी खाए हरि
हाऽ त्यति ज्ञान पाएपछि राजा त दरवार गएर
औषधी घोटीपिसी तिन भाग लाएर हरि
हा ऽराजाले खाए एक भाग दुई भाग दिए रानीलाई
कान्छी रानी सुमित्रा त पानी लिन गएकी हरि
हाऽ दुई भागबाट निकालेर तिन भाग लगाई
तिन बैनी रानीले औषधी बुटी खाएर हरि
हाऽ त्यसै र बेला मौकामा हरे रानीलाई गर्भ रहयो
एक मैना दुइ मैना गर्दै दशमास पुरा भो हरि
हाऽ दशमास शरु भयो जन्मीन लाए बाला
यसोदा भन्ने सुडेनी पनि आइ पुगिन त्यै बेला हरि
हा ऽकौशिल्या र कैकेहीलाई एक एक बाला जन्मिए
कान्छी रानी सुमित्रालाई दुई बाला जन्मिए हरि
हा ऽप्रजा र फौजले समेत थाहा पाए त्यै बेला है
सुन कलसे झारीका जलले नुहाउन लाए बालालाई हरि
हाऽ सुन दान द्रव्यदान असंख्य दान गरेर
त्यसै बेला अविर र पुष्पा वृष्टि गरेर हरि
हाऽ सबै जना ज्ञान कीर्तन भजन गाउन लाए
नौमती बाजा बज्नै लागे करनाले पनि बज्न लाए हरि
जेठा राम साइला भरत जेठी र माइलीका भए
कान्छीका साइला लक्ष्मण, सत्रुघन कान्छा भए हरि
हा ऽअयोध्या पुरीमा जन्मत भयो रामका, मन हर्ष भयो दशरथ राजाको हरि
अयोध्या पुरीमा जन्मत भयो रामको हरि

## ४.४ बाह्रमासे गीत

बाह्रमासे अन्तर्गत आउने नेपाली लोकगीत जुनसुकै  ऋतु महिनामा एकनास सँग प्रभावित भइरहेको देख्न सुन्न सकिन्छ । बाह्रमासे गीतहरू एक किसिमले सदाबहार वृक्ष जस्ता हुन्छन् जुन कहिल्यै पनि बिलाउँदैनन् र हराउदैनन् । यी गीतबाट लोकजीवनले समयलाई र त्यस अनुसारका क्रियाकलापलाई कसरी हेरेको छ भन्ने थाहा हुन्छ बाह्रमासे गीतमा हाँसो आँसु, सुख दुःख, माया प्रेम, विरह वेदना, आस्था, भक्ति, विश्वास, श्रद्धा आदि कुराहरू पाउन सकिन्छ । बाह्रमासे गीत जुन सुकै समयमा पनि गाउन सकिन्छ ।

### ४.४.१ बाह्रमासा

बाह्रमासा त्यो गीत हो जहाँ बाह्रै महिनाको वर्णनमा ती महिना सँग ग्रामीण जनजीवनलाई विवीध परिवेशसग साक्षारतकारको अभिव्यक्ति पाइन्छ । दैलेख जिल्लाको यस क्षेत्रमा प्रचलित बाह्रमासा गीतमा एकातर्फ ईश्वर भक्ति तीर्थव्रतको महिमालाई जोडेर महिनासँग सम्बन्ध देखाइएको पाइन्छ भने अर्को तर्फ विछोडीएका आफ्ना प्रेमी, श्रीमान सँगको बिछोडको पीडालाई अभिव्यक्त गरेको पाइन्छ ।

वैशाख मैना बजारमा ऐना एक गते मनाउला
यो नयाँ वर्ष इश्वरको भर्छ शुख शान्ति जनाउला
आउला जेठ सबैको भेट दशहरा चाड भयो ।
लेखमा जाउँला काफलै खाउँला काफलकै बन्छ यो ।
लेखनै जाउँला एंसेलु खाउँला तिर्खुली घसौंला
इष्ट र मित्र घरका मित्र पिँढीमा वसौंला
इष्ट र मित्र घरका मित्र पिँढीमा वसौंला
धानको बिउ सुकेको जिउँ खेतमा छरौंला
असार मास रोपौंला घास भकारी भरौला ।
गुरुको पूजा धानको भुजा रोपाइ गरौला
एका र दशी भोक भाकै बसी तुलसी गरौला
आउला साउन दुद दैको जाउँन खेत रोप्ता भेटौला ।

पाउना गई मिठो नै खाउँला भाइ बैनी भेटौंला
साउन पूण्य कति दिन कुर्न्या खीर पनि खाउँला,
माइतीको मानु कुराउनी खानु ससुराल जाउँला ।
भदौको मैना बोलाउँला वैना तीजलाइ मनाउन,
कुष्णको ब्रत फलफूलको अर्थ धर्मलाई जनाउन ।
असौज लाग्ला वर्षाद भाग्ला सराद गर्नलाई
ब्राह्मण आउनन दै दुध खानन् सिदानै भर्नलाई ।
दसैँपो लाग्ला दुःख सव भाग्ला जवारा राखौला
कालो र दुर्गालाई पोका अष्टमी भाखौंला ।
धित धर्म बुझि नौ दुर्गा पुजी टीका लगाउँला
माइत मावल सब जना जाउँला मिठो नै खाउँला ।
पाँच दिन सम्म भरौंला टम्म दसैंको रमझम,
ठुलो हो चाड रिनले गाड नाचौंला छमछम ।
कार्तिक लाग्यो दंशै पो भाग्यो आइगयो तिहार
फूलको माला गलामा जाला भाइ वइनी पियार ।
भैलीमा जाउँला मिठो नै खाउँला हाँसेर वसौंला
तिहार गयो धान पाक्ने भयो कुनामा पसौला ।
खेतमा मेला हातमा ठेला खुर्पेटो भिरौंला
चाड वाडको दिन लाएको रिन कमाइ तिरौंला ।
मंसिर आयो धान काट्न पायो खेतको दाइ भयो
आइगयो पुस बुडाबुडी रुस सिरक काँ गयो ।
माघको भात चिसो छ रात थर्थरी ज्यू भयो,
फागुन लागो जाडो त भागो पुष पन्द्र गैगयो ।

माघ र पुष बुडाबुडी रुस चाड त्यसै रैरयो ।

चैते दसैं आनन्द वसाइ रमाइलो भैगयो ।

फागुन कोइली सोल्टीको वोली काँ सुन्न पाइएला

चैतको दसैं माइतको वसाइ अर्को साल चाइएला ।

कि जान्छ धर्म कि गरौ कर्म अर्को है जुनीलाई,

लौ अगि सरौ पारी नै तरौ मानिसको जन्म पाइ ।

(स्रोत : तिलक पाण्डे भैरी - ३)

### ४.४.२ झ्याउरे/झाम्रे

नेपाली जीवनका उकाली आराली सँग सानिध्यता गाँस्न सफल एवं नेपालीपनको झझल्को दिने बाह्रमासेगीतहरू नै झ्याउरे गीतहरू हुन् । झ्याउरे नेपालको माटोमा रत्तिदै हुर्केको नेपाली लोकगीतको फाँटमा मुटुतुल्य बनेको गीत हो ।[१] झ्याउरेलाई झण्डै झण्डै लोकगीतकै पर्यायका रूपमा समेत लिने गरिन्छ । यस क्षेत्रमा झ्याउरेलाई झाम्रे पनि भन्ने गरिन्छ । आज भोलि भने आधुनिकताको प्रभावले गर्दा यसको चलन कम हुदैछ तथापि मौका परेको बेलामा दोहारी बस्ने अर्थात् झ्याउरे गाउने चलन छ ।

गोली धागाले, रिवनै फरर, रेलको हावाले

केटा - गाईको बाच्छो कति टाठो चाँचर हेरि तर्‍यो

देख्नु छैन, भेट्नु छैन, माया लाउनु पर्‍यो गोली धागाले.................

केटी - लाएर माया छाड्ने भए नलाउ माया भयो

सधै देख्ने मायालाई के देख्नु पर्‍यो , गोली..................

केटा - हात भनेको बित्ता छैन मारिकन तैना

लाएको माया सरासरी बीचमा छाड्ने छैन, गाली धागाले..............

केटी - कैराल फुल्यो ढकामकी झ्याल फुलेर टाँकी

हित्त चित्त मिलेपछि केमा रह्यो बाँकी, गोली धागाले ................

केटा - छपाछपी ढ्याप्पै पैसा हत्केलामा गन्नु,

तिम्रो मनमा केछ केछ म कसरी जान्नु, गोली................

---

[१] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्, पृ. १५५ ।

केटी - अब माया आजै लगाउ भोली मत छैन,
बिचार गर्नुस ज्यान हजुरले कन्या केटी हैन, गोली.......

केटा - बाखीको पाठो सानो देउन तिमीले बैना
कन्या केटी नभएनी छोड्ने मैले छैन, गोलाी...............

केटी - हजुरको मनै बुझ्े पहाडै चढुला,
पुरानाले जारी खोजे म कसो गरुला, गोली...........

केटा - एउटा घर विनी बजार एउटा घर त सिम्ला
कन्या केटी नभएनी जारी तिरी दिम्ला, गोली..............

केटी - उकालीमा हिड्दा हिड्दै दाहिने पारम् वर,
जारी तिरी दिन्छौ भने जस्तो अबधा घर, गाली................

स्रोत : किशोर अधिकारी, कुसापानी ३

सरर फर्काइ देउ नदी, फरर फर्काइदेउ पिरती
हार्मोनियम बज्यो बगाली थिएटरमा,
बात गरम भने टेलिफोन छैन नमस्कार लेटरमा ।१। सरर...............
हरियो परियो छेउछाउमा फुल्यो, माझ्ैमा पहेला
कान्छीका आँखा क्या राम्रा रैछन् झिम्काउने परेला ।२। सरर...............
आकासे तारा बाबाको प्यारा लाहुरै गएर,
तिमीलाइ लिन म आउने भएँ बदली भएर ।३। सरर...............
कलकत्ते काइयो केश मेरो बांगो तेबलमा ऐना छ,
पिरती मैले नलाको होइन तकदिरमा रैनछ। ।४। सरर...............
हैन हजुर सुनको गजुर चाँदी मिसाएको,
मैले भन्ने आफ्नो मान्छे किन रिसाएको ।५। सरर...............

श्रोत : किशोर अधिकारी, कुसापानी ३

माया छैन साथैमा, नदेउ मलाई सपनी आधी रातैमा
१) हाऽ निष्ठुरीले छाडेर गएनी, लाग्छ माया बैगुनी भएनी - माया................
२) हाऽ झल्को पनि लाएको कति, सम्झी बस्ने यै रैछ जिन्दगी - माया.............
३) हाऽ वर्षे भेल कसरी तरु, तिम्रो माया पाइएन के गरु - माया................
४) हाऽ सम्झनाले मन पोल्छ अति झुटो रैछ माया र पिरती - माया................
५) हाऽ फूल सरी यो मेरो जोवनमा, कस्तो दाया नभएको त्यो मनमा - माया......
६) हाऽ सपनीमा झलझली देखेको रुन मात्र रैछ नी लेखेको - माया................

७) हा९ तिमीले मेरो नलेउ भो चिन्ता, घाम डुबेको थाहा पाउछौ एक दिनता - माया ...........

(स्रोत : धनीराम लामिछाने, कुसापानी ३)

### ४.४.३ घाँसे गीत

ग्रामीण जनजीवनमा दुःख पीडा, विछोड आँसु, हाँसोमा लोकगीतहरू जीवन्त भएको पाइन्छ । विषेश गरेर नारीबर्गले घाँस काट्दा, दाउरा, खोज्दा, गाउँबेसी गर्दा मेलापात जाँदा र गाइ बाखा चराउन जाँदा गाइने गीत जहाँ आफ्नो मनका अभिव्यक्तिहरू कसैलाई सुनाउन भन्दा पनि मन भित्रको वहलाई शब्दको माध्यमबाट निकास दिएर मन हल्का गराउने गीतहरू नै घाँसे गीत वा ठादो गीत हुन् । यस्तागीतहरू एक्लै कतै कतै युगल र समुहमा गाएको पाइन्छ । दैलेख जिल्लाको यस क्षेत्रमा प्रचलित घाँसेगीतको मुख्य विशेषताको रूपमा मनका अभिव्यक्तिहरू जुन हाम्रो अदृस्य रूपमा गहिरो छाप छाडेर अडिरहेका जीवनका छालहरू हुन्छन् । तिनै पीडाहरू अभिव्यक्तिको माध्यम लोकगीत अन्तर्गत ठाडो/ घाँसे गीतमा गाएको पाइन्छ ।

“छिन्छ नतान, यो एउटा जोवनको चिन्ता नमान ”
तिम्रा साथी छन कता कता, अड्को परे तेलको धुप हु मता - छिन्छ नतान........
माया तिमी आउछौ कि भनेर, बसी राछु दिन महिना गनेर - छिन्छ नतान.........
दैलेखको सिर्सेनी, लाइयो माया के गरी विर्सनी- छिन्छ नतान.........
गुन्द्रीको हतास, मन उडेर डाँडाको बतास - छिन्छ नतान.........
केही छैन धनसारमा, मेरो भन्ने कोही छैन संसारमा - छिन्छ नतान.........
दुई खोली छलछली, तिम्रोँ मुहार देख्दछु झल्झली - छिन्छ नतान.........
रातपर्‍यो झमक्कै अध्यारो, कडा सासु टाढा छ पधेंरो - छिन्छ नतान.........
लालु पाते फुलेर लाल भयो, आज मेरो जोगीको चाल भयो - छिन्छ नतान.........

(परसुराम गौतम, कुसापानी ६)

ताल खोलाको शिर, रोएर नजाने यो मनको पीर
कहिले यो मन बगेको गंगा झैं, कहिले यो मन उडेको चंगाझै
माया तिमी कहाँ गयो यतिन्जेल, खोजे मैले परानले भेटुन्जेल
सपनीमा सिरानी मुनी, बिपनीमा भेट कहिले भहुनी
बेइमानीको पासमा परियो, रुदारुदै पोखरी भिरयो

योमनमा पीर छ कत्तिको, छुरी धसी मरौ की जतिको ।
मायालुले दियौ नि दोष, झर्‍यो फूल डालीको के दोष ।
डुब्नै लागे घाम, पाउनु धोका पाइयो नी रुदै कता जाम ।
छैन पुछ्ने यो आँसु खसेको, हेर्न आउनु चिन्तामा जलेको

(परसुराम गौतम, कुसापानी ६)

आकास सुन्य मन सुन्य भाको छ, रुदा रुदै फेवाताल बन्या छ ।
सुख दुःख जीवनको कहानी, पैह्रो गयो यो मनको आँगनी,
यो मनमा उठेको छाललाई, साम्य हुन्न आगोले नजलाई
भित्र रोएनी बाहिर हाँसेको, के भयो र यो जीवनमा साँचेको
झरना बनी दुई आँखा पोखिए, दोबाटोमा गएर रोकिए
दुइटा नदी मिलेर दोभान, कहिले भएनन् यी आँखा ओभान
चौपारीमा बर पीपल ढलेर, आगो लाग्यो यो मन सल्केर
भमरा र फुलको भेट भाको छ, भने हुन्छ ज्यान हजुरले के भन्न मनलागेको छ ।
भएन फाटो मायाको क्यै गरी, छुट्ने छैन सारसको यो जोडी ।
भयो भेट घाम र जुनको, मन भो शीतल भमरा फूलको
कति मिठो सुरिलो त्यो भाका, गाह्रो रैछ छुटाउन दुई आँखा
सुनमा बासना राखेता, खुसी छोप्न अञ्जली थापेता
अलि वर सरन पीपल, बल्ल होला तिम्रो मन शीतल
माया हामी पिरती गाँसौ, देवचुली बरचुली भै बसौं

(परसुराम गौतम, कुसापानी ६)

### ४.४.४ गाइने गीत

गाइनेगीत गन्धर्व जातिहरूले गाउने गीत हो । सारंगी रेटेर सारंगीको धुन सँगै गाउँ गाउ डुलेर आफुले प्राप्त गरेका नवीनतम सन्देश र जीवनमा गहिरो छाप पारेका घटना क्रमहरूलाई गीतको माध्यमबाट अभिव्यक्तगर्नु गन्धर्वको मुख्य विशेषता हो । गन्धर्व जातिको मुख्य पेसा नै गीत गाएर जीवन जिउनु थियो । गीत गाएर प्राप्त गरेको अन्न र पैसाले जीविकोपार्जन गर्नुका साथ साथै विभिन्न घटना क्रमले पारेको प्रभावलाई घरघरमा सुनाई विरेचनको माध्यमबाट गायक र श्रोताले आनन्द प्राप्त गरेको पाइन्छ । यस क्षेत्रमा बसोबास गर्ने गन्धर्वहरू हाल आएर अन्य पेसा तर्फ लागेको पाइन्छ । तापनि अघिल्लो पुस्ताका गन्धर्वहरू आफ्नो परम्परागत जीवन चर्यामा नै बाँधिएको देखिन्छ । गन्धर्वहरूले राष्ट्रिय एकताका

निम्ति समेत गीतगाएर हिड्ने गर्दथे । लडाइमा छोरा मरेको जान्न भन्दा कर गर्‍यौ बाबा जागिर खानलाई, कहिले जागीर छाडौ भा छ आमा मलाई कसो गरी बताउ प्यारी यो मनको बिलौना, हाम्रो देश नेपालमा भइयो खेलौना । जाने बेलामा घरधुरीमा कालो कौवा करायो, आमा तिम्रो नाकको फुली कहाँ हरायो । हे आमा, कसरी बताउ र मनको पिर, मनैमा खटाएर छोराको बिलौनाले आमा तिमी नरुनु, मेरो खबर बताउँदै निरास नहुनु चार बजे साइत मेरो जुनका साथमा हिडेथे, बटर्नैलीको पहिलो मोटर मैले भेटेथे । यात्रा मेरो कहाँ थियो कहाँ गए थाहा छैन, जागीरको बन्दोबस्त पनि भा छैन, हे बाबा मरुकी जीवनमा, सुख सन्तोष केही भएन यो मनमा, बटौलीको यात्रा मेरो कहाँ जाने थाहा छैन अहिलेसम्म मेलो मेसो केही भा छैन, मनमा पीर परेकै थियो मनैमा के गर्ने, बटौलीमा भर्ती खुल्या छ रे भन्ने सुने, छाती नाप्यो जाचकीले उचाइ नाप्यो उसैले, यो त भर्ति हुने भयो भने कसैले हे दैव को होला बोलेको ,सुने आमा भर्ती नि खुलेको भर्ति भएपुलिमा तालीम पनि सुरू भयो, राइफल गोली बोक्नु पर्दा कस्तो कस्तो भयो । छ मैनाको तालिम सकी सरुवानी गरायो, सरुवाको कागज आयो दैलेख जिल्ला पुर्‍यो । हातै भिर ठेला मेरा बन्दुक राइफल सम्हाल्दा, मनमा पीर परेकैथ्यो दैलेख पठाउँदा गुल्मीबाट सरुवा भो दुर्गम धुर्कोटैमा, मध्य रातको ड्युटी पर्छ विना ओतैमा। बस्तु भन्ने ठाउँ हाम्रो ड्युटी परेको, आफ्ना साथी भाइसँग भ्रूण्डै मरेको बाहुन क्षेत्रीको डफ्फा थियो हाम्रो मध्यरातमा, हात हतियार थिए बाबा हाम्रा साथमा । हनाम् भने नेपाली दाजुभाइ, नहानौ त आएको छ कसम खाई धुर्कोटको खवर भन्दा आमा मुर्छा पर्छिन कि, श्रीमतीले खवर पाउदा खानै छाड्छिन की सुनसान रात थियो कुकुरहरू भुक्दथे, हाम्रा आफ्ना साथी भाइले हाम्लाई ढुक्दथे । मध्यरातको दुइ बजे हाम्रो चौकी घेरीयो , घेरा भित्र बन्दकीमा हामीलाइ पारीयो । हे आमा दैव नि खनीया, साथी भाइको दुश्मनी बनीयो । तिन घण्टाको भिडन्त भो हाम्रो चौकी अगाडि, ज्यादै ठुलो बम पड्क्यो चौकी पछाडी साह्रे सत्र मेरा साथी परम धाम गइसके । म एउटाको विचल्ली भो मोरो भइसके । आखाँ भरी आँसु आयो आमा तिमी सम्भ्रूदा , एउटा हात काटिएछ पछि फर्किदा हे बाबा एउटा हात गइसक्यो, औसी रातको चन्द्र भ्रै भैसक्यो । खोज्दै आउँदा जंगलमा साथी भाइले भेट्टाए, एउटा हात र दुइटा खुट्टा पनि कटाए । कहिले मारौ भन्दै थिए, कहिले छाडौ भन्दैथे, अन्योलमा अठारको लिफ्ट गन्दैथे । हे प्यारी सुखनी भएन, तिम्रो लोग्ने जिउँदै त आएन । हे आमा सुखनी भएन, तिम्रो छोरी जीउदैनी रहेन । हे बाबा सुखनी भएन, तिम्रो छोरा फर्केर आएन ।

(स्रोत : हस्तबहादुर नेपाली, कुसापानी ६)

एक्लै छाडी विदेश जानुभो, फर्की आउने कहिले हो कहिले,

पन्ध्र वर्षे उमेरमा हाम्रो विबाह भयो । सोह्र वर्ष उमेरमा स्वामी विदेश गएको

पन्ध्र वर्ष म हुँदा त सोह्र वर्ष स्वामी, उमेर हामी बरावरी दामली थियै हामी

कहाँ गयौ यो मनको राजा, को भनेर बसुला म आज ।१।

तिमी विदेश जाने भए विबाह किन गर्नु बन्धनमा पारेर छाडी मलाइ मर्नु

यसै सेतो नैनसुत भ्रन सेतो धोएर, दिन जान्छ सुर्जेलाई  हेरी रात जान्छ रोएर

कसो गरी सकेको विर्सन, लाग्दैन र घरको तिर्सना ।२।

दिन ता जाने रैछ,  साथी सँग बोलेर , रात विताउन म को सँग यो मन खोलेर ।

आफ्नो भनी नौ डाँडा पारी मन बुभ्राउ कसरी, विच पार्‍यौ स्वामीजीले जीवन वित्ला यसरी

कसो गरी सकेको विर्सन, आउदैन र मेरो सम्भ्रना ।३।

आज भोली भन्दा जीवन ढल्नै थाल्यो, छाडी गयो निस्ठुरीले मनमा आगो बल्यो

सम्भ्रे हाम्रा पुराना दिन सधै भिज्छ सिरानी, बाच्नु पर्दो रहेछ  यहाँ छुटेर पनि परानी

कस्तो होला त्यो रुखो मन, साउने भ्ररी वर्सीयो भ्रन ।४।

(स्रोत : हस्तबहादुर नेपाली, कुसापानी ६)

### ४.४.५ धामी भ्राँक्री सम्बन्धी गीत

ग्रामीण समाजमा अभ्रै पनि पुरातन मान्याताले बलियो जरा गाडेको पाइन्छ । मान्छे विरामी पर्दा गाई भैसी विरामी पर्दा धामी भ्राक्रीको सहायताले निको भएको मान्ने प्रचलन ग्रामीण क्षेत्रमा रहेको पाइन्छ । बैज्ञानिक हिसाबले अर्थहीन भनिए तापनि कुनै कुनै समस्या समाधान भएको पाइन्छ । विरामीको उपचार धामी भ्राँक्रीको प्रभावले नभइ मनोबैज्ञानिक प्रभावले त्यसो हुन गएको हो । यस क्षेत्रमा धामीभ्राँक्री बस्ने पात्लो चलन छ जहा स्वर मिलाएर ओखा गाइन्छ ।

पूर्वमा  माभ्र, पश्चिम खण्ड, भुस्तुङ, खोलामा नौ बैनी डंकेनी

नौ बैनी मध्येका मैता, देबका औशिल्या, कौशिल्या, दुर्पता, रुमी, रेवती, कुन्ता

कान्छी कुन्ता मै भन्ने डंकेनी माझ्क घर गइ रुन कल्लाउन थाली
किन रोयौ भनी सोध्दाखेरी हाम्रा घर कटेरा उरिम समेत चोइ
मुढ ओत्ने ठाँउ समेत भएन , माइती भन्ने तिमी एउटा थियौ,
तिमी केही टाढा भयौ र हामीलाई यस्तो बिलाप पर्‍यो
हैन बैनी तिमी भूल पर्‍यौ, माझ्क भन्ने नाम मेरो हैन
मलाई नढाँट दाइ माझ्क भन्ने तिमी नै हौ
तिम्रा हत्केलामा सुनको गजी ढ्यांग्री गरेका ठेला छन् नढाँट
हुन्छ तो बैनी त्यसो भए कही दिन पछि आइ छाई बनाई दिम्ला,
केही छिन पछि माझ्क डंकेनीको घर गई छानामा चढे एकै हारी फाले दुवै हारी
फाले ..............., नवै हारि फालेर फेरी भाटो बाँधी छाउन लागे
नय खर, नय भाटो, नय बातो उल्टो हारी लाउनै लागे
एकै हारी लाए............... सातैहारी लाउदा खेरी छानामा भएको वखतामा
आँटी देखि गइकन मुटु कलेजा, आन्द्राभुँडी समेत झिकीकन
चूल्हा खण्ड भर्सेलीमा लगी माटाका हाँडीमा छोपी राखेकी रैच
त्यसैबेला माझ्कले आवै दुख्यो, बाबै दुख्यो, मुटुकलेजा दुख्यो,
नौवै नाडी बहत्तरै कोठा खान थाल्यो, उल्टी हुन थाल्यो
त्यसैबेला हातमा पानीको लोटा लिइ, जाँदी भइ, दाजै तिम्ला के भयौ ?
भान्सा पाकी तयार भयो उठ्नु पर्‍यो, हातपाउ धुनु पर्‍यो किन पल्ट्यौ ?

..................................................................................

माझ्कका दुई स्वास्नी कुरा गरी बसेका थिए
आज माझ्क डंकेनीका घर गएका हुन के कस्ता आउछन् भनी
उतै हेरिरहेका थिए केही टाढा देख्दा खेरी अनुहारत माझ्कका जस्तो छ ।
हिडाइत होइन की ? नजिक आए पछि डंकेनीको घर नजाउ त भनेको हो नी
जानाले होकी वा त आफ्नो ग्रहदशा विग्रेर हो की ?
अब कहाँ गइ कौनो उपाए गरम भनी रुन कराउन थाले,
उत्तर खण्डमा शिवजी ध्यान बसेका छन् अरे हामी पनि जाउँ भनी
जेठी मझेनीले माझ्कलाई बोकी, कान्छीले गजी ढेंग्री बोकिन

.................................................................................

तथास्तु तिम्रो तपस्याले म सन्तोष भए, तिम्रा मुटुकलेजा पूरा होउन्
यस्तो सुनी फर्केर आउन थाले, सेती चअर हाँकन थाले

काली चउर हाक्न थाले, हाँकदै र गाउदै बजाउँदै आउँदै थिए,
फरी नवै बैनी डंकेनीलाई थाहा भयो, माझलाई  खान भनेको त अझ
आफ्नो खोजी उपचार गर्न भनी गयो रे

.......................................................................................................

अरू सबै डंकेनीलाई माझले मारी दिए, कान्छी कुन्ता मै भन्ने
डंकेनी केही टाढा गई बुटाको ओत लागी बेसेकी रैच
माझ दगुर्दै गइकन तँला पनि त्यसै आनमा लान पर्‍यो
भष्म रेखी तरेखु पार्न पर्‍यो भनी लतार्न थालेका थिए

...................................................................................

अव शाख बाध्न पर्‍यो भाका बाध्न पर्‍को चार युग साक्षी राखी
चार दिशा साक्षी राखी, अठासी हजार ऋषि साक्षी राखी
तेत्तिस कोटी देवता साक्षी राखी, आकासका सुर्जे चन्द्र साक्षी राखी
पातालका नगेनी साक्षी राखी, गाई, गंगा साक्षी राखी
शिव पार्वती, ब्रम्ह, विष्णु, महेश्वर, देवता साक्षी राखी
आज देखि तेरा वछिउँ वान झिक्न पर्‍यो
भ्याउते वान झिक्न पर्‍यो, मसाने वान झिक्न पर्‍यो
शिरको व्यथा कम्मरमा झर्‍यो, कम्वरको पाउमा झर्‍यो
पाउको आज देखि यसै खरानीको छारे पिडो, रक्ते पात्लोमा
सरि जान पर्‍यो स्वाह ।

(स्रोत : देवीराम गौतम, कुसापानी ६)

### ४.४.६ ख्याली

विशेष गरेर मारुनी र सोरठी नाच नाचिसके पछि नृत्यगीतको रूपमा ख्याली गीत गाउने चलन रहेको देखिन्छ । श्रृङ्गार रसमा समाहित गरेर गाइने गीत ख्याली भाका विशेष गरेर युवायुवतीको प्रिय भाकाको रूपमा रहेको देखिन्छ । मादलको तालमा थेगोलाई दोहोर्‍याएर प्रयोग गरिने ख्याली नृत्य र गीतको सुन्दर प्रस्तुति हुन्छ । ठट्यौली कुरा गरी रसरगं उब्जाउने खालका गीतहरू प्रस्तुत गरिने ख्याली बाह्रै महिना विभिन्न समयमा गाइने हुँदा बाह्रमासे गीत हो ।

सल्लेरीको रानी पीपल रे मैनाले खोवेको
नानी तिम्रो प्याउले जोवन सुनपानी चोवेको [२] ।१।
धिपी धिपी आगो बल्यो हरे लालटिन हो कि टुकी

मान्छे सानो भए पनि माया लाग्दो छु की [२] ।२।
थुनी थानी दुवालिता रे माछा मारिम् भुरा
तिनै भुरा वेची वेची तरुनीलाई चुरा [२] ।३।
फलामै को बनाइम् रे सानो सानो छिनु
यति ठुली भैचौ नानी क्यारी मैले चिनु [२] ।४।
रुखै भिर क्या राम्रा रे पाकेका बलौती
आज राती बोलाउने तिमी नै त हौ की [२] ।५।

(स्रोत : नरबहादुर गुरुङ, कुसापानी ६)

रसले नुगायो, रसले नुगायो, पाकी गयो सुन्तली गेडी रसले नुगायो [२] ।१।
रसले नुगायो, रसले नुगायो, पाकी गयो अमिलो गडी रसले नुगायो [२] ।२।
रसले नुगायो, रसले नुगायो, पाकी गयो जीमीर गेडी रसले नुगायो [२] ।३।
रसले नुगायो, रसले नुगायो, पाकी गयो कागती रसले नुगाया[२] ।४।
रसले नुगायो, रसले नुगायो, पाकी गयो मौषमी रसले नुगायो [२] ।५।
रसले नुगायो, रसले नुगायो, पाकी गयो जुनार रसले नुगायो [२] ।६।

(स्रोत : नरबहादुर गुरुङ, कुसापानी ६)

### ४.४.७ गौडेगीत

बौद्धिक रूपमा केटा पक्ष वा केटी पक्षको बौद्धिकताको कसीको रूपमा रोचक र समस्यामुलक प्रश्न र त्यसको उत्तर दिइ अभिव्यक्तहुने बाह्रमासेगीत नै गौडे गीत हो । केटा पक्ष र केटी पक्ष दोहोरी गाउदै जाँदा एक आपसमा बौद्धिकताको परिक्षणका निम्ति यस्ता गीत गाइन्छ । एउटा पक्षबाट समस्या प्रस्तुत गरे पछि अर्को पक्षबाट उत्तर दिने गीत नै गौडेगीत हो । दोहोरीका रूपमा गाइने यो गीत दैलेख जिल्लाको यस क्षेत्रमा सबैको आकर्षणका रूपमा रहेको पाइन्छ ।

१ - उधो देश पर्वतमा गोरु जोत्ने बाहाँ
ईन्द्र जन्म इन्द्रासनमा रामको जन्म कहाँ ?

२ - युवतीले आँखा लाउने जवानीको सुरमा
ईन्द्र जन्म ईन्द्रासनमा रामको जन्म पुरमा ।

१ - न्याउली बास्यो डाँडै बसी काल्चे बास्यो खोला
लंकाको राउन्नेता कस्को छोरा होला ?
२ - कैराल फुल्यो झकामकी झ्याल फुल्यो फोकी
राउन्ने को वुवा भन्ने विश्वोवा पो होकि ।
१ - के को पाना भन्नु होला अमिलीको पाना
आकाशबाट बल्छी खेल्ने के हो चरण जान ?
२ - गोठालो दाइले घाँस काट्यो रामरसी खोला
अकाशबाट बल्छी खेल्ने बिजुली जो होला ।
१ - कोदो रोपिम खसांग खुसुंग छुपु छुपु धान
धर्ती मुनि सुनको फाली के हो चरण जान ?
२ - ताप्के माझिम खसांग खुसुंग कसौडीलाई कञ्चन
धर्ती मुनि सुनको फाली हलेतोला भन्छन् ।
१ - उपल्लो त स्बर्गद्धारी तल्लो भने खोप
सत्यधारी बाउकी छोरी उड्ने चरी छोप
२ - गहना बनाएने सुन त मकै खाने घुन
उड्ने चरी म छोपुला वग्ने नदी थुन ।
१ - न्याउली बास्यो डाँडा काँडा ढुकुर बास्यो वन
भेट नहुदै हाम्रो माया कहाँ थियो भन ?
२ - कोइली बास्यो डाँडा काँडा  काल्चे वास्यो खोला
भेट नहुदै माया मुटुमा थियो होला

(टीकाराम पौडेल, कुसापानी ६)

### ४.४.८ मारुनी

मारुनी नृत्यगीत लोकजीवनमा प्रचलित चर्चित गीतको रूपमा लिन सकिन्छ । मारुनी नृत्यमा पूरुषलाई नारी साजसज्जामा सजाइएको हुन्छ । मारुनीगीत गाउँदा बाँसुरी, झ्याली, मुरली जस्ता वाजाहरूले मारुनीगीतलाई

विशेष आकर्षण प्रदान गरेको पाइन्छ । तिहारमा अत्यन्तै रमाइलो साथ गाइने मारुनी गीत गाउँ घरमा पूजा आजा समाप्तिको दिन ,छैठी आदी कर्महरू गर्दा रात भिर धुमधाम सँग नाच्ने र गाउने चलन छ । यो गीत बाह्रमासेगीत हो भने ईश्वर भक्ति, जीवन गाथाका अनुभूतिलाई मारुनीगीतमा सुन्दर किसिमले अभिव्यक्तगरेको पाइन्छ । मारुनी गीत अन्तर्गत नै सोरठी, ख्याली, चुड्का जस्ता गीतलाइ समावेश गरेर गाउने चलन छ ।

उठान (सिमर्ने)

हा हेर संगी सिवली हामरो (भाका)

हा हा - पहिलो सम्झौं घरती माता

"   " हुइ  पछि समझैं गुरु ज्यू हामरा

मा गइलो हेर सगी सिवली हामरो

हुइ पछि सम्झैं पशुपति नाथ

हुइ पछि सम्झैं गुहेश्वरी देवता, मा गइलो हेर सङ्गी सिवली

दुईवटा देवता को नाम भने पछि मा गइलो..................

वागेश्वरी र डुंगेश्वरी देवता, मा गइलो .....................

कोटिला र श्रीस्थान देवता मा गइलो .....................

नाविस्थान, ज्वाला र धुलेश्वरी देवता, मा गइलो .....................

भैरवी माता, मा गइलो .....................

हा हा कसुले गाउनन् कसुले बजाउनन्, मा गइलो .....................

ऋषि स्वरले गाउाछन् परमेश्वरले बजाउाछन्, मा गइलो .....................

के हो के हो काठको मदलु तछाए,

खमौरी हे काठको मादलु तछाए, मा गइलो .....................

के हो के हो छालाले मादलु मोडाए,

हरिणको छालाले मादलु मोडाए, मा गइलो .....................

ऋषि श्वरको दयाले सबै सङ्गी गाउनन्,

परमेश्वरको दयाले सबै संङ्गी बनाउनन्, मा गइलो .....................

(सरस्वती थाम्ने मादलको ताल मार्ने)

उघारैलो-उघारैलो सुनैको हे संगार

रूपैका हे दुवार, हर धरमी दुवार,

उघारैलो-उघारैलो पुरवी हो राजै उघारैलो
उघारैलो-उघारैलो पश्चिम हो राजै उघारैलो
उघारैलो-उघारैलो उत्तर हो राजै उघारैलो
उघारैलो-उघारैलो दक्षिण हो राजै उघारैलो
उघारैलो-उघारैलो आकाश हो राजै उघारैलो
उघारैलो-उघारैलो पाताल हो राजै उघारैलो
(ख्याली- बस है मायालु फेरी आउादाभेटी जाउाला)
मारुनि नचाए र मेट्ने
(अन्य सोरठी, रामायण, नाच मध्ये जे बाट नाचे पनि हुन्छ)
कृष्ण चरित्रः- एकै मा गरिब (गर्भ) हऱ्यौ मेरो राजै
तेसरो गरिबको रहयो मेरो आशा- वासुदेव राजै वासुदेव
आठौंमा गरिवमा अफै वालै कृष्णको जनिम भयो
(छिटोमा) जनम भै लिला हो  हरे कृष्ण ठाकुरले जनम भयो
हो वालै कुष्ण जमुनामा दाइ हालि खेलेर आए
(चरण) हा - हरे सिंहकी वरधु हाली खेलेर आए
वालै कुष्णले दाइ हाली खेलेर आए
हो ..... श्री कृष्ण जमुनामा दाइ ......
हो सोर सय गोलेनी नानै जमुनाम भ्फिलेरी खेलेर आए
चरण) हा हो रे घाटको माझी गोकुलमै गयो
सोर सय गोलेनी बिपति भयो ।
भाका- हो सोर सय गोलेनी नानै बिपति भयो ।
लडाक्ष्मा जाादा - देउत मुरली मेरो राधा देउत मुरली मरो
छैन मुरली तिम्रो वालै कृष्ण हो छैन मुरली
आकाशका चन्द्रमा सूर्यले लगे मुरली तिम्रे, छैन
देउन्त मुरली मेरी राधा, देउत मुरली मेरो
छैन मुरली तिम्रो, पातालका वासुकीले लगे मुरली छैन मुरली
देउत मुरली मेरो राधा .......
अंगुलीको कलम रगतको मसी हो
लेखी, लेखी माया ज्यूले निमता पठाए

हा देउन मुरली ......

लामो गाउने सोरठी -भिउमल राजाको इतिहाास)

हा एकैमा वर्षको भिउमल राजै, दुवैमा बारिषको राग

हा हो केलाइमा रुन्छौं भिउमल राजै बिजयी करिमको भाग ।

त्यसै गरी २० वर्ष पु¥याउने र बिदेश जान्छन् ।

हा हो उदै जाँदा दुबै पाते सुन्तली को बिरुवा

उमै आउँदा लागेछ केसरा

उमै हेरौं यो काली कुएली (कुइरो) उघै हेरौं, यो सोरभगारी

हा हो कालीमा काली भमरा रइयो फाडियो पिजडा

बिरह ले मातेको है मेरो बिचरा ।

विरेनी (यो विहानी पख गाइन्छ)

बसी गइलो कुखुरी हो बियाइ गइलो रात

उठ मेरी हरिण हो जाउँ विन्द्रा वन

आज राती सपना हो नै र राम्रो देखियो

उठमेरी हरिण हो जाउ विन्द्रा वन

हरिणको शिरमा रगतको पोखरी उठ मेरी हरिणा

झाले गाइको माले वाच्छो रमन डुलाई- उठ मेरी .......

छैटौं धमारी चक्र प्रसाद शर्मा भैरी -२

मंगल भगवान विष्णु,

जनमली अरदेव वार

मंगल गरुडको ध्वज

मंगल पुण्डरी काक्षं मंगलाय तनो हीर

कंसारे भोजन

धमारी चुटकीला- भदव भरी बुधवार रोहीनीका ।

जनमली आरदेव वार

कंसारे भोजन

(स्रोत : कर्णबहादुर गुरुङ, कुसापानी १)

### ४.४.९ सुनिमाया

यो सुनिमाया गीत दैलेख जिल्लाको यस क्षेत्रको उत्तर भागमा जुन वाग्लुङ्ग, सँग सिमाना जोडिएको छ, त्यहाँ बढी मात्रामा गाइने गरिन्छ । यो भाका बुढापाकाहरूले गाउने गर्दछन् । यस गीतको पहिलो पङ्क्तिले स्थानको बर्णन गरेको पाइन्छ । भने दोस्रो पंक्तिले गायकको भावना व्यक्त गरेको हुन्छ । यो गीत जुन समयमा पनि गाउन सकिने हुँदा बाह्रमासे गीत अन्तर्गत राखिएको छ । यो गीत दोहोरीको रूपमा कही कही एकल पनि गाउने गरेको पाइन्छ । यो गीतको स्वर लामो किसिमको हुन्छ ।

सुनिमायालै हिउदे वसुन आगनीमा

सुनिमायालै बरखे विसुन भारमा

सुनिमायालै तिम्रो माया पिरती

सुनिमायालै राखम सुनको तारमा

सुनमायालै दैलामुनी काफल पाक्यो

सुनिमायालै चिवेचरी बस्यो

सुनिमायालै तिम्रो हाम्रो माया पिरती

सुनिमायालै अन्जान मै वस्यो

सुनिमाया लै सुनखानीमा सुन पाउला

सुनिमायालै भिरखानीमा तेल

सुनिमायालै किन माया जिस्काइ हिड्छौ

सुनिमायालै भेट भएको बेला

सुनिमाया लै पारी डाँडा बनपाखा

सुनिमायालै पीपुलको छायाँ

सुनिमायालै जति टाढा गए पनि

सुनिमायालै नविस है माया

सुनिमाया लै उड्ने चरी बसी गयो

सुनिमायालै रुखैको डालीमा

सुनिमायालै यसै गाउँलाई म छोडी जाउला
सुनिमायालै अहिलेको पालीमा
सुनिमायालै भिर माहुरीलाई भिर कै पीर
सुनिमायालै घर माहुरीलाई घर
सुनिमायालै छोडी जाने निष्ठुरीको
सुनिमायालै के को भर छ र ॥

(स्रोत : लक्ष्मीप्रसाद पौडेल, कुसापानी ३)

### ४.४.१० सालैजो

सालैजो दैलेख जिल्लाको यस क्षेत्रमा अत्यन्त चर्चित लोकगीत हो । सालै जो त्यो भाका हो जसले गीत म नाम लिइसकेको हुन्छ । यो बाह्रमासे गीत अन्तर्गत पर्दछ जुन समयमा जहाँ पनि गाउन सकिन्छ । बनपाखा, घाँस दाउरा जाँदा, गोठालो जाँदा मेलापात आदिमा बसिवियालोको क्षणमा यो गीत गाउने गरिन्छ । एउटा गायकले आफ्ना भावना पोखेको बेला अर्को गायकले पनि यो गीत छोप्दछन् । यो भाका सामूहिक रूपमा गाउदा पुरुष र स्त्री भएर मादलको तालमा गाइन्छ । यसरी आफ्नो मनका वेदनाहरू पोख्ने गरिन्छ । सालैजोगीत टुक्का रहित वा टुक्का सहितका लामा छोटा दोहोरी वा एकोहोरी दुवै खालका हुन्छन् ।

हे सिसैको गोलीले मगनी बोलीले
हे बागला हान्दा बगेनी मोऱ्यो सालैजो सिसैको गोलीले २
हे जताला जान्चु रुनैसो मगनी बोलीले
हे अव त राखम्तो के रे सालैजो मगनी बोब्लीले २
हे घुम्तीमा असिना, पुछम्ला पसिना
हे पऱ्यो झका र मकि सालै जो घुम्तीमा असिना २
हे हातैमा लिम्ला नौ जाले रुमाल पुछम्ला पसिना
हे अव त राख्म क्यारे माया सालैजो पुछम्ला पसिना २
हे बाटैमा थुनीयो, केमा राम्रो सुनियो

हे बाटामा कुँदेको गाडी सालैजो बाटैमा थुनीयो २

हे मायालु बोलीले गाएको गीत क्या राम्रो सुनीयो

हे हितको नानीले गाएको गीत सालैजो केमा राम्रो सुनीयो २

(तुलाराम अधिकारी, कुसापानी ६)

केटा - हे फिरिमा फिरी मृग है आयो सालैजो झन मृग थपियो

हे अलि अलि थियो माया सालैजो झनमाया बसिगो

केटी -हे त्यो खोला पारी मधु र वनमा सालैजो बाघ मार्‍यो गुनाले

हे भेट र भयो सँगी र साथी सालै जो राखेको हुनाले

बाघ मार्‍यो गुनाले, राखेको हुनाले

केटा -हे मखमली आस्कोट सालैजो चाँदीको सिखरी

हे गाएर गीत सालैजो नगर्नु फिकरी

चाँदीको सिखरी, नगर्नु फिकरी

केटी - हे वरि र परि चाँदीमा होकी सालैजो माझैमा सितारा

हे गाएर गीत दुखाइ चित्त सालैजो नपार्नु वितारा

माझैमा नपार्नु सितारा, नपार्नु वितारा

केटा -हे दूधमा हेर्दा सालैजो लाएको तर पनि

हे चोखो माया पर्दैन बितरा सालैजो परनु है भर पनि

लाएको तर पनि, परनु है भर पनि

केटी - हे कहिले तल कहिले माथि सालैजो कोठपिंगको पिर्का

हे गाएर गीत लाएर माया सालैजो गइन मनको इच्छा

कोठपिंगको पिर्का, गइन मनको इच्छा

केटा - हे फेवाको शोभा त्यो माछापुच्छे सालैजो क्याराम्रो हिमाल

हे न ओइलाइ रहोस जुनी र जुनी सालैजो यो हाम्रो माया जाल

क्याराम्रो हिमाल, हाम्रो मायाजाल

केटी - हे हिमाल चुली त्यो पल्लो पट्टी सालैजो गाइ मोरेको सिनो

हे आठी दिएको हराइ र जाला सालैजो माया लैजाउ चिनो

गाइ मोरेको सिनो, माया लैजाउ चिनो

(तुलाराम अधिकारी, कुसापानी ६)

### ४.४.११ बालगीत

जीवन आरम्भको खुड्कीलो बालककाल हो । वालक उमेर मै हाम्रो जीवनले नजानीकनै लोकगीतसँग निकटता गाँस्न पुगीसकेको हुन्छ । जसरी उषाको लाली क्रमशः चढ्दै जान्छ त्यसरी नै बालगीत पनि केटाकेटी हुर्कदा जीवनसँगसँगै फस्टाउँदै फैलिदै र चहकिदै जान्छ । बालबालिकाको तोते बोलीबाट गीत गुञ्जनको आरम्भ हुन्छ भने बालबालिकालाई हुर्काउदा, बढाउदा बालकलाई मनोरञ्जन दिन बाल गीतको प्रयोग गरिन्छ । बालकहरूको अधिकांश समय खेल खेलेर बित्ने हुँदा उनका खेल अनुसारका गीत गाउने र खेल्ने गर्दछन् । बाल्याअवस्थाका, उत्साह, जिज्ञासा, मनोरञ्जन, मनोविज्ञान आदि धेरै कुराहरू बालगीतमा जोडिएर आएका पाइन्छन् । बाल्यजीवनका, सरलता, सहजता र पवित्रताले भिरएका बाल गीतहरू चाखलाग्दा र कौतुहलता सिर्जना गर्ने खालका हुन्छन् ।[२]

**क) लुकामारी खेल्दा गाइने गीते**

१) ओरो डोरो काँसी, कोरो, बनमा बस्ने भगेराको कान्छो छोरो

इतकी, मितकी, दुधकी, छितकी असुरकाटे डाम अरे डुम

२) इन्द्री विन्द्री कपिलागाई, कपिला गाइले बाच्छो पाई

कलुवा मेरो भाई टाकटुक पुगेस पन्द्र

**ख) हात तताउने खेल गीत**

१) चि, मुसी, ची ची, तेरो मेरो दाइ, माछा मार्न गएछन्

तलाई झोलै झोल, मलाइ झाम्टै झाम्टा  भत्ले भत्ले

२) ओकल, दोकल, तिकल, चार, भोली पर्सि मंगलबार

[२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्, पृ. २३७ ।

काठे घोडो रूपासिँग लुकामुसा तेरो दाहिने हात

**ग) बच्चा नचाउँदा गाउने गीत**

१) नाचन नानी नाचन पैसा दिम्ला पाचाना

बारुली कम्मर भाँचन ।

२) ऐया बाबा, घैया पाके च्युरा कुटाइदेउन

पारी बाट जन्ती आए बैनी लुकाइ देउन ।

**घ) जाडो हुँदा गाइने गीत**

जाडो भयो जाडेनी, आगोले थापेनी, थापेनीका छोरा छोरी

अन्न न पानी, एतिकन पीठो लिउन बाहुन नानी

**ङ) पानीमा डुवी जाने खेल गीत**

यति यति पानी - गंगे रानी

पैताला पैतालामा पानी - ”

घुँडा घुँडा पानी - ”

कम्मर कम्मर पानी - ”

छाती छाती पानी - ”

आँखा आँखा पानी - ”

टाउका टाउका पानी - ”

टुप्पी टुप्पी पानी - डुवी जानी ।

**च)**

ओ लरे - भाइ परे ?

तेरा गाइले धान खायो - काँ खायो ?

सेता भीर - कति खायो ?

एकमुटी -कति हग्यो ?

एक थाप्रो - कति मुत्यो ?

एक ढुंग्रा -कति खुट्टा छन्  ?

चार खुट्टा - कति पुच्छर छन् ?

एक पुच्छर - तेरी छोरीको व्या कहिले ?

भोली - बाजा लिम कि झली ?

बाजा झेली सबै - झ्याइ झ्याइ झ्याइ

छ) काफल पाक्यो - कहाँ पाक्यो ?

कुटी चौर - कसले भन्थ्यो ?

गोठालादाइले - कति पाक्यो ?

एकमुरी - खै तो मलाई ?

यत्रो काटी - घरमा को छ ?

थोत्रो बूढी - गोठमा को छ ?

माली बाच्छी ।

श्रोत -थानेश्वर खनाल जैसिपोक

**ज**)

आगो लाग्यो बुटीमा, दमकल बोलाइदेउ

पांग्रो भाच्यो दमकलको, मिस्त्री बोलाइ देउ

खुट्टो भाँच्यो मिस्त्रीको, डाक्टर बोलाइदेउ

औषधी सकियो डाक्टरको राजा बोलाइदेउ

पाइन्ट खस्यो राजाको, रानी बोलाइ देउ

साडी खस्यो रानीको, ताली बजाइदेउ ।

# परिच्छेद-पाँच

# दैलेख जिल्लाको पश्चिम उत्तर क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र विश्लेषण

## ५.१ विषयवस्तु

लोकजीवनमा व्याप्त कुनै पनि विषयलाई लोकगीतले मात्र समेट्न सक्छ । यहाँ प्रचलित लोकगीतका विषयवस्तुको श्रोत यसै ठाउँको समाज हो । मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धीत अन्य पक्षलाई लोकगायकहरूले गीतका माध्यमले व्यक्त गर्दछन् । गीत अनुसार विषयवस्तुको श्रोत पनि फरक फरक हुन सक्दछ । सांस्कृतिक पर्वमा गाइने गीत र मनोरञ्जन दिनका लागि गाइने गीतमा फरक पाउन सकिन्छ । वालगीतमा वालबालिकाहरूलाई विभिन्न क्रियाकलाप सिकाउन र भिरपूर्ण मनोरञ्जन दिनकालागि गीत बनाइएको हुन्छ । झ्याउरे घाँसे गीतमा मुख्यरूपमा प्रणय प्रेमको विषयवस्तु हुन्छ र यसैमा अन्य विषयवस्तुको रूपमा गरिवी, लाहुरेजीवन, अशिक्षा नारीबर्गमाथि गरिने भेदभाव आदि आउँछन् । यसरी यस क्षेत्रका लोकगीतमा सामाजिक, आर्थिक, सास्कृतिक, नारीजीवन आदिलाई विषयवस्तुका रूपमा लिइ लोकगायकले आफ्ना अनुभूतिका भावनालाई विभिन्न उद्गारमा प्रस्तुत गरेका हुन्छन् । यहाँका प्रचलित लोकगीतका विषयवस्तुलाई खास पक्षमा रेखाङ्कन गरी निम्न उपशीर्षकमा देखाइएको छ ।

### ५.१.१ आर्थिक जीवनको चित्रण

मानवीय आवश्यकताहरू असीमित हुन्छन् र ती असीमित आवश्यकता पूरा गर्ने श्रोत र साधन सीमित छ । सीमित साधन र श्रोतबाट असीमित आवश्यकताहरू प्राथमिकताको आधारमा परिपूर्ति गर्ने गरिन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने समाजको जीवनबृत अर्थोपार्जनको घेरावरिपरि घुमिरहेको हुन्छ । आर्थिक उपार्जनका निम्ति कुनै न कुनै पेसासँग आबद्ध नै हुनुपर्दछ । आर्थिकरूपले सम्पन्न हुन नसकेका ग्रामीण जनजीवनको मुख्य पेसा कृषि र रोजगारीका निम्ति विदेशिनु आफैमा पनि बाध्यता हो । यस्तै परिवेशहरूको चित्रण लोकगीतमा गरिएको छ ।

पन्ध्र वर्ष उमेरमा हाम्रो बिहे भएको
सोह्र वर्ष म हुँदा त स्वामी बिदेश गएको

बालगीतले पनि आर्थिक जीवनको चित्रण गरेको पाइन्छ ।

जाडो भयो जडेनी, आगोले थपेनी
थपेनीका छोरा छोरी अन्न न पानी
एतिकिन पीठो ल्याउ बाहुन नानी

धनी गरिवको पर्खालले मायाको उचाइलाई छेक्न सक्दैन, त्यसै भएर होला लोकगीतमा यसरी गीत अभिव्यक्त हुन्छन् :

होला बरै साइली बासैको चोया
दुखी सुखी साइली मिलेर लाउमाया
तिमी जान्छौ भने, साडी ल्याउँछु बम्बैको, सोह्र सय जम्मैको
मलाई लाने भए, जोर जोर भैंसी बधुवा, सुनको बाला खदुवा,

हाम्रो समाजमा दाइजोको कारण माइतीबाट दाइजो लिन नसकेको कारण हत्या गर्ने, आत्महत्या गर्ने बाध्य बनाइएको, घरबाट निकालिएको पाइन्छ । यसको चित्रण यस प्रकारका गीतमा पाइन्छ :-

हातमा घडी मोटर साइकल दस तोला सुन चाहिन्छ
अनिमात्र यो घरमा बस्न पाइन्छ
बिहेमा दाइजो तिलक एक कौडीमा पाइएन
थाग्रे बाउकी छोरी अव हाम्लाइ चाहिएन ।

यसै गरी लोकगीतमा एकातिर गरिबीको दुःख पोखिएको हुन्छ भने अर्को तिर सम्पन्न आर्थिक स्थितिको कल्पना पनि गरिएको हुन्छ । तिहारमा भैली र देउसी खेल्दा दिइने आसिक यस्तो छ ।

यो घरमा - भैलो
राम्रै होवस - भैलो
डिगा बाच्छा - भैलो
धन सम्पति - भैलो
वर्सी जावोस - भैलो
जेठा छोराहरू - भैलो
जर्नेल कर्नेल - भैलो
हाकिम साहेव - भैलो
भइ जाउन - भैलो

ढुङ्गा छोप्दा - भैलो

भिरपूर्ण - भैलो

होइजावोस - भैलो

प्रेमिकाका इच्छा पूरा गरिदिनका निम्ति प्रेमीले गरेका क्रियाकलापको सुन्दर चित्रण यस गीतमा पाइन्छ :-

थुनिम थानिम दुवाली त माछा मारिम भुरा
तिनै भुरा वेची वेची तरुनीलाइ चुरा ।

विबाहमा गहना लैजाऊ केटा पक्षको आर्थिक हैसियत मूल्याङ्कन गरिने हुँदा जसरी भए पनि इज्जत राख्नु पर्दछ भन्ने मान्यताका साथ मागेर भए पनि गहना लैजाने प्रचलन रहेको छ ।

डव्वा भरी गहना लैजाऊ मेरा भैया
रैच कति निर्धनी भन्लान भेरा भैया

यसरी अहिलेको समाजमा अर्थको अति महत्त्वा छ तापनि सबै थोक अर्थ होइन, शिक्षाबाट पनि ज्ञान प्राप्त गर्न सकिन्छ भन्ने कुरा पनि लोकगीतमा व्यक्त हुन्छन् तर पनि आर्थिक जीवनसँग सम्बन्धीत लोकगीतले यस ठाउँमा व्यापकता पाएको छ ।

**५.१.२ सामाजिक चित्रण**

लोकगीत लोकसमाजकै उपज भएको हुनाले मानिसहरू जहा बस्छन् त्यहाँ उसको समाज हुन्छ । समाजभित्र आफ्नै किसिमका धर्म, संस्कृति, रहन सहन, रीतिरिवाज हुन्छन् । त्यसैगरी त्यो समाजमा लोकगीतको रन्को पनि समाजिक जीवनको चित्रणमा सुन्न पाइन्छ । गीतले समाजको हरेक पक्षको चित्रण गरेको हुन्छ ।

यस क्षेत्रका अधिकांश मानिस कृषि पेसामा संलग्न छन् । यहाँका मानिसहरू धनी गरिव दुवै बर्गका छन् । यहा यस्तै भाव झल्कने गीतले पुष्टि गर्दछ :-

साउने रिन, यही बसी तिरौला
घर बेसी सँगसगै गरौंला, रेलै सलल ..........

सामाजिक जीवनका विविध पक्ष लोकगीतमा प्रस्फुटन हुने हुँदा के देखिन्छ भने आफन्त-पराइ, शत्रु-मित्रु, नजिक-टाढाको हुने हुँदा कर्ममा भर पर्ने लोकसमाजको मनमा बढेको पीडालाई यसरी व्यक्त गर्दछन् :-

कर्म लाग्यो ओरालो पाइलो
शत्रुलाई त लाग्दो हो रमाइलो ।

बहुविबाहका कारण कति नेपालीहरू वाँच्दा बाँच्दै मरिरहेका जस्तै हुन्छन् । चिताको आगोले भन्दा उनीहरूलाई चिन्ताको आगोले जलाइ रहेको हुन्छ भन्ने कुरा लोकगीतबाट यसरी व्यक्त हुन्छ ।

असारमास कुटेका चिउरा म कति साँचुला
सानीमा सासु, कुरौटे सौता म कति बाँचुला

यसैगरी लोकगीत आमाबावु, दाजु,भाइ, दिदीबहिनी, साथीप्रतीको मायाममताका भावहरू पनि विषयवस्तु बन्दछन् :-

दिदी बहिनी, दाजु भाइले मेरै कुरा सुन्दिए
हाम्री आमा रोएकी भए नरोऊ भन्दिए
मेरो आमा दुधैको भाराले
पाइन बाटो आँसुको धाराले

आमा बाबाले छोराछोरीका बिचमा पक्षपात गरेकाले छोरीहरू अन्यायमा परेका हुन्छन् । नेपाली समाजको यस्तै अन्यायपूर्ण व्यवहार लाई गीतका माध्यमबाट यसरी व्यक्त गरिन्छ ।

आफूभन्दा सानो भाइलाई कापी कलम किन्दिनी
मलाइ त बाबाले डोको बुन्दिनी ।

तिज आयो भनेर आयो भाइ लिनलाई
सासु ज्यूले दिइनन् विदा मलाई ।
स्वामी ज्यूलाई सोधुँ भने हेर्छन् ठुला आँखाले
उहाँलाइ त विगार्दै छ रक्सी तासले ।

भनिन्छ बैसमा मायाप्रीति नलाएको जीवनको अर्थ हुदैन । तर मायाप्रीति विश्वासिलो भरपर्दो साँचो हुनुपर्छ । तल उद्धृत गरिएका गीतले यसै तथ्यको पुष्टि गर्दछ :-

लाउ माया रसैको
डरकर नमानी कसैको
लाउ माया रसिलो
मादलुको तानाझै कसिलो
उकाली ज्यानको चिप्लेटी ढुङ्गा
चरीले टेकेछ

तिमी र हामीलाई माया र लाउन
भावीले लेखेछ ॥

यसरी त्यस क्षेत्रको सामाजिक जनजीवनलाई त्यहाँ प्रचलित लोकगीतमा चित्रण गरिएको पाइन्छ ।

### ५.१.३ नारीजीवनको चित्रण

हाम्रो समाज पुरुषप्रधान समाज भएको हुनाले नारीलाई दबाएर राख्ने चलन छ । सहर वा शिक्षित समाजमा नारीहरू हकहितका लागि अगाडि बढेर सङ्घर्ष गरेको पाइन्छ तर ग्रामीण समाजमा भने नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा लिने र पुरुषले अधीनमा राख्ने प्रचलन रहेको पाइन्छ । पुरुष प्रधान समाजको कारणले नारीहरूको जीवन वेदनामय एवम् स्तन्त्रता विहीन छ । जन्मदै छोरा जन्मिए बाबुको सम्पतिमा हक लाग्ने तर छोरी जन्मिए गाई जस्तै दानदिने बस्तुको रूपमा लिने हुनाले यो छोरी माथिको अन्याय हो तर पनि समाज यही बाटोमा छ । माइतीमा जस्तै घरमा पनि नारीहरूलाई हेलाको दृष्टिले हेर्ने गरिन्छ । यसरी कहींबाट पनि सहानुभूति प्राप्त गर्न नसक्दा नारीहरूको मन विरहको दहमा डुब्दछ र व्याकुल बन्दछन् । यिनै परिवेशमा छुटेका विरहहरू गीतको छालले अवचेतनको बाटो हुँदै बाहिर आउने गर्दछन् । उदाहरणको रूपमा केही गीतहरू हेर्न सकिन्छ :

तम्घासको बजारमा मिनी बसको लइन
नपढेकी छोरीको सुन बयान ।
छोरीलाइ पढाउन दुख भयो बाबालाई
काम गरिदिए सुख हुनी आमालाई
दुख पायौं हामी चेली अशिक्षित हुँदामा
आधा ज्यान सुकि सक्यो सम्भी रुदामा ।

गुरुरुरु पहिरो गयो बारीमाको पुछार
आइज काल लैजा मला होला उद्धार ।
ससुराला होलावरै बनका काँडा फाँडे भै
सासुला होला वरै विहा गरे भै

चोखो फूलमा चुमेसी कसैले
कुरा काट्ने ठाउ पाए सबैले

दिदाखेरी पराइलाइ बन्दकी
दोधारैमा बित्ने भो जीन्दगी

दश भाइ छोरा पनि यहि घरमा अटाउनी
म एउटी छोरी लाई डाँडै कटाउनी ।
..............................................

**५.१.४ सांस्कृतिक जीवनको चित्रण**

मानिस सामाजिक प्राणी हो उसले आफ्नो समाजबाट सिकेको व्यवहारलाई नै संस्कृति भनिन्छ । जुनसुकै देशमा पनि आ-आफ्नै चालचलन, भेषभुषा, वोलीचाली हुने गर्दछ । यस भित्र लोकसमाजको आन्तरिक तथा बाह्य अभिव्यक्ति प्रकट भएको हुन्छ । नेपालमा प्रत्येक जातिका आ-आफ्नै परम्परा छन् । संस्कृतिलाई देश वा समाजको ऐनाको रूपमा हर्न सकिन्छ । नेपाली लोकगीतमा जीवनका विभिन्न स्रस्कार, चाडपर्व, पूजा आजा आदि विषयमा आधारित भएर गाएको पनि पाइन्छ । जन्मेदेखि मृत्युसम्म व्यक्तिको जीवनसँग अभिन्न रूपमा गाँसिएका हाम्रा परम्परा नै संस्कार हुन् । संस्कृति लोक समाजको दर्पण भएकाले चाडपर्व संस्कारमा लोकगीत घन्किरहेका हुन्छन् । तिजको बेलामा चेलीहरू जीवनको विविध पक्षलाई समेटिएका गीतहरू गाउने गर्दछन् । खाना, गरगहना, लुगाफाटादेखि जीवनका पीडासमेत गीतमा व्यक्त गर्ने गर्दछन् ।

विहेको रातो साडी दिनुस वज्यै तिजलाई
भाइ आको छ, माइत जान्छु दुइ दिनलाई

अहिलेको तिजमा भाइती घर जानी हो
आमाले पकाएको खीर खानी हो ।

चेली रम्ने तिज आयो गाँउ घरमा अव त
कति साह्रै खुशी होलान् गाउँका चेली त

दशैंका समयमा देवीका मन्दिरहरूमा लगाइने सराएँहरूमा सामाजिक सुख र देवीको वा भगवान स्तुति गाएको पाइन्छ । जसले मानवजीवनको मनलाई शान्ति दिनुका साथै मनोरञ्जन र संस्कृतिको महत्त्व रहेको पाइन्छ ।

खेल भाइहो - वाख्खै

बाँचे आइसले - वाख्खै

खड्ग छत्रे - वाख्खै

रक्षे गरे - वाख्खै

शरण तिम्रो - वाख्खै

तिहारमा देउसी, भैलो, गीतहरूले त्यर्स समाजको संस्कृतिलाई प्रकट गर्ने गर्दछन् ।

आहै भनभन भाइ हो - देउसी रे

स्वरमिलाइ भन - देउसी रे

वर्ष दिनका - देउसी रे

तिहारैमा - देउसी रे

काग तिहार - देउसी रे

कुकुर तिहार - देउसी रे

लक्ष्मी पूजा - देउसी रे

गाइ तिहार - देउसी रे

भाइ टीका - देउसी रे

फूलको माला - देउसी रे

निधारमा टीका - देउसी रे

त्यस्तै विबाहमा कसार बटार्ने , जग्गे बनाएने, जिउती लेख्ने, कन्यादान गर्ने, इत्यादी कामहरू गरिन्छ । ती कामहरू यहाँका लोकगीतमा व्यक्त भएका हुन्छन् । कसार बटार्दा गाइने गीत यहाँ प्रस्तुत छ ।

हामरा भाइ विबाह भयो

कसारै बटारम्

ओ हो कसारै बटारम्

आकासैबाट पातालैबाट

आएका दिदीबहिनी

कसारै बटारम्

यस प्रकारले यहाँका लोकगीतले कहिँ न कहिँ सांस्कृतिक जीवनको चित्रण गरेका हुन्छन् । लोकगीतमा प्राचीन संस्कृतिदेखि आधुनिक संस्कृतिसम्मको छाप पाइन्छ ।

### ५.१.५ प्रकृतिको चित्रण

नेपाली लोकगीतले जनमानसद्वारा अनुभूत गरिएका प्राकृतिक विम्वलाई प्रशस्त स्पर्श गरेको छ । लोकजीवनमा आफूले देखेका र भोगेका प्रकृतिसँग सम्बन्धित कुरालाई लोकगायकले टिपेका हुन्छन् । वर्षभिरमा विभिन्न ऋतुमा देखिने प्रकृतिका विभिन्न दृश्यहरूलाई  लोकगीतमा वर्णन गरिएको हुन्छ । प्रकृति चित्रण प्रशस्त मात्रमा भएको लोकगीतमा स्थानविशेषको चित्रणका साथै भौगोलिक परिचय पाइन्छ । वसन्तको हरियाली, वर्षाको झरी, बादल, बाढी, आदिको चित्रण भएको हुन्छ भने शरदको टहटह जुन धानका फाँट र शिशिरको जाडो र हिउँदको वर्णन लोकगीतमा पाइन्छ । प्रकृतिमा चराहरूको चिरविर, न्याउलीहरूको रुवाई मयुरको नाचको पनि चर्चा गरिएको हुन्छ । प्रकृतिको चित्रण भएका धेरै गीतहरूमा पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोस्रो पङ्क्तिमा अर्थतात्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । दैलेख जिल्लाको यस क्षेत्रमा गाइने लोकगीतमा यहाँका भीर पाखा, उकाली ओराली, नदीनाला, लालीगुँरास, मनोरम स्थान आदिको चित्रण प्रशस्त मात्रामा भएको छ । यसरी प्रकृतिलाई वर्णन गरेर गाइएका केही उदाहरण हरू तल दिइएको छ :-

हिमाल चुली पल्लो पट्टि सालैजो गाईमरेको सिनो
औठी दिए हराइजाला सालै जो माया लैजाउ चिनो

पारी बनपालेमा ठुलो रुख सल्लै हो भेट भएको बल्लै हो ।
हुनी रैछ भेट, बेसी मकै छरेत, आउनी जानी गरेता ।

डिगा बाख्रा चराउथ्यौ बन पाखा
सम्झिल्याउदा रसाउछन् यी आँखा
डाँडा पाखा वन, सम्झेर ल्याउदा त साह्रै रुन्छ मन् ।

छल्दी खोला धान पाक्यो पंयालै
अव मैले काँ देखु मायालुलाई
मर्भङ्ग माथि मालिकाको भिर
छाडी गयौ मायालु पर्‍यो ठुलो पिर
उदै पाइ परेको, उदै काफल पाकेको, मायालुले डाकेको ।

डाँडै को देवी देउराली
माया हो पात बजाउँदै झरे है ओराली, मै बस्छु सम्झि झलझली ।
सरर जाउला रातैमा
माया हो पर्खि बसे मै आउने बाटैमा, भेट हौला छल्दी फाँटैमा ।
लाली गुराँस, मायालाई सम्झदा मनै उराठ ।
कैराल फुल्यो ढकामकी म्याल फुलेर टाँकी
हरर मलेवा तरे खोला पारी
वल्ल झरे लेखाली छाता ओझेल परी
भन्थ्यौ पैले काइली मैनाझै
भयो अहिले फुटेको ऐना झै ।

चैतको महिना ठुलो पर्‍यो धुप, कति राम्रो देख्छु मायालुको रूप
साउनको महिना उर्लदो गंगा, मायालुलाई देखेर मन भयो चंगा ।

## ५.२ गीति तत्त्व

लोकगीतहरू अनेक गीतितत्त्वको मेलबाट निर्माण भएको हुन्छ । सन्देश, भाव, भाका, चरण, थेगो र पुनरावृत्तीलाई गीतितत्त्व भनिन्छ । तिनै गीति तत्त्वको मेलबाट गीत अन्य लोकसाहित्यका विधाबाट पृथक बनेको हुन्छ ।

### ५.२.१ सन्देश

कलात्मक अभिव्यक्तिमा सन्देशको प्रबाह रहन्छ । लोकजीवनको गतिशील भाव प्रबाह लोकगीत भएको हुँदा जीवनको विविध पक्षको विषयलाई उठान गरी सन्देश प्रबाह भएको हुन्छ । जीवनका सीमित कामना र चाहनाबाट पनि माथि उठेर जीवनको सार्थकताका निम्ति लोकगीतबाट सन्देश प्रबाह भएको पाइन्छ ।

डरैडरमा बसेर सधै दासी भएर
हुन्न अव उठ चेली कम्मर कसेर

तिजको गीतमा नारी पीडाहरूमात्र अभिव्यक्त नभएर आफ्नो स्वाधीनता र अधिकारको खोजी गरेको पाइन्छ । भजन कीर्तनले भगवानको आराधना गर्न भनेको हुन्छ भने देउसी भैलोले संस्कृतिलाई जिवन्त राख्नु पर्ने सन्देश दिएको पाइन्छ । जीवनप्रतीको मोह, सुमधुर प्रेम सम्बन्ध नै यहाँका लोकगीतले दिने सन्देश हो ।

### ५.२.२ लय (भाका)

लोकगीतमा स्वरको आरोह अवरोहको विशेष क्रमलाई लय वा भाका भनिन्छ । जुन सुकै लोकगीतको पनि गाउने तरिका आफ्नै प्रकारको हुन्छ । लोकगीतमा रहेको अनुप्रासले लोकगीत लाई लयात्मकता प्रदान गर्ने कार्य गर्दछ । लोकगीतमा आउने परिवर्तनलाई भाका परिवर्तन भनिन्छ । एउटै गीतलाई विभिन्न भाकामा गाउन सकिन्छ । लय भन्नु नै लोकगीतलाई व्यक्त गर्ने माध्यम हो जसले गर्दा गीतमा मिठास थपिन्छ । लयका हिसाबले हेर्दा यहाँका गीत द्रुतलय र विलम्वित लयका छन् ।

**द्रुतलय**

सरर फर्काइदेउ नदी
फरर फर्काइदेउ पीरती

**विलम्वितलय**

हे त्यो खोलापारी मधु र वनमा सालै जो बाघ मार्‍यो गुनाले
हे भेट र भयो सँगी र साथी सालै जो राखेको हुनाले ।

### ५.२.३ भाव

कविताजस्तै लोकगीतमा पनि भाव प्रधानता रहेको हुन्छ । जीवनमा मानिसले देखेभोगेको, सुनेको विविध विषयलाई आफ्नो अनुभूतिका आधारमा व्यक्त गर्दछन् । जीवनका दुखसुख, हाँसोआँसु, मिलनविछोड लगायतका अनेकौ भाव बिचारहरू लोकगीतमा पाइन्छ । लोकगीतका एउटै पङ्क्तिमा पनि जीवनको सच्चा अभिव्यञ्जना व्यक्त गर्न सकिनु लोकगीतको समर्थ्य हो । जस्तै :-

के छ नी संसारमा सम्झेर ल्याउँदा खेरी

मानवीय जीवन जगतका समग्र बस्तुलाई र मानवचेतनाका अनुभव र अनुभूतिलाई समेटेर लोकगीत सिर्जना गरिएका हुन्छन् । लोकगीतमा लोकजीवनका बिचारहरूको अभिव्यक्ति भएको हुन्छ । जीवनजगतको कुनै एक अंश वा क्षणलाई अनुभूतिमय र भावमय तुल्याई कलात्मक रूपमा प्रस्तुत गर्नु नै भाव हो ।

नगर चिन्ता
चिन्ताले त मायालु कलिलो ज्यान लिन्छ ।
मायालुले दियौनि दोष

झर्‍यो फूल डालीको के दोष

सहज, सुकोमल भाषाको प्रस्तुति लोकगीतको बाहिरी आभा मान्न सकिन्छ भने भावगत मर्म यसको आत्मा मान्नु पर्दछ । लोकगीतमा आन्तरिक भाव र अनुभूति स्थापनाका साथमा सालीन शिष्ट रूपमा प्रकृति तथा जीवनलाई साथ मिलाएर लोकजीवनका उकाली, ओरालीलाई भावकारूपमा अभिव्यक्त गरिएको हुन्छ । भावबाट नै लोकगीतले प्राण पाउँदछ ।

## ५.२.४ थेगो र पुनरावृत्ति

लोकगीत लयात्मक सरसता सांगीतिक प्रस्तुति भएको हुँदा गीतमा थेगो र पुनरावृत्ति एउटा तत्त्वको रूपमा समावेश भएको हुन्छ । लोकगीतलाई सरस र सहज बनाएनका निम्ति लोकगायकहरू रहनी वा पुनरावृत्तिद्वारा गीत गाउने गर्दछन् । थेगोले गीतलाई आकर्षक र सुन्दर बनाउने गर्दछ । थेगोमा एउटा शब्द मात्र हुन्छन् । ती शब्द निरर्थक हुन्छन् जुन सुरताल र भाका मिलाउन प्रयोग गरिन्छ । यस क्षेत्रका लोकगीतमा प्रयोग हुने थेगोका रूपमा मायालु, बरिलै, आहै, वरै, राम, सालैजो, रेलीमै, नौरंगे डाफें, माया, सानु निरमाया, सुनिमाया, नानी लै आदि हुन् ।

हे ऽ रेली मै मदेशको मधुवनमा
मधुवनमा रेलीमै लपकेको टुनी ।
हे ऽ रेली मै धाजे धुजे लाए माया
माया रेलीमै बित्ने छ जुनी ॥
हे ऽ उगोबाट झरेको खोली सालैजो तिरै तीर फिन छ ।
हे ऽ साँच्चै माया लाउने भए सालै जो आजै राम्रो दिन छ ॥

ससुराला होला बरै मनमा काँडा फाँडे झै,
सासुला होला बरै विहा गरे झै

## ५.३ साहित्यिकता

लोकगीत आफैमा मौलिक विधा हुँदा पनि कविता विधासँग नजिकको सम्बन्ध देखिन्छ । लोकगीत स्वतस्फूर्त रूपमा उद्‌भव हुने भावको सहज प्रस्तुति हो । लोकगीत सर्व साधारणबाट सृजना हुने हुँदा बढी सरस र सहज हुन जान्छ । यसमा पाइने काव्यतत्त्व योजनावद्‌ध नभई सहज र स्वाभाविक रूपमा आउँदछ ।

स्वस्फूर्त रूपमा सिर्जना भएपनि लोकगीतमा सौन्दर्य पक्षको स्थान महत्त्वपूर्ण रहन्छ । लोकगीतमा पनि रसानुभूति, अलङ्कार, आदिलाई नियाल्नु पर्ने हुन्छ ।

## ५.३.१ रसानुभूति

काव्य पढ्दा, सुन्दा, अभिनय गर्दा जुन किसिमको आनन्द आउँछ वा रमाइलो अनुभव हुन्छ त्यही नै रस हो । साहित्यमा अनुभूतिजन्य भावात्मक अभिव्यक्तिमा जुन सारतत्त्व हुन्छ त्यो हृदयलाई अल्लादित पार्ने रूपमा आस्वाद्य बन्छ भने त्यसलाई रसको संज्ञा दिइन्छ ।[३०] पूर्वीय साहित्यमा रसकोबारेमा आचार्यहरूद्वारा धेरै चर्चा गरेको पाइन्छ । रसलाई काव्यको आत्माकोरूपमा स्वीकार गर्दै रस विना कुनै पनि भावको प्रर्वतन हुदैन भनी भरतले आफ्नो मत रस के हो भन्ने सवालमा प्रस्तुत गरेको पाइन्छ । विश्वनाथले रसात्मक वाक्य काव्य हो भनेका छन् । अभिनव गुप्तले रसले गर्दा  नै काव्यमा जीवन आउछ भनेका छन् । हामीले खाने कुरामा गुलियो, पिरो टरो, अमिलो, तितो स्वाद पाए जस्तै काव्यमा श्रृङ्गार, हास्य, वीर, शान्त, करुण आदि स्वाद दिने रसहरूको अनिभूति हुने गर्दछ । लोकगीतको रस निष्पति काव्य शास्त्रका अनुरूप भनएर जीवनका अनुरूप हुन्छ । गायकको गीत सुनेर श्रोताले गायकको मनोदशाको अनुभव गर्न सक्दछ । यसरी लोकगायकको स्वरमा पनि उद्दीपन शक्ति हुन्छ, जसको शब्द र भावमा नै रस परिपाक भएर स्वभावतः रसको अभिव्यक्ति हुन जान्छ । गायकको गीतका भावमा श्रोतालाई रुवाउन, हसाउन सक्ने क्षमता रहेको हुन्छ । यसरी लोकजीवनका प्रत्येक क्षणमा गाइने गीतहरूलाई रसले आस्वाद्य बनाएको हुन्छ । मानिसको हृदयमा स्थित रति, शोक, उत्साह, क्रोध आदि स्थायी भाव हुन्छ । तिनलाई उद्दीप्त गराउने विभाव, अनुभाव, सञ्चारी भाव द्वारा अभिव्यक्त भएर गीतमा रसको स्वरूप आउदछ । यस क्षेत्रका लोकगीतहरूमा विशेष श्रृङ्गार, करुण, वीर, हास्य र शान्त रसको प्रधानता रहेको छ ।

### ५.३.१.१ करुण रस

करुण रसमा शोक स्थायी भाव हो । मानवीय मनको चाहना बमोजिम हुन नसक्दा मनमा आघात पर्दछ । त्यही भावलाई करुण रसबाट अभिव्यक्त गरिन्छ । धेरै जसो लोकगीतमा करुण रसको प्रधानता रहेको हुन्छ । आफ्नो प्रियजनको

[३०] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, २०५७, पृ.५३९ ।

वियोगमा मनमा पीर पर्छ । यसले गर्दा करुण रसको निष्पत्ति हुन्छ । मानिसको मुटु चुँडाउने करुणा बोकेर गीतहरू गुन्जिएका हुन्छन् । प्रायः नारीहरूले गाउने लोकगीतहरू करुण रस प्रधान हुन्छन् । प्रेममा वियोग, विछोड, जीवनका निराशा पोखिँदा करुण रसको निष्पत्ति हुन्छ भने यस्ता गीतहरू सुनेपछि वा गाएपछि मनै पग्लन्छ भने आँखा रसाउँछन् । यस क्षेत्रमा पाइने लोकगीतमा प्रशस्त करुण रसका गीत पाइन्छन् ।

म सँगका साथी सँगी आइ.ए. वि.ए. पढ्दा
खाली वग्यो म चेलीको आँसु झरदा ।
दुःख पायौ हामी चेली अशिक्षित हुँदामा
आधी ज्यान सुकी सक्यो सम्झी रुदामा
दिनले होकी दशाले हो की
रुनु पर्‍यो रुमालले मुख छोपी

### ५.३.१.२ हास्य रस

लोकगीतमा कतै हास्यरसको पुट पाइन्छ भने कतै हास्यको प्रधानता पाइन्छ । गीतहरूमा हाँसो देखाइएको हुँदैन तापनि समाजमा देखिएका विकृति बिसङ्गतिलाई प्रहार गर्दा हास्ने प्रचलन पाइन्छ । मानिसका सबै पीडाहरू भुलाएर आनन्दमय जीवनको अनुभूति हास्यरसले उत्पन्न गराउदछ । शारीरिक, मानसिक, आर्थिक, विकृति वा बिसङ्गतिबाट हास्य रस उत्पन्न हुन्छ ।[३१] हास्य रस प्रधान गीत सुने पछि मानिस नहाँसी रहन सक्दैन । यस क्षेत्रमा हास्य रस प्रधान लोकगीतहरू प्रशस्त पाइन्छन् :

असारै मासको रोपने खेत वग वगी वग्दा
हातको वीउ सकियो केटाले तेरा जगटा आहै ले तेरा जगटा.....
असारे मासको दोपरे घाम केरौका बिरम्ला
हामरा पछि ठिगोरे दाइका सुकेका पिरम्ला, आहै, सुकेका पिरम्ला

डाक्टरको सुई भाच्यो
राजा बोलाइ देउ
राजाको कट्टु खस्यो

---

[३१] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त** (काठमाडौंः ते.स. साझा प्रकाशन २०५५) पृ.५९ ।

रानी बोलाइ देउ
रानीको साडी खस्यो
ताली बजाइ देउ

हुक्का चिलिम वारीमा, पर्लास केटा जारीमा,
जारी तिर्ने मन छैन, एउटा पैसा धन छैन ।

### ५.३.१.३ शृङ्गार रस

परस्पर अनुरागमा बाँधिएका नायक, नायिकाको एक अर्काको प्रेमको वर्णन भएका गीतहरूमा श्रङ्गाररस हुन्छ । प्रेम वा रति रागात्मक सौन्दर्यको प्रस्फुटन हुने अभिव्यक्ति नै श्रृंङ्गार रस हो । लोकगीतमा प्रेम झल्कने हुँदा तिनमा श्रङ्गाररसको निकै प्रयोग भएको पाइन्छ । श्रङ्गाररसको स्थायी भाव रति हुने गर्दछ । शौन्दर्य वोधक रूपमा गरिने,रूप , रस, शब्द, स्पर्शको विषयक श्रृंगारको रूपमा आउँछन् । सुन्दर रूप रङ्गमा मोहित नहुने लोकजीवन नै छैन, मिलन, र विछोड दुवै श्रङ्गाररसमा समान स्थान रहेको पाइन्छ । यस क्षेत्रमा पाइने लोकगीतमा संयोग र विप्रलम्भ गरी दुवै भेद पाइन्छ :

**क) संयोग**

गाईको किलो मायालु गोठैमा ठाकेको,
के गरी बिर्सु मायालु ओठैमा टोकेको ।
टाढाको माया मायालु सम्झना गाठो छ
तिमीले टोकेको मायालु गालामा टाटो छ ।
स्वामीको काख हुन्छ नि राजै हेरन सँगी हो घाम जन्तिको
कल्पना गरे, मनमा लिए, आमाको काख नि हुन्न यत्तिको

**ख) विप्रलम्भ शृङ्गार**

माया हाँसेको बोलेको
आउँछ याद काखमा खेलेको,
ज्वालो बोल्छ यो छाती भित्र
तिम्रो याद आइरन्छ बिचित्र
यो मनमा पर्‍योनी ठुलो चोट

माया हाम्रो कैलेमा होला भेट
दिनता काटेने रैछ साथी सँग बोलेर
रात विताउ को सँग यो मन खोलेर

### ५.३.१.४ वीस रस

लोकसमाजमा परम्पराको असहमती, युद्ध, वीरता एवं साहससँग सम्वद्ध गीतहरू वीर रस युक्त हुन्छन् । शत्रुको हाँकलाई हटाउन अथवा धर्ममा प्रवृत्त हुनका लागि हाम्रा मनमा एक किसिमको उत्साह र फूर्ति जागेर आउँछ, यसबाट वीर रसको उदय हुन्छ । उत्साह नै वीर रसको स्थायी भाव हो ।[३२] उत्साह हुने गीत नै वीर रस युक्त गीत हुन । योद्धाहरूको आकृति, भेषभुषा, साहस आदिको वा युद्धको वर्णन हुँदा वीर रस प्रभाहित हुन्छ । यस क्षेत्रमा गाइने गीतमा वीर रस भएका गीतहरू पनि पाइन्छन् :-

ईन्दु विन्दु रञ्जनमा , हाम्रा वाबा पल्टनमा
सेतो डण्डी पड्काउछन्, कालो डण्डी उज्याउँछन्
बैरी जती तर्साउछन्, खुकुरी तरवार बर्साउछन्
पहिलो आरती जयराम भूपति माला
काली नाग नापी ल्याउला कृष्ण गुहारी,
आरतीकी जय राजा राम चन्द्रकी जय ।

### ५.३.१.५ शान्त रस

समना रूपी संसारिक विषयहरू क्षण भंगुर छन् । संसारको अनित्यता निःसारताको वोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तबृत्ति शान्त रस हो ।[३३] लोकगीतमा शान्त रसले ठुलो भूमिका खेलेको हुन्छ । नेपाली धार्मिक जीवनमा ईश्वरको आरधना, भजन, भागवत, रामायण, कृष्ण लीला आदिका धार्मिक श्लोक र गीतमा शान्त रसको प्रयोग देख्न सकिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा शान्त रस पनि पाइन्छ ।

जय देवी गोरखनाथ है
जय देवी दर्शन देउ भवानी
जय देवी अम्विका जय देवी

---

[३२] हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त ते.सं.** (काठमाडौं : साझा प्रकाशन २०४३) पृ.४३ ।

[३३] केशव प्रसाद उपाध्याय, **पूर्ववत्** पृ.६२ ।

जय देवी भैरवी जय देवी
चवै दिशा वारीपारी हो राम माझै झरिन गंगा
सुवर्णको फुलपाती नारायणको अंग
मनबाट ल्यउला राम वर्णको वर्म देवता

### ५.३.२ अलङ्कार विन्यास

अलङ्कार साहित्यको सौन्दर्य वा शोभा हो । साहित्य भावनालाई अझै सुन्दर पार्नका लागि विभिन्न किसिमका अलङ्कारको प्रयोग गरिन्छ । लोकगायकहरू सम्पूर्ण शिक्षित तथा बौदि्धक नहुने हुँदा कवितामा जस्तै आलङ्कारिक योजना हुँदैन । लोकगीतमा शिष्ट साहित्यमा जस्तै सचेत रूपमा अलङ्कारको प्रयोग नगरिएको भए पनि स्वत र सहज रूपमा अलङ्कारको प्रयोग भएको पाइन्छ । यहाँका लोकगीतमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग पाइन्छ । शब्दालङ्कारको सांगीतिक माधुर्यता बढाउछ भने अर्थालङ्कार विम्वको प्रस्तुतिद्वारा भावलाई दर्शाउछ ।

#### ५.३.२.१ शब्दालङ्कार

जसले शब्दका माध्यमद्वारा काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ । काव्यमा शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने वैचित्त्य चमत्कार वा सौन्दर्यशोभालाई शब्दालङ्कार भनिन्छ ।[३४] यसका अनेक भेद भएर पनि यस क्षेत्रका लोकगीतमा पाइने मुख्यतया अनुप्रास र श्लेष अलङ्कार मात्र चर्चा गरिएको छ ।

**क) अनुप्रास**

यस क्षेत्रका लोकगीतमा पद विन्यासमा अन्त्यानुप्रास प्रायः सबै लोकगीतमा मिलेको देखिन्छ भने कतै आदि र मध्य अनुप्रासको पनि संयोजन भएको देखिन्छ । सरल, सहज र स्वतस्फूर्त रूपमा आउने चमत्कार जसले लोकगीतको शोभा बढाएको हुन्छ ।

गेरु भनि लिए मैन रैच रातो माटो
कतैबाट पाइन मैले मन वुझाउने बाटो
..........................................................

[३४] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य समालोचना प्रमुख मान्यता, बाद र प्रणाली** (काठमाडौं साझा प्रकाशन, २०५४) पृ ११३ ।

सरर फर्काइदेउ नदि, फरर फर्काइदेउ पिरती

.....................................................

हैन हजु सनको गजुर चाँदी मिसाएको

मैले भन्ने आफ्नो मान्छे किन रिसाएको

**ख) श्लेष**

एउटै श्लीष्ट पदबाट अनेक अर्थ निस्केको शब्द श्लेष अलङ्कार हुन्छ । यसमा कही सिँगो शब्दबाट अनेकअर्थ निस्कन्छ र कही शब्दको एक भागबाट अर्थ निस्कन्छ ।[३५] यस क्षेत्रका लोकगीतहरूमा श्लेष अलङ्कारको प्रयोग भएको पाइन्छ ।

मायालु पिरती गाँसौ, देवचुली र वरचुली भै वसौ

भदौ रे घाम लायो नि राजै हेरन सङ्गी हो सालु पातैमा,

बाबा नि छोडें आमा नि छोडे छोड्छिन रामला जान्छु साथैमा

**५.३.२.२ अर्थालङ्कार**

व्युत्पत्तिद्वारा अर्थलाई विभूषित तुल्याउने अलङ्कार नै अर्थालङ्कार हो । शब्दहरूको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ ।[३६] यस क्षेत्रमा प्रचलित लोकगीतमा प्राप्त हुने निम्न अलङ्कार छन् :-

**क) उपमा**

उपमाको शव्दिक अर्थ नजिकै राखेर त्यसमा समानता देखाउनु हो । उपमेय र उपमानका बिच रूप, गुण क्रिया, आदिको समानता देखाएमा उपमा अलङ्कार हुन्छ ।[३७] यस क्षेत्रका लोकगीतमा उपमा अलङ्कारको प्रयोग प्रशस्त मात्रामा भएको पाइन्छ ।

रुन्छ मन वनको नेउली झैं

तिम्रो पीरले ज्यान भयो सेउली झैं

---

[३५] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त दो.स.** (काठमाडौं: साझा प्रकाशन, २०५८) पृ १२६ ।

[३६] इश्वरकुमार श्रेष्ठ, **पूर्ववत्**, पृ. ११३ ।

[३७] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. १२८ ।

दैलीमा छोटो खिल, फूलमा मौरी वसे झै बस्यो दिल ।

..............................................

कहिले यो मन वगेको गंगा झै

कहिले यो मन उडेको चंगा झै

**ख) रूपक**

उपमेय र उपमानको निषेधरहित आरोपलाई रूपक अलङ्कार भनिन्छ । रूपको आरोप गर्नु रूपक हो । रूपक अलङ्कारमा एउटा पदार्थमा अन्य पदार्थको आरोप लगाएर दुवैमा एकरूपता स्थापना गरिन्छ ।[३८] उपमेयमा उपमाको आरोप नै रूपक हो । यस क्षेत्रका लोकगीतमा रूपक अलङ्कार पाइन्छ ।

कहिले होला भेट, जुनको र घामको सीताको र रामको ।

संझे संसार आफन्त सबै हुन्

मेरी माया पूर्णको जून हुन् ।

**ग) स्वाभावोक्ति**

कुनै बस्तु वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावेक्ति अलङ्कार हुन्छ ।[३९] यसको उदाहरण

इश्मापारी देखिन्छ कालो वन

कसो गरी बुझाउने रुनी मन ।

कति वसौ आफै नै रोएर

जान्न रैछ आँसुले धोएर

उहिले बाजेका पालामा, ठुला बोका झक्कले

रैचौ साह्रै नक्कले ।

**घ) प्रश्नालङ्कार**

यस क्षेत्रका कतिपय लोकगीतमा प्रश्नालङ्कार भेटिन्छ । आफुलाई आफै प्रश्न गरेर मन बुझाउने उपाय गरिन्छ भने अर्को सँग उत्तरको आशा राखेर पनि प्रश्नालङ्कारको प्रयोग भएको हुन्छ ।

---

[३८] कृष्ण विलास पौडेल, **साहित्य यात्रा नेपाली समालोचना**, (का.: नविन प्रकाशन, २०५८) पृ ६९ ।

[३९] केशवप्रसाद उपाध्याय, **पूर्ववत्**, पृ. १४० ।

लाग्छ मला कां देखुँ काँ भेटुँ ?
यो मनको तिर्सना काँ मेटु ?

### ङ) उत्प्रेक्षा अलङ्कार

उत्प्रेक्षा संभावना र कल्पनाको वाचक शब्द हो । यसमा उत्कृष्ट रूपमा अप्रस्तुत (उपमान) लाई प्रस्तुत वा देखिएको वर्णन गरिन्छ । प्रस्तुतमा अप्रस्तुतको सम्भावनालाई उत्प्रेक्षा भनिन्छ । यस क्षेत्रका लोकगीतमा उत्प्रेक्षा अलङ्कार पाइन्छ ।

दुई खोली छलछली
तिम्रै मुहार देख्छु झलझली
आश थियो शहरमा वसने
कर्म रैछ खरानी घसने

नजर लाउत डाडाले छेक्छ कहाँ गइ हेरु, धरै फेरे घडेरी फेरे करीम कहाँ गई फेरु,

### च) अतिशयोक्ती

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोक प्रसिद्ध उक्तिलाई उछिन्दै बढाईचढाई कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति हो यसमा सामान्य कुरालाई असमान्य रूपमा प्रस्तुत गरिएको हुन्छ । यस क्षेत्रका लोकगीतमा यस्तो अलङ्कारको प्रयोग ठाउँ ठाउँमा पाइन्छ ।

लप लप लप्कनी खरवारीको खर,
दाजु जस्ता जेठाजु दरिवारे घर,
..........................................
सुनको वगाली चाँदीको तगाली,
त्यै हो तिम्रो रामकला दिदीको घर ।

### ५.४ संरचना

लोकजीवनका अनुभूतिलाई सरस, सहज, सुकोमल अभिव्यक्ति जहाँ मानवीय जीवनका उतार चढाव हाँसो खुशी, जीवनका रोदन र दुःखलाई गीतको माध्यमबाट प्रस्तुत गरिने अभिव्यक्ति नै लोकगीत हो । विधागत अध्ययनमा कविता विधासँग नजिक रहेको ठानिने लोकगीत कविता विधा जस्तो आन्तरिक र

बाह्य संरचनामा देखिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरू विभिन्न प्रकारका देखिएकाले बाहय संरचना र आन्तरिक भाव बेग्लाबेग्लै किसिमको देखिन्छ । लोकगीतको निर्माण हुन चरणको संयोजन भएको हुनुपर्दछ । चरण भन्नाले लोकगीतमा रहने पङ्क्ति, पाउ वा हार बुझिन्छ । यस क्षेत्रमा पाइने केही लोकगीतमा अक्षर सङ्ख्या समान देखिए पनि अधिकांश लोकगीतमा अक्षर सङ्ख्या प्रत्येक पङ्क्तिमा एकनास पाइदैन, गीतमा प्रत्येक पङ्क्तिको वीचमा विश्राम हुन्छ भने कुनै कुनै गीतमा समानान्तरजस्तो देखिन्छ । विश्राम केही खास खास अडानका रूपमा हुन्छ त्यस भित्र पनि स-साना लय विश्राम हुन्छ । लोकगीत विशेष गरेर स्वाभाविक अनुभूति जन्य र उन्मुक्त हुने हुँदा शास्त्रीय बन्धन नरहे पनि संरचनागत वैशिष्ट्यता रहेको देखिन्छ । खास खास अवस्थामा कतिपय अंश तान्ने, तन्काउने गरेको पाइन्छ । प्रस्तुत लोकगीतका पङ्क्तिबाट अक्षर सङ्ख्या र विश्रामलाई हेर्न सकिन्छ :-

अक्षर सङ्ख्या र विश्राम

३+२ ३+२ ३+३ = १६
रिमि र झिमि पानी पर्‍यो असाारे सिमीला
पहिलो वाली सुनाम्तो हजुर् कालिका देवीला

२+२ ३+१
हाम्रा सँगी देउसी रे
जम्मा जम्मी देउसी रे
भए नौर देउसी रे

२ + २ + ३ २ + २ + ३ २ + २ + ३
पारी वन् पालेमा, ठुलो रुख सल्लै हो, भेट भएको बल्लै हो
२ + २ + ३ २ + २ + ३ २ + २ + ३
हुने थियो भेट, वेसि मकै छरेता, आउने जाने गरेता

२+२ २+२
इन्दु विन्दु रञ्जनमा
हाम्रा वावा पल्टनमा

२ + २ + ३ २ + ३
तिरिपास खरर, भैमा हरर
२ + २ + ३ २ + ३
छोरी माग्ने कोलीया, अगी सरर

लोकगीत सृजना गर्दा अनुच्छेद युक्त हुन्छ । एक समुहमा आउने टुक्रा वा दफा नै अनुच्छेद हो । एक प्रबाह वा श्रेणीमा प्रवाहित हुने क्रममा प्रस्तुत गीत गुच्छा जहाँ सँगीत श्रृंखलित एवं लयात्मक रूपमा एकै प्रबाहमा प्रवाहित हुने गीति श्रेणी नै अनुच्छेद हो । यस क्षेत्रका लोकगीत अध्ययन गर्दा द्विवपदी चरणका एक एक अनुच्छेद भएका गीतहरू बढी मात्रामा रहेको देखिन्छ  भने लयात्मक प्रबाह लिने क्रममा तिन, चार पाँच आदि धेरै पंक्ति सम्म रहेका अनुच्छेद प्रचलनमा रहेको पाइन्छ ।

**दुई पङ्क्तिका अनुच्छेद**

असारे भास जोतेको हलो फालीमा खै लाग्यो,

हजुरलाई भनी गाँसेको माला हातैमा ओइलायो ।

मायासित हाँसेको बोलेको, आउँछ याद काखमा खेलेको

**तिन पङ्क्तिका अनुच्छेद**

बाबै र ज्यूका गैरी खेतमा ढुकुर लुक्ने बिऊ

मायाको हातमा दुई थुँगा फुल एक थुँगा मलाई देऊ

केला हो हजुर एक थुँगा मात्र सम्पूर्ण लैजाऊ जीऊ

**चार पङ्क्तिका अनुच्छेद**

है रेलीमै केरा घारी केरे

केरे रेलीमै ढल्यो खम

हाड रेलीमै लाम्ला माया गाम्ला गीत

गीत रेलीमै नमरुन्जेल सम्म

**पाँच पङ्क्तिका अनुच्छेद**

पारीबाट झल्ला भिरे आयो बरिलै

माना भरी सिन्दुर पोटे ल्यायो बरिलै

मैले लाउने छैन बरिलै

माइली बैनी पैरीलिन वावा बरिलै

नलाइ तिमीले हुदैन छोरी बरिलै

## ५.५ भाषा शैली

सार्थक मनका भाव वा बिचारलाई अरू छेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूहलाई भाषा भनिन्छ ।[४०] भाषाले भावलाई गतिशील जीवन्त बनाउने काम गर्दछ । भाषिक अभिव्यक्तिमा शैली भन्नाले प्रस्तुत ढाँचा वा तरिका भन्ने बुझिन्छ । भाषा कृतिम वा बनावटी नभएर सहज स्वाभाविक ढंगको देखिन्छ। व्याकरणिक नियम भन्दा लोक हृदय सित बढी सामिप्यता भएको भाषा शैलीनै यहाँका लोकगीतमा प्रयोग भएको पाइन्छ । लोकगीतमा जस्तो भाषा प्रयोग हुन्छ , त्यो त्यहीं समाजको उपज हो । यस क्षेत्रको लोकगीतको भाषा शब्द शक्तिका हिसावले अभिधा शब्दशक्ति देखिन्छ । एक दुइ ठाउँमा भने लक्षणा र व्यञ्जन शक्तिको पनि प्रयोग पाइन्छ । यस क्षेत्रमा गाइने गीतमा सालसिरी, खाँडो आदीमा संस्कृत र हिन्दी शब्दको प्रयोग बढी भएको पाइन्छ । जनजीवनमा बढि प्रचलनमा आएका स्कुल, डाक्टर, अटोमेटिक आदि शब्दहरू अङ्ग्रेजीबाट आएको देखिन्छ ।

दिन्चेस भने लेन छिटो कति हुन्चेस सुरी

दिन्नेस भने हानी दिन्चु अटोमेटिक छुरी

मान्छेको उमेर अवस्था अनुसार पनि भाषाको प्रयोग भएको पनि यस क्षेत्रमा पाइन्छ । बागगीतमा बालवोलीको प्रचुरता पाइन्छ ।

चिं मुसी ची ची, तेरो दाई मेरो दाइ माछा मार्न गएका छन्

तँलाई झोलै झोल मलाइ झाम्टै झाम्टा भत्ले भत्ले

लोकगीतमा लोकजीवनका उकाली ओरालीलाई टपक्कै टिपेर जस्ताको तस्तै प्रस्तुत गरिने भएको हुँदा यस क्षेत्रका लोगगीतहरूमा कथ्य भाषाको प्रयोग व्यापक मात्रामा भएको पाइन्छ । जस्तै भगुमान (भगवान) धन्ये (धन्य) लछुमन (लक्ष्मण) गरिप (गरिब) रुन्च (रुन्छ) जस्ता अनेक कथ्य शब्दको प्रयोग भएको पाइन्छ । सलल, फरर, ह्वास्स, टिनिन, वरर जस्ता प्रशस्त अनुकरणात्मक शब्दहरूका प्रचलित रहेको पाइन्छ । मायालु, निष्ठुरी, साइला, साइली, बैगुनी, माया हजुर जस्ता सम्वोधन शब्दको प्रयोग भएको पाइन्छ ।

होला बरै साइली खोलाझरे गाई

गाई किन झरे हो पानी खानलाई

[४०] बालकृष्ण पोखरेल र अन्य (सम्पा) **पूर्ववत्**, पृ. १०११ ।

यहाँको लोकगीतमा प्रयोग हुने रहनी वा थेगोले गीतलाइ थप आकर्षण वृद्धि गरेको पाइन्छ । हेलावरै, रेलिमै, नौरगें डाँफे, सालैजो, मायालु, वरिलै जस्ता थेगोहरूले गीतलाई ज्यादै आकर्षण बढाएको पाइन्छ । यस क्षेत्रका लोकगीतमा अक्षरको लोप हुने र फेरीने पनि गरेको पाइन्छ । जस्तै झेन (झान्नु), खम ( खम्बा), गाम्ला (गाउँला) आदि ।

त्यसै गरी यहाँका लोकगीतमा निपातको प्रयोग पनि ठाउँ ठाउँमा भएको पाइन्छ । निपातले गर्दा गीतको अभिव्यक्तीमा निखारता र चमकता बढेको अनुमान गर्न सकिन्छ । यहाँ प्रचलित लोकगीतको प्रस्तुतीकरणमा स्रष्टाले विभिन्न किसिमको शैली अंगालेको पाइन्छ । कतिपय गीतमा गायकले एकालापीय कथन पद्धतिद्वारा आफ्ना अभिव्यक्ति पोखेको हुन्छ ।

सपनीमा झलझली देखेको

रुनमात्र रैछ नी लेखेको

दोहोरी गीतमा संवादात्मक शैली रहेको हुन्छ । यस्ता गीतमा प्रश्नात्मक शैली ज्यादा भटिन्छ।

केटि- हे कैले होला त्यो दिन आउने, त्यो हातले यो सिउँदो रंगाउने।

केटा- हे लगन हेरी म ठिक्क परि, सिन्दुर राख्न आउने छु क्यै गरी ।

रत्यौली, भजन आदीमा नाटकीय शैली पाइन्छ ।

यस प्रकार यहाँका लोकगीतमा सहज,सरल र स्वाभाविक रूपमा भाषाको प्रयोग भएको पाइन्छ । लोकगीतको भाषाले गहन बिचारलाई भन्दा लोकजीवनका कोमल भावनालाई भने सक्षम रूपमा अभिव्यक्त गरेको हुन्छ ।

# परिच्छेद - छ

# उपसंहार

लोकसाहित्यको प्रमुख अमूल्य विधाको रूपमा परिचित लोकगीतको अध्ययन क्रममा 'दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन' मा यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय देखि समस्या, उदेश्य, औचित्य, सीमांकन, शोधविधि, रूपरेखा आदिको सामान्य परिचय दिइएको छ । 'यस शोधपत्रको परिच्छेद दुईमा दैलेख जिल्लाको सामान्य परिचय दिने क्रममा दैलेख जिल्लाको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक स्थिति, सामाजिक, आर्थिक, प्रशासनिक, धार्मिक परम्परा, चाडपर्व, रहनसहन, पेसा आदिको बारेमा जानकारी दिने प्रयास गरिएको छ ।

परिच्छेद तिनमा लोकगीतको सैद्धान्तिक परिचय दिने क्रममा लोक साहित्य र नेपाली लोकगीतको परिभाषा दिइएको छ । लोकगीतको एतिहासिकता, लोकगीतको स्वरूप, विशेषेता, महत्त्व, बर्गीकरण र नेपाली लोकगीतको अध्ययन परम्परा आदिको चर्चा गरिएको छ । यस शोधपत्रको परिच्छेद चारमा दैलेख जिल्लाका पशि्चम उत्तर क्षेत्रको लोकगीतको सङ्कलन  र बर्गीकरण गरिएको छ । हावापानीमा आउने परिवर्तन र त्यसले दैलेखको उत्तरपश्चिम क्षेत्रमा पारेको प्रभावलाई ऋतुकालीन कर्म गीतमा समेटिएको छ । सामाजिक तथा धार्मिक महत्त्वलाई बोकेर लोकजीवनको प्रचलनमा रहेको चाडपर्वमा गाइने गीतलाई पर्व गीतमा प्रस्तुत गरिएको छ । मेलापात, वनपाखा, पखेरामा गुञ्जिने गीतहरू जुन वर्षैभरी जुनसुकै समयमा जहाँ पनि गाउन सकिन्छ, यस्ता गीतहरूलाई बाह्रमासे गीतमा समावेश गरिएको छ । हाम्रो परम्परा सामाजिक मूल्य मान्यतालाई बोकेर ल्याएको हाम्रो संस्कार र त्यस अवसरमा गाइने गीतलाई संस्कारगीतअन्तर्गत समावेश गरिएको छ ।

यस प्रकार दैलेख जिल्लाको पशि्चम उत्तर क्षेत्रलाई ऋतुकालीन कर्मगीत, पर्वगीत, बाह्रमासे गीत र संस्कार गीत गरि चार बर्ग समेटएको छ । कर्म गीतमा असारेगीत आदी यस क्षेत्रमा प्रचलनमा रहेको पाइन्छ । पर्वगीत अन्तर्गत तिजगीत मालासिरी, भजनकीर्तन, भैलो, देउसी, देवाली, फागु आदी यस क्षेत्रमा प्रचलित चाडपर्वहरूमा  गाइने गीतमा पर्दछन् । बाह्रमासे गीत अन्तर्गत बाह्रमासा, झ्याउरे, घाँसे, गाइने गीत, भजनकीर्तन धामी सम्बन्धी गीत, बालगीत, रोइला, ख्याली,

गौडे आदी गीत प्रचलनमा रहेको देखिन्छ । संस्कार गीत अन्तर्गत विबाह सिलोक, रत्यौली, माहाल, खाँडो गीतहरू प्रचलनमा रहेको पाइन्छ ।

मानवीय जीवनका सम्पूर्ण पक्षलाई चट्ट छुन सफल यस क्षेत्रका लोकगीतहरू गाइने आ-आफ्नै किसिमको तरिकाहरू छन् । कतिपय लोकगीत आख्यानसहितका छन् भने कतिपय लोकगीत आख्यानरहितका छन् । कुनै कुनै गीतहरू पुरुषले मात्र गाउँछन् भने कुनै लोकगीतहरू महिलाले मात्र गाउछन् । आख्यानसहित गीतमा भजनकीर्तन, देउँसी, भैलोलाई लिन सकिन्छ भने आख्यानरहितमा चुड्का, झ्याउरे, घाँसे आदिलाई लिन सकिन्छ । पुरुषले मात्र गाउने गीतमा मालासिरी, भैलो गीत पर्दछन् भने महिलाले मात्र गाउने गीतमा तिज, रत्यौली आदि पर्दछन् । कुनै गीत युगल र कुनै सामूहिक रूपमा गाउने प्रचलन छ । दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्रका लोकगीतमा सुख-दःख, मिलन-विछोड, विरह व्यथा, हाँसो-आँसु, असन्तुष्टि र नारीहरूको विवशता, प्रकृतिको चित्रण, जीवनका उतारचढावहरू जीवनका तिता-मिठा अनुभूतिहरूलाई विषयवस्तु बनाएर गीत गाइएको पाइन्छ । लाकजीवनको ढुकढुकी, जीवनको सुख दुःखको मर्मलाई विषय वस्तु बनाएर गीतगाएको देखिन्छ । यसप्रकार यस क्षेत्रका लोकगीतमा यसै समाजको भावभूमि प्रस्तुत गरेको पाइन्छ ।

यस शोधपत्रको परिच्छेद पाँचमा यहाँ प्रचलित लोकगीतको अध्ययन विश्लेषण गरिएको छ । मानवीय जीवनको समाजसँग भएको सम्बन्ध मानव जीवनलाई आर्थिक परिवेशले पारेको उल्झन, प्राकृतिक परिवेशले समेटेको सन्निकट्ता सबैलाई लोकगीतहरूमा प्रस्तुत गरेको पाइन्छ । समाजका विद्यमान, माया, ममता, संयोग बियोग सुख दुःख को सजिव चित्रण लोकगीतमा गरिएको हुन्छ । यस क्षेत्रका लोकगीतहरूमा सांस्कृतिक जीवनको चित्रण, आर्थिक जीवनको चित्रण र सामाजिक जीवनको चित्रण गरिएको छ ।

यस क्षेत्रका लोकगीतहरू शास्त्रीयबन्धनबाट मुक्त रहेर मौलिकतामा सजिएका भए तापनि काव्यात्मकता भने प्रशस्त पाइन्छ । कुनै योजना नबनाई सिर्जना भएका भए पनि सहज स्वस्फूर्त रूपमा विम्व प्रतीक भाव व्यञ्जन, अलंकारहरू र रसानुतिमा यस क्षेत्रमा लोकगीतहरू सिँगारिएर सुसज्जित भएको पाइन्छ ।

संरचनाका दृष्टिकोणले हेर्ने हो भने यहाँका लोकगीतहरू एकपाउमा दुई तिन अक्षरदेखि लिएर बिस बाइस अक्षरसम्म रहेको पाइन्छ । त्यस्तै अनुच्छेद

निर्माणमा दुई पङ्क्ति, तिन पङ्क्ति देखि छ, सात पङ्क्तिसम्मको अनुच्छेदमा निर्माण भएको   देखिन्छ । भाषिक दृष्टिकोणले यस क्षेत्रका लोकगीतहरूमा नेपाली राष्ट्र भाषा र भाषिकाको प्रयोग भएको देखिन्छ । लेख्य भाषा भन्दा कथ्य भाषाको प्रयोग बढी भएको देखिन्छ । गायनका समयमा कतिपय शब्दका अक्षर समेत लोप हुने गर्दछन ।

निचोडमा भन्दा प्रायः गाउले जनजीवनमा हुर्केको व्यक्तिको अर्न्तहृदयमा उसले भोगेको, जीवनबाट ग्रहण गरी सुषुप्त अवस्थामा रहेको भावलाई साधारण बोलीचालीको शैली भन्दा केही फरक ढंगले व्यक्त गरिने लयात्मक झंकार नै लोकगीत हो । नितान्त ग्रामीण भेकका वासिन्दाले आफ्ना मनमा उब्जेका मनोभावलाई लयवद्ध रूपमा व्यक्त गरिने गीत नै लोकगीत हो । यसमा मानिसका सुख दुःख, हाँसो-आँसु, मिलन-विछोड उमंग उत्साह आदि भाव प्रकट भएका हुन्छन् । सबै मानिसले आ-आफ्नै प्रकारले गुनगुनाउने यस्ता लोकगीतको व्यापकता सर्वाधिक रहेको छ र कालान्तरसम्म पनि रहिरहने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

प्रस्तुत अध्ययनपत्र नै लोकगीतको सम्पूर्ण अध्ययन होइन । यस अध्ययनमा केवल दैलेख जिल्लाको उत्तरपश्चिम क्षेत्र जुन जिल्लाको ३ नम्बर क्षेत्रमा पर्ने २८ गा.वि.स. लाई केन्द्र विन्दु बनाइएको छ । त्यस्तै अरूक्षेत्रको अध्ययन गर्न बाँकी नै छ । दैलेख जिल्लाको लोकगीतको अध्ययन गर्ने क्रममा निम्न समस्या अध्ययन गर्न सकिन्छ ।

१) दैलेख जिल्ला अन्तर्गत अन्य क्षेत्रका लोकगीतको अध्ययन

२) दैलेख जिल्लाका लोकगीतमा काव्यतत्त्व

३) दैलेख जिल्लाका लोकगीतको लोकनृत्यसँग सम्बन्ध

# सन्दर्भग्रन्थसूची

(क) **सन्दर्भ पुस्तक सूची**


अधिकारी हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, ते.सं. काठमाडौः साझा प्रकाशन, २०४३ ।

आचार्य, गोबिन्द, **लोकगीतको विश्लेषण** काठमाडौः पैरवी प्रकाशन, २०६२ ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त** दो. स. , काठमाडौः साझा प्रकाशन, २०५८ ।

उपाध्याय, कृष्णदेव (डा.), **लोकसाहित्यको भूमिका** प्रयागः साहित्य भवन लि., ई. १९५७ ।

जोशी, सत्यमोहन, **हाम्रो लोक संस्कृति**, काठमाडौः रत्नपुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज, **गण्डकीका सुसेली**, काठमाडौ : ने.रा.प्र.प्र., २०३० ।

कुञ्जिनी, वर्ष ५, अंक, ३, २०५४ ।

पन्त, कालीभक्त, **हाम्रो सांस्कृतिक इतिहास**, स्याङजा, लेखक स्वयम् २०४३ ।

परमार, श्याम, **भारतीय लोकसाहित्य**, दिल्लीः राजकमल प्रकाशन लि.,ई. १९४५ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौः वीणा प्रकाशन, २०५७ ।

पराजुली, मोतीलाल, **लोकगीतको संरचना**, (कुञ्जिनी ११ः ८), २०६० ।

पोखरेल, वालकृष्ण र अन्य (सम्पा), **नेपाली बृहत् शब्दकोश**, काठमाडौः ने.रा.प्र.प्र., २०५८ ।

पौडेल, कष्ण विलास, **साहित्य यात्रा नेपाली समालोचना**, काठमाडौः नवीन प्रकाशन, २०५८ ।

वन्धु, चूडामणि, **हाम्रो लोकसाहित्य**, काठमाडौः एकता बुक्स, २०५८ ।

वर्मा, धिरेन्द्र, **हिन्दी साहित्यकोश, भाग-१**, वाणारासी ज्ञान मण्डल लि., ई. १९२० ।

वराल, ईश्वर र अन्य (सम्पा), **नेपाली साहित्य कोश**, काठमाडौः ने.रा.प्र.प्र., २०५५ ।

तिमिल्सिना, हरिप्रसाद, **केही टिप्पणी केही समालोचना**, समालोचना सङ्ग्रह, नेपालगन्ज : भेरी साहित्य समाज, २०६८ ।

श्रेष्ठ, इश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य समालोचना प्रमुख मान्यता, वाद र प्रणाली**, काठमाडौः साझा प्रकाशन, २०५४ ।

सत्येन्द्र (डा.), **लोकसाहित्य विज्ञान**, आगराः शिवलाल एण्ड कम्पनी, इ. १९७१ ।

सुवेदी, राजाराम (डा.), **दैलेख जिल्लाको ऐतिहासिक झलक**, दैलेख, किरण पुस्तकालय, २०५५ ।

लुईंटेल, खगेन्द्रप्रसाद, **नेपाली कविता**, काठमाडौ विद्यार्थी पुस्तक भण्डार, २०५७ ।

### (ख) सन्दर्भ पत्रपत्रिका सूची

**दैलेख जि.वि.स.**, द्वारा प्रकाशित विभिन्न स्रोतहरू ।

**दैलेख दर्पण**, दैलेख जि.वि.स. कार्यालय, वर्ष २, अंक १, २०६८, वर्ष ३, अंक १, २०५९, वर्ष ४, अंक १, २०६० ।

**दीप ज्योति**,  दैलेख, कर्मचारी मिलन केन्द्र, वर्ष १९, २०६० ।

पन्थी, शशी, **हाम्रो पुरुषार्थ**, दैलेख : किरण पुस्तकालय, २०३९

पन्थी, दीन, **लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा** ; दैलेख, किरण पुस्तकालय

पराजुली, कृष्णप्रसाद, **लोक साहित्य**, (मिर्मिरे, वर्ष ३२ अंक ६)